# सिद्ध कुमाख गाउँपालिकाको आवधिक शिक्षा योजना (२०८१ - २०८७)
# दोस्रो संसोधन





सिद्ध कुमाख गाउँपालिका

गाउँकार्यपालिकाको कार्यालय

शिक्षा, युवा तथ खेलकुद शाखा,

ढोरचौर, सल्यान

२०८१

प्रकाशन मिति : २०८१

**संरक्षक**

श्री भरत गिरी, अध्यक्ष
श्री राम बहादुर बस्नेत, उपाध्यक्ष
श्री डिल्ली खड्का, प्रमुख प्रशासकीय अधिकृत

**योजना निर्माण कार्यदल**

संयोजकः श्री खर्कविर रोका, संयोजक, सामाजिक विकास समिति
सदस्यः श्री टेकराज शाही, एलइयू संयोजक, प्रारम्भिक कक्षा सिकाइ कार्यक्रम
सदस्यः श्री भिमलाल भण्डारी, सूचना प्रविधि अधिकृत, सिद्ध कुमाख गा. पा
सदस्य : श्री चेतना थापा, प्रास, सिद्ध कुमाख गा. पा
सदस्यः श्री हुमलाल बुढाथोकी, विद्यालय व्यवस्थापन समिति अध्यक्ष
सदस्य : श्री किशोर लामिछाने, शिक्षक प्रतिनिधी
सदस्य : श्री अर्जुन गिरी, प्रधानाध्यापक
सदस्यः श्री तपेन्द्र वली, वरिष्ट कार्यक्रम सहायक, रूम टु रिड
सदस्य सचिव : श्री प्रतिभा वली, शिक्षा अधिकृत,

**लेखन उप-समिति**

श्री ओपेन्द्र बहादुर रावत, प्रधानाध्यापक, महेन्द्र आदर्श मा. वि
श्री हरिहर बुढाथोकी, प्रधानाध्यापक, सिद्ध मा. वि
श्री मनविर चलाउने, प्रधानाध्यापक, देउराली मा. वि
श्री धर्मराज घर्ती, प्रधानाध्यापक, निराजन मा. वि
श्री सिता रोका, प्रधानाध्यापक, शान्ति सुन्दर मा. वि
श्री प्रदिप खड्का, प्रधानाध्यापक, ने रा मा. वि

**प्राविधिक सहयोय**

यूनिसेफ नेपाल
समाज जागरण केन्द्र (स्याक) नेपाल, वीरेन्द्रनगर सुर्खेत
यूएसएआइडी प्रारम्भिक कक्षा पढाइ कार्यक्रम/किर्डाक नेपाल
रूम टू रिड नेपाल

## दुई शब्द

नेपालको संविधान २०७२ ले व्यवस्था गरेबमोजिम दिगो शान्ति, सुशासन, विकास र समृद्धिको आकाङ्क्षालाई पूरा गर्नका निमित्त शिक्षालाई वैज्ञानिक, प्राविधिक, व्यवसायिक, सीपमूलक, रोजगारमूलक एवंम् जनमुखी बनाउँदै सक्षम, प्रतिस्पर्धी, नैतिक एवंम् राष्ट्रिय हितप्रति समर्पित जनशक्ति तयार गर्न शिक्षा क्षेत्रमा राज्यको लगानी अभिवृद्धि गर्दै शिक्षामा सबैको सहज पहुँच र गुणस्तर सुनिश्चित गरी विद्यालय शिक्षालाई निःशुल्क गराउने राज्यको नीति बमोजिम प्रत्येक नागरिकलाई आधारभूत तहसम्मको शिक्षा अनिवार्य र निःशुल्क तथा माध्यमिक तह सम्मको शिक्षा निःशुल्क पाउने मौलिक हकको व्यवस्था गरिएको छ। नेपालको संविधान २०७२ बमोजिम माध्यमिक तहसम्मको शिक्षामा स्थानीय तहको अधिकार क्षेत्रभित्र रहेको र सोको कार्यन्वयनका लागि स्थानीय सरकार सञ्चालन ऐन २०७४ ले आधारभूत तथा माध्यमिक तहको शिक्षाको २३ वटा अधिकार स्थानीय तहलाई प्रदान गरेको सन्दर्भमा यस सिद्ध कुमाख गाउँपालिकाले पनि " शिक्षित सिद्ध कुमाख : समृद्ध सिद्ध कुमाख" को दीर्घकालीन सोचलाई साकार पार्न २०७८ मा १० वर्षे शिक्षा योजना निर्माण गरी कार्यान्वयन गरिरहेको छ । उक्त योजनाको कार्यान्वयनकै क्रममा सङ्घीय सरकारले १० वर्षे शिक्षा क्षेत्र योजना कार्यान्वयनमा ल्याएको र उक्त योजनसँग तादम्यता मिलाउदै यस गाउँपालिकाले पनि शिक्षा योजना निर्माण र कार्यान्वियन गर्नु पर्ने आवश्यकता महशुस गरी २०८१ मा यस गाउँपालिकाले निर्माण गरेको ०७८-८८ सम्मको १० वर्षे शिक्षा योजनाको समीक्षा र परिमार्जन गरि १० वर्षे शिक्षा योजना २०८१-२०९१ तयार गरि कार्यान्वयनमा ल्याएको छ ।।

सङ्घीय तहमा तयार भएको १० वर्षे शिक्षा क्षेत्र योजनाले स्थानीय तहका सबै शैक्षिक आवश्यकता परिपुर्ति गर्न नसकिने भएकाले सिद्ध कुमाख गाउँपालिकाले नेपालको संविधान २०७२ र स्थानीय सरकार सञ्चालन ऐन २०७४, शिक्षा नीति, १० वर्षे विद्यालय शिक्षा क्षेत्र योजना लगायतमा रहेका व्यवस्थाका आधारमा निःशुल्क तथा अनिवार्य शिक्षाको माध्यमबाट सबैका लागि शिक्षामा समतामूलक पहुँच पुर्याइ सक्षमता र सेवा प्रवाहको अवस्थालाई प्रभावकारी बनाउँदै सबै बालबालिकालाई गुणस्तरीय सिकाइका अवसरहरू प्रदान गर्नका लागि यो शिक्षा योजना निर्माण गरी कार्यान्वयन गरेको छ हाम्रो गाउँपालिकाका शैक्षिक चुनौती र समस्याहरू तथा यहाँका शैक्षिक सवलताहरूका आधारमा विकसित नयाँ-नयाँ प्रविधि र ज्ञान विज्ञानका क्षेत्रलाई समेट्दै सबै बालबालिका, युवा तथा जेष्ठ नागरिकहरूको समेत मौलिक अधिकारको संरक्षण गर्दै उनीहरूलाई सहज वातावरणमा आवश्यकता अनुसार शिक्षा प्रदान गर्नका लागि "समता सहितको जीवनोपयोगी, प्रतिस्पर्धी र प्रविधिमैत्री, रोजगारमूलक जनशक्ति निर्माणमा शैक्षिक पूर्वाधारः शिक्षित र समृद्ध सिद्ध कुमाखको बलियो आधार" भन्ने दीर्घकालिन सोच सहित वि.स. २०८१ देखि २०९१ सम्मको१० वर्षे आवधिक शिक्षा योजना सरोकारवाला सबैको प्रभावकारी सहभागितामा निर्माण गरिएको छ । सिद्ध कुमाख गाउँपालिकाभित्रका शैक्षिक मुद्धा तथा चुनौतिहरूलाई प्राथमिकताका आधारमा समाधान गर्नका निमित्त सङ्घीय र प्रदेश सरकारको समन्वय तथा यस गाउँपालिकाका जनप्रतिनिधि, वडा शिक्षा समिति, प्रधानाध्यापक, शिक्षक, विद्यालयहरू, विद्यालय व्यवस्थापन समिति र अन्य सम्बद्ध शैक्षिक संस्थाहरूसँग छलफल तथा अन्तरक्रिया गरी योजना निर्माणमा प्राथमिकता प्रदान गरिएको छ। यस शिक्षा योजना तर्जुमा प्रक्रियामा सहभागी हुने सबैलाई विशेष आभार प्रकट गर्न चाहन्छु। साथै शिक्षा योजनाको प्रभावकारी र सफल कार्यान्वयनको लागि सबैको सहभागिता र सहयोगको अपेक्षा गरेको छु ।

धन्यवाद ।

भरत गिरी
अध्यक्ष
सिद्ध कुमाख गाउँपालिका

क) भूमिका

शिक्षा मानिसको आधारभूत अधिकार क्षेत्रभित्र पर्दछ । शिक्षा विकासको प्रमुख मेरूदण्ड तथा आधार भएकाले समग्र विकास र परिवर्तमा शिक्षालाई प्रमुख एजेण्डाको रूपमा लिईएको छ । शिक्षाको विकास बिना अन्य विकासहरू असम्भव जस्तो देखिन्छ । परिवर्तित विश्वमा शिक्षा क्षेत्रलाई थप प्रभावकारी र गुणस्तरीय साथै समय सापेक्ष बनाउँदै लैजानु अहिलेको मुख्य आवश्यकता र एजेण्डा पनि हो । नेपालको संविधान, २०७२ ले तीन तहको राज्य संरचना सहित समाजवाद उन्मुख राज्य प्रणालीमा आधारित भएर शिक्षामा समतामूलक पहुँचको सुनिश्चितता गर्न प्रत्येक नागरिकलाई आधारभूत तहसम्मको शिक्षा अनिवार्य र निःशुल्क तथा माध्यमिक तहसम्मको शिक्षा निःशुल्क पाउने हकको सुनिश्चितता गरेको छ । यसै गरी संविधानले नै अपाङ्गता भएका र आर्थिक रूपले विपन्न नागरिकलाई कानुनबमोजिम निःशुल्क उच्च शिक्षा पाउने, दृष्टिविहीन नागरिकलाई ब्रेललिपि तथा बहिरा र स्वर वा बोलाइ सम्बन्धी अपाङ्गअपाङ्गता भएका नागरिकलाई साङ्केतिक भाषाको माध्यमबाट कानुन बमोजिम निःशुल्क शिक्षा पाउने साथै नेपालमा बसोबास गर्ने प्रत्येक नेपाली समुदायलाई कानुन बमोजिम आफ्नो मातृभाषामा शिक्षा पाउने र त्यसका लागि विद्यालय तथा शैक्षिक संस्था खोल्ने र सञ्चालन गर्ने हकको व्यवस्था गरेको छ ।

राज्यको आर्थिक विकास, समृद्धि, सामाजिक न्याय सहितको समतामूलक समाज निर्माणका लागि गुणस्तरीय शिक्षा तथा सबैका लागि जीवनपर्यन्त शिक्षाको समान अवसरले नै दीगो शान्ति, असल संस्कृति, सामाजिक सहिष्णुता तथा साझा मूल्य मान्यताको प्रबर्द्धन गरी राष्ट्र निर्माणमा आवश्यक मानव संसाधनको विकासमा शिक्षाको अहम् भूमिका रहन्छ । प्रारम्भिक बालविकास शिक्षा, आधारभूत तथा माध्यमिक तहको शिक्षाको जिम्मेवारी र अधिकार समेतलाई ध्यानमा राखेर स्थानीय तहमा समेत शिक्षालाई व्यवहारिक, जीवनोपयोगी, वैज्ञानिक तथा रोजगार उन्मुख गुणस्तरीय तथा समयानकूल एवम् स्थानीय तहको कला, संस्कृति, परम्परागत ज्ञान, सीप, स्थानीय प्रविधि लागायतलाई एकिकृत गरी गाउँपालिकाको शैक्षिक क्षेत्रको सुधार गर्न "समता सहितको जीवनोपयोगी, प्रतिस्पर्धी र प्रविधिमैत्री, रोजगारमूलक जनशक्ति निर्माणमा शैक्षिक पूर्वाधार : शिक्षित र समृद्ध सिद्ध कुमाखको बलियो आधार" भन्ने दीर्घकालिन लक्ष्य हासिल गरी व्यवहारिक ज्ञान सहितको दक्ष जनशक्ति उत्पादनमा जोड दिनका लागि गाउँपालिकाले यो आवधिक शिक्षा योजना निर्माण गरी कार्यान्वयन गर्नुपर्ने आवश्यकता महसुस गरेको छ ।

## ख) शिक्षा योजना निर्माणको आवश्यकता र औचित्य

नेपालको संविधान २०७२ ले स्थानीय तहलाई माध्यमिक तहसम्मको शिक्षाको अधिकार प्रदान गरेको र हाल स्थानीय तहहरूले समेत संविधानले प्रदान गरेको अधिकार कार्यान्वयन गरिरहेको सन्दर्भमा स्थानीय तहको अधिकार क्षेत्रभित्र रहेर शैक्षिक योजना निर्माण र कार्यान्वयन गर्नु अति आवश्यक देखिन्छ । स्थानीय सरकार सञ्चालन ऐन २०७४ को परिच्छेद- (३) ले स्थानीय तहलाई शिक्षाका २३ वटा अधिकार क्षेत्रहरू प्रदान गरेको र उक्त अधिकार क्षेत्रहरूको प्रभावकारी कार्यान्वयन मार्फत शिक्षाका लक्ष्य तथा उद्देश्यहरू पूरा हुने तथा उक्त अधिकार क्षेत्रभित्र रहेर स्थानीय तहले शिक्षाको योजना तर्जुमा गरी कार्यान्वयन गर्न सक्ने उल्लेख भए अनुसार

स्थानीय अवस्था, स्रोत र आवश्यकताका आधारमा शिक्षा योजना निर्माण गरी कार्यान्वयन गर्ने जमर्को गरिएको छ । सिद्ध कुमाख गाउँपालिकाको शैक्षिक सुधारको लागि नेपालको संविधान २०७२, स्थानीय सरकार सञ्चालन ऐन २०७४, १० वर्षे शिक्षा क्षेत्र योजना लगायतको मार्गदर्शनका आधारमा सङ्घीय सरकारले तथा प्रदेश सरकारले समेत परिकल्पना गरेको लक्ष्य उद्देश्य प्राप्तिमा मद्दत गर्न र गाउँपालिकाको शैक्षिक सुधारका लागि मार्गदर्शनको रूपमा सहायता लिन पनि शिक्षा योजना निर्माणको आवश्यकता देखिएको हो । यसले शिक्षा क्षेत्रको विकासको लक्ष्य पूरा गर्न मद्दत गर्ने साथै राष्ट्रिय अपेक्षा पूरा गर्न सहयोग गर्ने अपेक्षा गरिएको छ। नेपाल सरकार शिक्षा तथा मानव स्रोत विकास केन्द्रले निर्माण गरी कार्यान्वयनमा रहेको १० वर्षे शिक्षा क्षेत्र योजनालाई स्थानीयकरण गरी स्थानीय आवश्यकता र अवस्थाका आधारमा शैक्षिक योजना निर्माण र कार्यान्वयन गर्न नितान्त आवश्यक महसुस गरी सिद्ध कुमाख गाउँपालिकाको २०७८ देखि २०८७ सम्मको १० वर्षे शिक्षा योजनालाई हालको विद्यालय शिक्षा क्षेत्र योजनासँग तालमेल मिलाउनका लागि हाल शिक्षा योजनाको परिमार्जन र अद्यावधी गरेको छ ।

### ग) शिक्षा योजना निर्माणका आधारहरू

सिद्ध कुमाख गाउँपालिकाले वि.स. २०७८ मा निर्माण गरेको १० वर्षे शिक्षा योजनालाई हाल सङ्घीय सरकारले निर्माण गरेको १० वर्षे विद्यालय शिक्षा क्षेत्र योजनासग तादम्यता मिलाउनका लागि वि.स. २०८१ मा शिक्षा योजना परिमार्जन तथा अद्यावधी गर्ने जमर्को गरेको छ । नेपालको संविधानले शिक्षालाई मौलिक हकको रूपमा उल्लेख गरी कार्यान्वयन गर्न कानुन निर्माणको कार्य थालनी गरेको र सोही बमोजिम निःशुल्क तथा अनिवार्य शिक्षा ऐन, २०७५, बालबालिका सम्बन्धी ऐन, २०७५, राष्ट्रिय शिक्षा नीति, २०७६ ले संवैधानिक मान्यतामा आधारित भई शिक्षा क्षेत्रमा सुधार तथा परिवर्तनका लागि नीतिगत मार्गदर्शन गरेको छ ।यसै मार्गदर्शनका आधारमा पनि सिद्ध कुमाख गाउँपालिकाले शिक्षा योजना निर्माण र परिमार्जन गरेको छ ।

नेपालमा सङ्घीय स्वरूपको व्यवस्थामा सबै तहका सरकार बिचको आपसी समन्वय र सहकार्यबाट राज्यले परिलक्षित गरेका उद्देश्यहरू प्राप्त गर्न सकिने भएकाले सबै तह संविधानले तोकेको अधिकार बमोजिमको जिम्मेवारी निर्वाह गर्नुपर्ने देखिन्छ । राज्यले तय गरेका शिक्षाका लक्ष्य, उद्देश्य प्राप्त गर्नका लागि विभिन्न योजनाहरू कार्यान्वयनमा आएका छन् । राष्ट्रिय दीर्घकालिन सोच, राष्ट्रिय शिक्षा नीति र राष्ट्रिय विज्ञान प्रविधि तथा नवप्रवर्तन नीति, सामुदायिक विद्यालय सबलीकरण दशक (२०७६–२०८५) का लागि सम्बोधन गर्नुपर्ने विषयहरू, १५ वर्षे दिगो विकास लक्ष्य, पन्ध्रौ आवधिक योजना, शिक्षा क्षेत्रको नयाँ शिक्षा योजना (२०७८–२०८७) लगायत शिक्षा क्षेत्रका विभिन्न योजनाहरूका लक्ष्य, उद्देश्य तथा गन्तव्यलाई मध्यनजर गर्दै संविधानको अनुसूची ८ अनुसार स्थानीय सरकारलाई उपलब्ध भएका अधिकार क्षेत्र भित्र रहेर राष्ट्रिय ध्येय, लक्ष्य, उद्देश्य, प्रतिवद्धतालाई आधार मानेर स्थानीय आबश्यक्ता र परिवेश अनुसार शिक्षा क्षेत्रको विकास गर्नु आवश्यक रहेको छ । नेपालको दीर्घकालिन ध्येय अनुसार सन् २०४३ सम्म समृद्ध नेपाल सुखी नेपालीकोको अभिप्राय, दीगो विकास लक्ष्य अनुसार सन २०३० सम्ममा नेपाललाई मध्यम आय भएको देशको रूपमा पुर्याउन सबैका लागि

समावेशी तथा समतामूलक तवरले जीवनप्रयन्त सिकाइका अवसरहरू सिर्जना गरी गुणस्तरीय शिक्षा कायम गर्नु लगायतका दीर्घकालिन लक्ष्य हासिल गर्न पनि सबै तहका साथै सिद्ध कुमाख गाउँपालिकाले आफ्नो भूमिका प्रभावकारी रूपमा निभाउन आवश्यक देखिन्छ ।

### घ) शिक्षा योजना निर्माणको प्रक्रिया

सिद्ध कुमाख गाउँपालिकाले २०७८ मा निर्माण गरेको १० वर्षे शिक्षा योजनाको मूल्याङ्कन गरेको र हाल विद्यालय क्षेत्र विकास योजनाको समाप्ति भएको र नेपाल सरकारका विद्यालय शिक्षाका कार्यक्रमहरू कार्यान्वयन गर्नका लागि १० वर्षे विद्यालय शिक्षा क्षेत्र योजना कार्यान्वयनमा ल्याएको र यसैका आधारमा स्थानीय तहले पनि उक्त योजनालाई स्थानीयकरण गरी कार्यान्वयन गर्नुपर्ने सनदर्भमा यस सिद्ध कुमाख गाउँपालिकाले पनि शिक्षा योजना परिमार्जन गर्न प्रक्रियागत रूपमा अगाडि बढेको छ ।

शिक्षा योजना परिमार्जन र अधावधिका लागि गाउँ कार्यपालिकाले आवश्यकता महशुस गरी शिक्षा योजना परिमार्जन तथा अद्यावधीको लागि नीतिगत व्यवस्थामार्फत सामाजिक विकास समितिका संयोजकको श्री खर्कविर रोकाको संयोजकत्वमा शिक्षा योजना निर्माण कार्यदल गठन गरेको साथै लेखनका लागि माध्यमिक तहका सबै प्रधानाध्यापक रहने गरी लेखन उपसमिति पनि निर्माण गरेको छ । लेखन उपसमितिहरूले विभिन्न सरोकारवालाहरूसँगको समन्वयमा तथ्याङ्क सङ्कलन, सल्लाह तथा सुझाव सङ्कलन, छलफल गरी प्रारम्भिक लेखन गरियो । प्रारम्भिक लेखन पश्चात योजना लेखन कार्यदलले सबै सङ्कलन गरी योजनाको मस्यौदा निर्माण गरेको र तत पश्चात मस्यौदा माथि सरोकारवालाहरूको सल्लाह सुझाव प्राप्त गरी अन्तिमिकरण गरियो । उक्त योजनामा बाह्य बिज्ञमार्फत लेखाजोखा गरी थप सल्लाह सुझाव प्राप्त गरी योजनामा समेटेर सिद्ध कुमाख गाउँपालिकाको गाउँ कार्यपालिकाले स्वीकृत गरी कार्यान्वयन गर्ने प्रक्रिया पूरा गरेको छ ।

## ङ) शिक्षा योजना निर्माणका आधारहरू

नेपालको संविधान, २०७२ ले स्थानीय तहलाई माध्यमिक तहसम्मको शिक्षाको एकल अधिकार प्रदान गरेको सन्दर्भमा स्थानीय तहले माध्यमिक तहसम्मको शिक्षाको व्यवस्थापन र कार्यान्वनका लागि मार्गदर्शनको रूपमा स्थानीय परिवेश र आवश्यकता अनुसारको शिक्षा योजना निर्माण गरी प्रभावकारी रूपमा कार्यान्वयन गर्नु पर्दछ । नेपालको संविधान, २०७२ को धारा ३१ बमोजिम प्रत्येक नेपाली नागरिकलाई आधारभूत शिक्षामा पहुँच सुनिश्चित गर्न आधारभूत तहसम्मको शिक्षामा अनिवार्य तथा निःशुल्क र माध्यमिक तहको शिक्षा निःशुल्क पाउने हकको व्यवस्था गरिएको छ । साथै अपाङ्गता भएका र आर्थिक रूपले विपन्न नागरिकलाई कानुन बमोजिम निःशुल्क उच्च शिक्षा पाउने हक र दृष्टिविहीन नागरिकलाई ब्रेललिपी तथा बहिरा र स्वर वा बोलाइ सम्बन्धी अपाङ्गता भएका नागरिकलाई साङ्केतिक भाषाको माध्यमबाट कानुन बमोजिम निःशुल्क शिक्षा पाउने हक प्रदान गरेको छ । नेपालमा बसोबास गर्ने प्रत्येक नेपाली समुदायलाई कानुन बमोजिम आफ्नो मातृभाषमा शिक्षा पाउने र त्यसका लागि विद्यालय तथा शैक्षिक संस्था खोल्ने र सञ्चालन गर्ने समेतको हकको व्यवस्था गरेको छ । यसै गरी स्थानीय सरकार सञ्चालन ऐन २०७४ ले पनि प्रारम्भिक बालविकास तथा शिक्षा, आधारभूत शिक्षा, अभिभावक शिक्षा, अनौपचारिक शिक्षा, खुल्ला तथा वैकल्पिक निरन्तर सिकाइ, सामुदायिक सिकाइ र विशेष

शिक्षासम्बन्धी नीति, कानुन, मापदण्ड, योजना तर्जुमा, कार्यान्वयन, अनुगमन, मूल्याङ्कन र नियमन गर्ने अधिकार प्रदान गरेको छ । सामुदायिक, संस्थागत, गुठी र सहकारी विद्यालय स्थापना, अनुमति, सञ्चालन, व्यवस्थापन तथा नियमन, प्राविधिक शिक्षा तथा व्यवसायिक तालिमको योजना तर्जुमा, सञ्चालन, अनुमति, अनुगमन र नियमन, मातृभाषामा शिक्षा दिने विद्यालयको अनुमती, अनुगमन र नियमन, गाभिएका वा बन्द गरिएका विद्यालयहरूको सम्पत्ति व्यवस्थापन, पालिकाका शिक्षा समिति गठन र व्यवस्थापन, विद्यालय व्यवस्थापन समिति गठन तथा व्यवस्थापन, विद्यालयको नामाकरण, सामुदायिक विद्यालयको जग्गाको स्वामित्व, सम्पत्तिको अभिलेख, संरक्षण र व्यवस्थापन, विद्यालयको गुणस्तर अभिवृद्धि तथा पाठ्यसामग्रीको वितरण जस्ता अधिकारहरू प्रदान गरेको छ ।यसर्थ राष्ट्रिय शिक्षा नीति २०७६, अनिवार्य तथा निःशुल्क शिक्षा ऐन २०७५ र नियमावली २०७७, दिगो विकास लक्ष्य, १० वर्षे विद्यालय शिक्षा क्षेत्र योजना, कार्यान्वयनमा रहेको यस सिद्ध कुमाख गाउँपालिकाको १० वर्षे शिक्षा योजना, सिद्ध कुमाख गाउँपालिकाको वार्षिक नीति तथा कार्यक्रम २०८०।८१ तथा विगतका शैक्षिक प्रयास र अनुभव लगायतका आधारमा सिद्ध कुमाख गाउँपालिकाले यो शिक्षा योजना परिमार्जन तथा अद्यावधी गरेको छ ।

# वषय सूच

परिच्छेद- १ः परिचय ........ १
१.१ वर्तमान अवस्था ........ १
क) परिचय तथा भौगोलिक अवस्थिति ........ १
ख) ऐतिहासिक पृष्ठभूमी तथा नामाकरण ........ १
ग) जनसाङ्खिक संरचना ........ २
ग) सामाजिक तथा सांस्कृतिक अवस्था ........ ४
घ) आर्थिक अवस्था ........ ५
ङ) शैक्षिक अवस्था ........ ५
१.२ मुख्य समस्या तथा चुनौतीहरू ........ १०
क) समस्याहरू तथा चुनौतीहरू ........ १०
ख) अवसरहरू ........ १२
परिच्छेद- २ : दूरदृष्टि, उद्देश्य, रणनीत तथा लक्ष्य निर्धारण ........ १४
२.१ शिक्षा योजना निर्माणका आधारहरू ........ **Error! Bookmark not defined.**
२.२ दूरदृष्टि ........ १४
२.३ लक्ष्य ........ १४
२.४ उद्देश्य ........ १४
२.५ रणनीतिहरू ........ १६
२.६ कार्यनीति ........ १८
२.७ अपेक्षित उपलब्धिहरू ........ २०
२.८ शिक्षा योजनाका कार्यसम्पादन सूचक र लक्ष्य निर्धारण ........ २२
**परिच्छेद- ३ : शिक्षाका मुख्य उपक्षेत्रहरू ........ २६**
३.१ प्रारम्भिक बालविकास र शिक्षा ........ २६

३.१.१ वर्तमान अवस्था ....................२६
३.१.२ उद्देश्य ....................२७
३.१.३ रणनीति ....................२८
३.१.४ प्रमुख उपलब्धि तथा नतिजा ....................२९
३.२ आधारभूत शिक्षा ....................३५
३.२.१ परिचय ....................३५
३.२.२ उद्देश्य ....................३७
३.२.३ रणनीति ....................३८
३.२.४ प्रमुख उपलब्धि तथा नतिजा ....................३९
३.२.५ प्रमुख क्रियाकलाप तथा परिमाणात्मक लक्ष्य ....................४१
३.३ माध्यमिक शिक्षा ....................४३
३.३.१ वर्तमान अवस्था ....................४३
३.३.२ उद्देश्यहरू ....................४४
३.३.३ रणनीति ....................४५
३.३.४ प्रमुख उपलब्धि तथा नतिजा ....................४५
३.३.५ प्रमुख क्रियाकलाप तथा परिमाणात्मक लक्ष्य ....................४६
३.४ प्राविधिक शिक्षा तथा व्यवसायिक तालिम ....................४८
३.४.१ वर्तमान अवस्था ....................४८
३.४.२ उद्देश्य ....................४९
३.४.३ रणनीतिहरू ....................५०
३.४.४ उपलब्धि, नतिजा, प्रमुख क्रियाकलाप तथा लक्ष्य ....................५०
३.४.५ प्रमुख क्रियाकलाप तथा लक्ष्य ....................५१
३.५ अनौपचारिक शिक्षा र आजीवन सिकाइ ....................५२

३.५.१ वर्तमान अवस्था ..................................................५२

३.५.२ उद्देश्य..................................................५२

३.५.३ रणनीति ..................................................५३

३.५.४ प्रमुख उपलब्धि तथा नतिजा ..................................................५३

३.५.५ प्रमुख क्रियाकलाप र परिमाणात्मक लक्ष्य..................................................५४

**परिच्छेद- ४ : अन्तरसम्बन्धित विषय तथा क्षेत्र..................................................५५**

४.१ पाठ्यक्रम, पाठ्यपुस्तक, सिकाइ सामग्री तथा मूल्याङ्कन ..................................................५५

४.१.१ वर्तमान अवस्था..................................................५५

४.१.२ उद्देश्य ..................................................५७

४.१.३ रणनीति..................................................५७

४.१.४ प्रमुख उपलब्धि तथा नतिजा..................................................५७

४.१.५ प्रमुख क्रियाकलाप र परिमाणात्मक लक्ष्य..................................................५९

४.२ शिक्षक व्यवस्थापन र विकास ..................................................६०

४.२.१ वर्तमान अवस्था ..................................................६०

४.२.२ उद्देश्य..................................................६२

४.२.३ रणनीति..................................................६२

४.२.४ प्रमुख उपलब्धि तथा नतिजा ..................................................६३

४.२.५ प्रमुख क्रियाकलाप र परिमाणात्मक लक्ष्य ..................................................६५

४.३ शैक्षिक समता र समावेशीकरण..................................................६६

४.३.१ वर्तमान अवस्था ..................................................६६

४.३.२ उद्देश्य..................................................६७

४.३.३ रणनीति ..................................................६७

४.३.४ प्रमुख उपलब्धि तथा नतिजा ..................................................६८

६.१.३ रणनीतिहरू........................................................................................................९३

**६.१.४ प्रमुख उपलब्धि र नतिजा**..............................................................................................९४

६.२ स्थानीय शिक्षा योजना कार्यान्वयनको प्रबन्ध..........................................................................९६

६.२.१ परिचय..........................................................................................................................९६

६.२.२ उद्देश्यहरू....................................................................................................................९६

६.२.३ रणनीतिहरू....................................................................................................................९६

६.२.४ उपलब्धि, तथा नतिजा.......................................................................................................९७

**परिच्छेद- ८ : अनुगमन तथा मूल्याङ्कन................................................................ १०८**

परिच्छेद- १ः परिचय

# १.१ वर्तमान अवस्था

## क) परिचय तथा भौगोलिक अवस्थिति

कर्णाली प्रदेशको सल्यान जिल्लामा पर्ने सिद्ध कुमाख गाउँपालिका साविकका तीनवटा गा.वि.स. बाँझकाँडा, चाँदेकरेञ्जी र सिद्धेश्वरी मिलेर बनेको हो । सल्यान जिल्लाको कूल क्षेत्रफल १९५१ वर्ग किलोमिटर मध्ये यस गाउँपालिकाले ८९.३६ वर्ग किलोमिटर क्षेत्रफल ओगटेको र ५ वटा वडाहरूमा विभाजन भएको छ। पूर्वमा बागचौर नगरपालिका, दक्षिणमा शारदा नगरपालिका, पश्चिममा बनगाड कुपिण्डे नगरपालिका तथा उत्तरमा कुमाख गाउँपालिकासँग भौगोलिक सिमाना जोडिएको यस गाउँपालिकाको भौगोलिक अवस्थिति २८ डिग्री २४ मिनेट उत्तरी अक्षांश र ८० डिग्री २३ मिनेट पूर्वी देशान्तर सम्म फैलिएको छ । सल्यान जिल्लाको दोस्रो ठूलो पहाड तथा धार्मिक र पर्यटकीयस्थल कुमाख यसै गाउँपालिकामा पर्दछ ।

## ख) ऐतिहासिक पृष्ठभूमी तथा नामाकरण

सल्यानको सदरमुकाम खलङ्गाबाट ८ घण्टा पैदल यात्राको दूरीमा रहेको धार्मिक तथा पर्यटकीय स्थल कुमाख जिल्लाकै दोश्रो अग्लो पहाड हो । यस पहाडको उचाई समुद्री शतहदेखि २५३७ मिटर रहेको छ । साविकका जिमाली, मर्मपरिकाँडा र सिद्धेश्वरी गा.वि.स. हरूलाई काखमा लिएको यस रमणीय पर्वतको टुप्पामा सिद्ध मन्दिर रहेको छ । बन्द कोठाभित्र सिद्ध बस्दैनन् भन्ने जनविश्वास अनुरूप मन्दिरको छानो नबनाइएको पुजारीहरूको भनाई छ । यस मन्दिरमा प्रत्येक वर्षको विजया दशमी देखि कोजाग्रत पूर्णिमासम्म पूजा हुने गर्दछ । यहाँ पहिलोपटक जानेले सात पटक मन्दिरको परिक्रममा गरेर बर माग्ने र सो पूरा भएपछि भेडो बली चढाउने गरिन्छ । यस मन्दिरमा कहिलेदेखि पूजा गर्न थालियो भन्ने जानकारी कसैलाई छैन् । जिजुबाजेले पूजा गरेको बाजेले थाहा पाएको र बाजेले पूजा गरेको आफूले थाहा पाएको कुरा डाँगी थरका पुजारीहरू बताउँछन् । बालाचतुर्दशी र कोजाग्रत पूर्णिमाका दिन मन्दिरदेखि करिब १ कि.मि. तल जिमालीतर्फको समथर भू भागमा सल्यान जिल्लाकै ठूलो मेला लाग्दछ ।

यही कुमाख लेख र कुमाख लेखको टुप्पोमा रहेको सिद्धबाबाको मन्दिरलाई संयोजन गरेर नै यस गाउँपालिकाको नाम सिद्ध कुमाख राखिएको देखिन्छ । तथापी नेपाल सरकारले स्थानीय तह घोषणा गर्दा यस गाउँपालिको नाम ढोरचौर गाउँपालिका राखेर घोषणा गरिएको थियो । स्थानीय तहको निर्वाचनबाट श्री चित्र वहादुर चलाउनको नेतृत्वमा निर्वाचित पहिलो गाउँसभाबाट यस गाउँपललिकाको नाम परिवर्तन गर्ने निर्णय भएबमोजिम नेपाल सरकारबाट  नाम परिवर्तनको निर्णय सदर भएर सल्यान जिल्लाकै धार्मिक तथा पर्यटकीय महत्वको सिद्धवावा मन्दिर यस गाउँपालिकाको २ नम्बर वडामा पर्ने सिद्ध गुफालाई अघिदेखि जिजु बाजेले भगवानप्रति आस्था राखी पूजा गर्दै आएको र मनले चाहेको पूरा हुन्छ भन्ने परम्परागत मूल्य मान्यता भएको हुँदा सिद्धगुफालाई भगवानको रूपमा मानि सिद्धगुफा र कुमाख लेखको नामबाट  गाउँपालिकाको नामाकरण गरिएको हो ।

### ग) जनसाङ्खिक संरचना

राष्ट्रिय जनगणना २०७८ अनुसार यस सिद्ध कुमाख गाउँपालिकाको जम्मा जनसङ्ख्या १३१२७ रहेकोमा महिलाको जनसङ्ख्या ६८६९ (५२.३ %) र पुरूषको जनसङ्ख्या ६२५८ (४७.४२%) रहेको छ ।कूल जनसङ्ख्यामा  लैङ्गिक अनुपात ९१.१ परूष प्रति १०० महिला रहेको छ। सिद्ध कुमाख गाउँपालिकाको जनघनत्व १४७ जना प्रति बर्ग किलोमिटर रहेको छ । सिद्ध कुमाख गाउँपालिकामा कूल घरधुरी सङ्ख्या २८९८ रहेको छ । प्रति घरधुरी औषत परिवार सख्या ४.५ जना रहेको छ । कर्णाली प्रदेशको साक्षरता ७६.१ रहेकोमा यस गाउँपालिकाको साक्षरता दर ७७.३ प्रतिशत रहेको छ भने यसमा पुरूष साक्षरता दर ८५.६ र महिला साक्षरता दर ७० प्रतिशत रहेको छ । यस गाउँपालिकाको वडागत रूपमा जनसङ्ख्या निम्नानुसार रहेको छ ।

| वडा | पुरूष | महिला | जम्मा |
|---|---|---|---|
| १ | १५७८ | १२७१ | ३२९९ |
| २ | ९४६ | १०८३ | २०२९ |
| ३ | १२५० | १३४४ | २५९४ |
| ४ | १३८६ | १५१७ | २९०३ |
| ५ | १०९६ | १२०४ | २३०२ |
| ६ | ६२५८ | ६८६९ | १३१२७ |

सिद्ध कुमाख गाउँपालिकाको राष्ट्रिय जनगणना २०७८ को उमेरगत जनसङ्ख्या विवरण

| २०७८ | | | | |
|---|---|---|---|---|
| उमेर | जम्मा | पुरुष | महिला | % महिला |
| ० वर्ष | २४८ | १३९ | १०९ | ४३.९५ |
| १ वर्ष | २३१ | १२९ | १०२ | ४४.१६ |
| २ वर्ष | २६९ | १४० | १२९ | ४७.९६ |
| ३ वर्ष | २३१ | ११४ | ११७ | ५०.६५ |
| ४ वर्ष | २७२ | १५० | १२२ | ४४.८५ |
| ५ वर्ष | २५४ | १३२ | १२२ | ४८.०३ |
| ६ वर्ष | २३२ | १२१ | १११ | ४७.८४ |
| ७ वर्ष | २६२ | १४२ | १२० | ४५.८० |
| ८ वर्ष | २४४ | १२१ | १२३ | ५०.४१ |
| ९ वर्ष | २३४ | ११७ | ११७ | ५०.०० |
| १० वर्ष | २५६ | १२४ | १३२ | ५१.५६ |
| ११ वर्ष | २८६ | १३६ | १५० | ५२.४५ |
| १२ वर्ष | ३२७ | १८२ | १४५ | ४४.३४ |
| १३ वर्ष | ३१२ | १४८ | १६४ | ५२.५६ |
| १४ वर्ष | ३६९ | १८४ | १८५ | ५०.१४ |
| १५ वर्ष | ३८४ | १८९ | १९५ | ५०.७८ |
| १६ वर्ष | ३५४ | १७५ | १७९ | ५०.५६ |

श्रोतः राष्ट्रिय जनगणना २०७८

गाउँपालिकाको उमेर समूहगत जनसङ्ख्या विवरण

| उमेर समूह | पुरूष | महिला |
|---|---|---|
| ९५+ | ० | १ |
| ९०-९४ | ४ | ५ |
| ८५-८९ | ३ | ८ |
| ८०-८४ | ९ | १४ |
| ७५-७९ | ४० | ४७ |
| ७०-७४ | ११६ | १०४ |
| ६५-६९ | १६४ | १८० |

| | | |
|---|---|---|
| ६०-६४ | २०० | २१० |
| ५५-५९ | २१० | २१७ |
| ५०-५४ | २४८ | २८८ |
| ४५-४९ | २७२ | ३४० |
| ४०-४४ | ३०० | ३७५ |
| ३५-३९ | ३२३ | ४२८ |
| ३०-३४ | ३४७ | ४५७ |
| २५-२९ | ४६२ | ५३९ |
| २०-२४ | ६६४ | ८०८ |
| १५-१९ | ८१७ | ९०० |
| १०-१४ | ७७४ | ७७६ |
| ५-९ | ६३३ | ५९३ |
| ००-०४ | ६७२ | ५७९ |

राष्ट्रिय जनगनणा २०७८ बमोजिम सिद्ध कुमाख गाउँपालिकामा अपाङ्गता भएका ब्यक्तिहरूको जनसङ्ख्या कूल जनसङ्ख्याको ३.४% रहेको छ जसमा महिला अपाङ्गता ३.१% र पुरूष अपाङ्गता ३.८ % रहेको छ ।अपाङ्गता भएकाहरूमा सबैभन्दा बढि अर्थात ४७.४ प्रतिशत शारिरिक अपाङ्गता भएका छन् भने १५.२ प्रतिशत न्यून दृष्टि भएका रहेका छन् ।इमिस २०८० अनुसार यस गाउँपालिकामा रहेका विद्यालयहरूमा अपाङ्गता भएका बालबालिका जम्मा २० जना अध्ययनरत रहेका छन् जसमा छात्र १० जना र छात्रा १० जना रहेका छन् ।

## ग) सामाजिक तथा सांस्कृतिक अवस्था

सिद्ध कुमाख गाउँपालिका सल्यान जिल्लामा रहेका सबै स्थानीय तहहरूमध्ये विकासका दृष्टिकोणले पछाडि देखिए पनि प्राकृतिक, धार्मिक, सांस्कृतिक र ऐतिहासिक आधारमा सम्पन्न र परिपक्व देखिन्छ । इतिहासमा प्राचिन, कलामा सम्पन्नता, धर्ममा सहिष्णुता, संस्कृतिमा विविधता र प्राकृतिक सौन्दर्यमा प्रचुरता सिद्ध कुमाखको विशेषता हो। प्रकृति र संस्कृतिको बेजोड मेलबाट बनेको यो गाउँपालिका धार्मिक आस्थाको केन्द्रबिन्दू समेत मानिन्छ । ऐतिहासिक पृष्ठभूमि हेर्ने हो भने यसलाई प्राचिन समयका देवी देवताहरूको प्यारो तपोभूमिको नामले चिनिन्छ । सिद्ध कुमाख गाउँपालिकाको वडा नं २ मा रहेको सिद्धगुफा प्रमुख पर्यटकीय स्थलको रूपमा रहेको छ।

सांस्कृतिक र पुरात्त्विक महत्व बोकेको, प्राकृतिक सौन्दर्यले भरिपूर्ण कर्णाली प्रदेशको प्रादेशिक राजधानी शहर वीरेन्द्रनगरबाट सुदूर पूर्वमा सिद्ध कुमाख रहेको छ । सिद्ध कुमाख गाउँपालिकामा थुप्रै अवसर र चुनौतीहरू रहेका छन् । विकासको गतिलाई तीव्र बनाउन सिद्ध कुमाख गाउँपालिकाले आफ्ना अवसरहरूको सही सदुपयोग गर्दै भौतिक पूर्वाधार, स्वास्थ्य, शिक्षा, सामाजिक र आर्थिक विकासमा समेत जोड दिएको छ ।

यस सिद्ध कुमाख गाउँपालिकामा नेपाली भाषा बोल्नेहरूको बाहुल्यता रहेको छ । यस क्षेत्रको कूल जनसङ्ख्यामा ९९.९८ प्रतिशत जनसङ्ख्या नेपाली भाषीको रहेको छ । सल्यान जिल्लाको सिद्ध कुमाख गाउँपालिकामा हिन्दू धर्म मान्नेहरूको बाहुल्यता रहेको छ । हिन्दू धर्म मान्नेहरूको जनसङ्ख्या कूल जनसङ्ख्याको ९७.७१ प्रतिशत रहेको छ । त्यसैगरी क्रिश्चियन १.२८ प्रतिशत र बौद्ध धर्म मान्नेहरू कूल जनसङ्ख्याको ०.८२ प्रतिशत रहेको देखिन्छ । सिद्ध कुमाख गाउँपालिकामा क्षेत्री जातिको बाहुल्यता रहेको देखिन्छ । यस क्षेत्रको कूल जनसङ्ख्यामा ७८.१९ प्रतिशत क्षेत्री जातिहरूको बसोबास रहेको छ । दोस्रो ठूलो जातिको रूपमा विश्वकर्मा रहेको छ, जसले कूल जनसङ्ख्याको ९.२६ प्रतिशत ओगटेको छ । सिद्ध कुमाख गाँउपालिकामा दमाई जाति कूल जनसङ्ख्यामा ३.९४ प्रतिशत रहेका छन् । सार्की २.६० प्रतिशत जनसङ्ख्या सहित चौथो जातिको रूपमा रहेको छ । कूल जनसङ्ख्यामा सन्यासी, दसनामी र मगर जातिको क्रमशः २.५० र १.८२ प्रतिशत जनसङ्ख्या रहेको छ भने अन्य जातजातिहरूले कूल जनसङ्ख्याको १ प्रतिशत भन्दा कम हिस्सा ओगटेको देखिन्छ ।

तथ्याङ्क स्रोतः सिद्ध कुमाख गाउँपालिका पार्श्वचित्र

### घ) आर्थिक अवस्था

यस गाउँपालिकामा आर्थिक रूपले सक्रीय अर्थात १५-५९ वर्ष उमेर समूहको जनसङ्ख्या सबैभन्दा बढी ५३ प्रतिशत रहेको देखिन्छ । त्यसैगरी बालबालिका अर्थात ० देखि १४ वर्ष उमेर समूहको जनसङ्ख्या ४१.३१ प्रतिशत र ६० वर्षभन्दा माथि बृद्धहरूको जनसङ्ख्या सबैभन्दा कम अर्थात ५.६९ प्रतिशत रहेको देखिन्छ । यसरी ० देखि १४ वर्ष उमेर समूहको जनसङ्ख्या ४१.३१ प्रतिशत हुनुले अझै केही वर्षहरूमा यस स्थानको जनसङ्ख्या वृद्धिदर उच्च नै रहने अनुमान गर्न सकिन्छ ।

स्रोतः सिद्ध कुमाख गाउँपालिकाको पार्श्वचित्र

### ङ) शैक्षिक अवस्था

सिद्ध कुमाख गाउँपालिकाको शैक्षिक अवस्थालाई विश्लेषण गर्दा आधारभूत तहदेखि माध्यमिक विद्यालयसम्मको शैक्षिक सेवाहरूको प्रवाह शिक्षण संस्थाहरूबाट भईरहेको छ भने उच्च शिक्षाको लागि बाहिर जानुपर्ने बाध्यता बिद्यमान रहेको छ । यस गा.पा. मा २९ वटा समुदायमा आधारित र ४ वटा संस्थागत गरी कूल ३३ वटा बालविकास केन्द्र रहेका छन् । गाउँपालिकामा सामुदायिक आधारभूत विद्यालय २३ वटा र माध्यमिक विद्यालय ६ वटा छन् भने १ वटा विशेष शिक्षा अन्तर्रगत (सुस्त मनस्थिति) स्रोत कक्षा रहेको छ । त्यस्तै आधारभूत तहका ४ वटा संस्थागत विद्यालय रहेका छन् । सामुदायिक विद्यालयतर्फको निराजन माध्यमिक विद्यालयमा साधारण र प्राविधिक धारको पशु विज्ञानमा कक्षा १२ सम्मको कक्षा सञ्चालन भई रहेको छ । यस गाउँपालिकामा जम्मा १ वटा सामुदायिक सिकाइ केन्द्र रहेको छ । गाउँपालिकामा रहेका सामुदायिक तथा संस्थागत विद्यालयहरूको विवरण निम्नानुसार रहेको छ।

| क्र.सं. | सञ्चालित कक्षा | सामुदायिक विद्यालय | संस्थागत विद्यालय | जम्मा विद्यालय सङ्ख्या |
|---|---|---|---|---|

| | | | | |
|---|---|---|---|---|
| १ | प्रारम्भिक बालविकास शिक्षा | २९ | ४ | ३३ |
| २ | प्रारम्भिक बालविकास शिक्षा तहसम्म मात्र रहेको विद्यालय | ५ | ० | ५ |
| ३ | कक्षा १ – ३ | ४ | ० | ४ |
| ४ | कक्षा १ –५ | ८ | २ | १० |
| ५ | कक्षा १ – ८ | ५ | २ | ७ |
| ६ | कक्षा १ -१० | ३ | ० | ३ |
| ७ | कक्षा १-१२ | ३ | ० | ३ |
| | **जम्मा** | **२८** | ४ | **३२** |

सिद्ध कुमाख गाउँपालिका भित्रका विद्यालयमा अध्ययनरत विद्यार्थीहरूको सङ्ख्या निम्न बमोजिम रहेको छ ।

| **क्र.सं.** | **विद्यालय** | **विद्यालयमा अध्यनरत विद्यार्थी विवरण** | | |
|---|---|---|---|---|
| | | **छात्रा** | **छात्र** | **जम्मा** |
| १ | सामुदायिक | १७७८ | १८४५ | ३१९० |
| २ | संस्थागत | ३१३ | ४१३ | ७२६ |
| | **जम्मा** | **२०१३** | **१९०३** | **३९१६** |

माथीको तथ्याङ्कलाई तहगत रूपमा विश्लेषण गरी निम्नानुसार देखाउन सकिन्छ।

**शैक्षिक सत्र २०८१**

| **तह** | **सामुदायिक तर्फ** | | | **संस्थागत तर्फ** | | | **कूल जम्मा** |
|---|---|---|---|---|---|---|---|
| | **छात्रा** | **छात्र** | **जम्मा** | **छात्रा** | **छात्र** | **जम्मा** | |
| प्रारम्भिक बालविकास | १६२ | १९५ | ३५७ | १४८ | १९७ | ३४५ | ७०२ |

| | | | | | | | |
|---|---|---|---|---|---|---|---|
| आधारभूत तह कक्षा (१ – ५) | ५३७ | ५६९ | ११०६ | १४२ | १७८ | ३२० | १४२६ |
| आधारभूत तह कक्षा (६ – ८) | ६५६ | ७०९ | ९३२ | २३ | ३८ | ६१ | ९९३ |
| माध्यमिक तह (९ – १०) | २७३ | २५४ | ५२७ | ० | ० | ० | ५२७ |
| माध्यमिक तह (११ – १२) | १५० | ११८ | २६८ | ० | ० | ० | २६८ |
| **जम्मा** | **१७७८** | **१८४५** | **३१९०** | **३१३** | **४१३** | **७२६** | **३९१६** |

स्रोतः गाउँपालिकाकको IMES- २०८१

समग्रमा हेर्दा यस पालिकामा प्रारम्भिक बालविकास शिक्षा तहमा संस्थागत र सामुदायिक विद्यालयमा भर्ना करिब बराबरको सङ्ख्यामा रहेको छ । संस्थागत विद्यालयमा प्रारम्भिक बालविकास र शिक्षा अन्तर्गत संस्थागत तहमा नर्सरी, एलकेजी यू. के. जी को प्रबन्ध हुने भएकाले संस्थागत विद्यालयमा प्रारम्भिक बालविकास र शिक्षामा बालबालिका धेरै देखिएका छन् । यसै गरी आधारभूत तहमा रहेका सबै बालबालिकाहरू माध्यमिक तहमा प्रवेश नगरेको तथा यस सिद्ध कुमाख गाउँपलिकामा रिटेन हुन नसकेको अवस्था छ । यसर्थ यस बिषयमा गाउँपालिकाले ध्यान पुर्याएर आधारभूत तह पूरा गरेका सबै बालबालिकालाई माध्यमिक तहमा शत प्रतिशत प्रवेश गराउन पहल कदमी चाल्नु आवश्यक देखिन्छ ।

जातिगत रूपमा विद्यार्थी सङ्ख्या

| **तह** | **दलित** | | | **जनजाती** | | |
|---|---|---|---|---|---|---|
| | **छात्रा** | **छात्र** | **जम्मा** | **छात्रा** | **छात्र** | **जम्मा** |
| प्रारम्भिक बालविकास तह | २७ | ३४ | ६१ | ६ | ४ | १० |
| आधारभूत तह कक्षा (१ – ५) | १२४ | १०८ | २३२ | १८ | २५ | ४३ |
| आधारभूत तह कक्षा (६ – ८) | ९६ | ७५ | १७१ | १५ | २० | ३५ |
| माध्यमिक तह (९ – १०) | ४२ | २८ | ७० | १५ | १६ | ३१ |
| माध्यमिक तह (११ – १२) | ६ | ८ | १४ | ७ | ५ | १२ |
| **जम्मा** | **२९५** | **२५३** | **५४८** | **६१** | **७०** | **१३१** |

स्रोतः गाउँपालिकाकको IMES- २०८१

## सामुदायिक विद्यालयमा शिक्षक सङ्ख्या

सिद्ध कुमाख गाउँपालिकामा सामुदायिक विद्यालयमा विभिन्न स्रोतबाट गरी प्रारम्भिक बालविकास शिक्षा केन्द्रमा २९ जना, आधारभूत तह कक्षा ५ सम्ममा जम्मा ७३ जना, आधारभूत तह ६ देखि ८ सम्ममा जम्मा ४० जना, मा. वि तह ९ देखि १२ मा जम्मा ३० साथै प्राविधिक धारमा ८ जना शिक्षकहरू रहेका छन् ।

गाउँपालिका शिक्षा शाखाको तथ्याङ्कअनुसार गाउँपालिकामा रहेका शिक्षक विवरण यस प्रकार रहेको छ ।

| तह | जम्मा शिक्षक | महिला | पुरूष | गाउँपालिका अनुदान | सङ्घीय अनुदान | राहत | स्थायी | करार |
|---|---|---|---|---|---|---|---|---|
| प्रारम्भिक बालविकास र शिक्षा | २९ | २९ | ० | ५ | | | | २४ |
| आधारभूत तह (कक्षा १ देखि ५) | ७३ | २८ | ४५ | ९ | | २५ | ३४ | ५ |
| आधारभूत तह (कक्षा ६ देखि ८) | ४० | १० | ३० | २० | ६ | ८ | ६ | |
| माध्यमिक तह (कक्षा ९ देखि १२) | ३० | ६ | २४ | १५ | ९ | ६ | | |
| प्राविधिक धारतर्फ | ८ | ३ | ५ | | | | | ८ |
| जम्मा | १८० | ७६ | १०४ | ४९ | १५ | ३९ | ४० | ३७ |

गाउँपालिकामा विभिन्न शैक्षक सूचक र तिनको अवस्था निम्नअनुसार रहेको छ ।

| तह | शिक्षक विद्यार्थी अनुपात (सामुदायिक) | लैङ्गिक समता सूचक (सामुदायिक) | कूल भर्ना दर | खूद भर्ना दर |
|---|---|---|---|---|
| प्रारम्भिक बालविकास तह | १:१२.३ | ०.८३ | ७८.८ | ६६.२ |
| आधारभूत तह कक्षा (१ – ५) | १:१५ | ०.९४ | १२५.५ | ९६.६ |
| आधारभूत तह कक्षा (६ – ८) | १:२१.२ | ०.९३ | १२९.३ | ९३.७ |
| (कक्षा १– ८) | १:१८ | ०.९३ | १२७ | ९५.९ |

| | | | | |
|---|---|---|---|---|
| माध्यमिक तह (९ – १०) | | १.०७ | ८७.२ | ८१.७ |
| माध्यमिक तह (११ – १२) | | १.२७ | ५२.८ | ३८.४ |
| माध्यमिक तह (०९– १२) | १:२०.२ | १.१४ | ६९.६ | ६०.१ |
| कक्षा १ को खूद प्रवेश दर | ११०.६ | | | |
| कक्षा १ को कूल प्रवेश दर | | | ९६.१ | |

फल्यास रिपोट २०८० र इमिस २०८१

कक्षा उतीर्ण, कक्षा छोड्ने र दोहोर्याउने दर

| तह | कक्षा उतीर्ण दर | कक्षा छोड्ने दर | कक्षा दोहोर्याउने दर |
|---|---|---|---|
| आधारभूत तह (कक्षा १–५) | ८८.१ | ६.५ | १.८ |
| आधारभूत तह कक्षा (६ – ८) | ८०.९ | १५ | १.२ |
| (कक्षा १– ८) | | | |
| माध्यमिक तह (९ – १०) | ९५.९ | ०.२ | ०.९ |
| माध्यमिक तह (११ – १२) | ९४.२ | ० | ० |
| माध्यमिक तह (०९– १२) | | | |

समग्रमा सिद्ध कुमाख गाउँपालिकाको शैक्षिक सुधारका लागि विभिन्न प्रयासहरू भएका छन् र शैक्षिक अवस्था हाल सुधार उन्मुख देखिएको छ ।यद्यपी सामुदायिक विद्यालयमा विद्यार्थी सङ्ख्या कम हुँदै गएको छ । विद्यालयमा पूर्वाधार, कक्षाकोठा एवम्, शैक्षिक सामग्रीको अपर्याप्तता रहनका साथै शिक्षक क्षमता विकास र परिचालन एवम् पेसागत सहयोग लगायतका क्षेत्रमा सुधार गर्नपर्ने देखिन्छ ।आधारभूत तह पूरा गरेपश्चात माध्यमकि तहमा विद्यार्थी भर्ना तथा तह बृद्धि कम हुनु अध्ययनको विषय देखिन्छ ।यस गाउँपालिकामा कक्षा ८ सम्मको टिकाउ दर ८७.९ प्रतिशत रहेको छ ।

सिद्ध कुमाख गाउँपालिकाको विभिन्न तहमा शैक्षिक सत्र २०८० को वार्षिक हाजिर र औषत ग्रेड निम्नानुसार रहेको छ

| कक्षा | प्राप्त ग्रेड (नतिजा) | वार्षिक औषत उपस्थिति दिन |
|---|---|---|
| प्रारम्भिक बालविकास शिक्षा | | |
| १ | १.९ | |
| २ | २.३२ | |

| | | |
|---|---|---|
| ३ | २.२४ | |
| ४ | १.९७ | |
| ५ | १.९८ | |
| ६ | १.९२ | |
| ७ | १.७१ | |
| ८ | २.०४ | १३३ |
| ९ | १.६५ | |
| १० | | |
| ११ | | |
| १२ | | |

## १.२ मुख्य समस्या तथा चुनौतीहरू

### क) समस्याहरू तथा चुनौतीहरू

- गाउँपालिकाले शिक्षा क्षेत्रको विकासलाई नीतिगत रूपमा पहिलो प्राथमिकता राखेको भए तापनि शिक्षाका कार्यक्रमहरू तथा स्रोत व्यवस्थापन सोहीबमोजिम गर्न नसकेको अवस्था छ ।
- सिद्ध कुमाख गाउँपालिकाको शिक्षा समिति, वडा शिक्षा समिति, शिक्षा शाखामा कर्मचारी लगायतको क्षमता विकास तथा परिचालन प्रभावकारी रूपमा गर्नुपर्ने देखिन्छ । यसका साथै शिक्षा शाखामा कर्मचारीको सङ्ख्या पनि अपुग रहेको छ ।
- गाउँपालिकाको शैक्षिक विकासका लागि शैक्षिक गुरूयोजना नबन्नु तथा गुणस्तर सुधारका लागि सम्भाव्यता अध्ययन नहुनु र प्राप्त अधिकार बमोजिमका जिम्मेवारी कार्यान्वयन गर्नका लागि पर्याप्त स्रोत साधनको अभाव हुनु,
- गुणस्तरीय सिकाइका लागि आवश्यक प्रविधिमैत्री भौतिक पूर्वाधारको अभाव हुनु तथा व्यवहारिक शिक्षा एवम् प्रयोगात्मक अभ्यासका लागि स्टिम ल्याव, गणित ल्याव, कम्प्यूटर र विज्ञान प्रयोगशाला नहुनु तथा सुरक्षित र मैत्रीपूर्ण पूर्वाधारको व्यवस्थापन नहुनुनु,भएका स्रोतको उच्चतम प्रयोगका लागि पनि दक्ष जनशक्तिको अभाव हुनुनु,
- समग्रमा बालबालिकाको भर्नादर तथा टिकाउदर कम हुँदै गएको छ । विशेष गरी माध्यमिक तहमा टिकाउ दर बढाउनु पर्ने देखिन्छ ।

- विषयगत शिक्षक दरबन्दी पर्याप्त भए तापनि दक्ष तथा अनुभवी शिक्षक नहुनु र शिक्षण पेसाप्रति प्रतिवद्धताको कमि तथा शिक्षकलाई प्रोत्साहन र उत्प्रेरणामा कमि हुनु
- शिक्षाको गुणस्तर सुधारका लागि विषयगत दरबन्दी मिलान, विद्यालय समायोजन, पाठयोजना सहितको शिक्षणमा जोड र प्रविधिमैत्री शिक्षण सिकाइमा जोड दिन नसक्नु,
- शारीरिक, मानसिक तथा संवेगात्मक रूपमा समस्यामा परेका बालबालिकाहरूका लागि विद्यालय पहुँच सहज नहुनु, बालमैत्री वातावरणको अभावमा पठनपाठन सञ्चालन हुनु,
- सिकाइ उपलब्धि न्यून हुनु, विद्यार्थीहरूको सिकाइ निरन्तरता दर र उपस्थिति दरमा कमि हनु तथा कक्षा छोड्ने दर उच्च रहनु
- विभिन्न तहमा शिक्षक विद्यार्थी अनुपात औषतमा राम्रो भए तापनि कक्षागत रूपमा शिक्षक न्यून हुनुनु,
- सबै विद्यालयहरूमा पुस्तकालयको व्यवस्थापन हुन नसक्नु।
- बालमैत्री तथा अपाङ्गमैत्री सुविधायुक्त कक्षाकोठा, शौचालयको सुविधा, व्यवस्थित स्वच्छ खानेपानी, सुरक्षित खेलमैदान र व्यवस्थित घेरावारको कमि हुनु
- सूचना प्रविधिको उपयोगमा सबैको पहुँच सुनिश्चित नहुनु साथै विद्युतीय हाजिरी र इन्टरनेट सुविधाको प्रभावकारी व्यवस्थापन र प्रयोग नहुनु
- विद्यालयहरूमा विभिन्न किसिमका शिक्षण सिकाइ सामग्री र सन्दर्भ सामग्री तथा अतिरिक्त क्रियाकलापका लागि खेलकुद सामग्री र शिक्षकहरू तथा बालविकास सहजकर्ताहरूको लागि क्षमता विकास र पेसागत तालिमको अभाव हुनु
- विद्यालय नक्साङ्कन नहुनु तथा विद्यालय वितरण एवम् समायोजन तथा ग्रेड घटाउने वा थप गर्ने जस्ता कार्य प्रभावकारी नहुनु र भएका पनि शिक्षा ऐन, नियमावली अनुसार भूगोलमा मेल नखानु
- अभिभावक शिक्षाको अभ्यासको कमि, समुदायको निजी विद्यालयप्रति मोह बढ्नु र सामुदायिक शिक्षामा आकर्षणको कमि हुनु
- विद्यालय व्यवस्थापन समिति र शिक्षक अभिभावक सङ्घको शैक्षिक गुणस्तर अभिवृद्धि गर्ने एजेण्डा सहितको बैठकको निरन्तरतामा कमि हुनु
- वैकल्पिक सिकाइ प्रणालीको विस्तारमा कमि हुनु तथा सामुदायिक सिकाइ केन्द्रहरू उद्देश्य अनुरूप सञ्चालन हुन नसक्नु।
- विद्यालयको शैक्षिक अभिलेख व्यवस्थापन पाटो कमजोर हुनु र संस्थागत क्षमता विकास प्रभावकारी नहुनु
- माध्यमिक तथा उच्च शिक्षा उत्पादनमुखी, अनुसन्धानमूलक र व्यवहारिक हुन नसक्नु तथा व्यवस्थापकीय कौशलतामा कमि हुनु
- शिक्षक पेसागत सहयोग र क्षमता विकास साथै सिकाइ आदान-प्रदानका कार्यक्रमहरू न्यून हुनुनु,
- विद्यालयहरूमा मापदण्ड बमोजिमको न्यूनतम र सुरक्षित भौतिक संरचनाहरूको विकास समान तवरले हुन नसक्नु र यसको प्रभावकारी व्यवस्थापन गर्न नसक्नु पनि समस्याको रूपमा देखिन्छ ।
- गाउँपालिकाको आवश्यकता बमोजिमका गाउँ शिक्षा ऐन र नियमहरू, योजनाहरू, कार्यविधीहरूको निर्माण र परिमार्जन तथा कार्यान्वयन प्रभावकारी रूपमा हुन नसक्नु ।
- विद्यालयमा सुशासनका लागि आवश्यक आर्थिक पारदर्शिता, सार्वजनिक सुनुवाइ, सामाजिक परीक्षण, लेखा परीक्षण, विद्यार्थी अभिभावक भेला जस्ता कार्यहरूलाई प्रभावकारी रूपमा कार्यान्वयन गर्न नसक्नु ।

- विद्यालयको विद्यालय सुधार योजना निर्माण प्रक्रिया सहभागितामूलक नहुनु र योजनाअनुसार कार्यान्वयन गर्न नसक्नु,
- प्रधानाध्यापक नियुक्तिका लागि स्थानीय तहले कार्यविधी र मापदण्ड स्पष्ट गर्न नसक्नु, प्र.अ. को क्षमता विकास र प्रशासनिक दक्षतामा कार्य गर्न नसक्नु,
- सूचना प्रविधिको प्रभावकारी उपयोग गर्नुपर्ने अवस्थामा पनि समय सुहाउँदो सूचना प्रविधिको व्यवस्थापन र प्रयोग गर्ने/गराउने वातावरणको सिर्जना गर्न नसक्नु,
- गाउँपालिकामा शिक्षामा काम गर्ने आवश्यकता अनुसारको जनशक्तिको कमि हुनु
- विद्यालयमा अतिरिक्त क्रियाकलापहरू जस्तै खेलकुद, मनोरञ्जन तथा सिर्जनात्मक क्रियाकलापका लागि न्यूनतम सामग्रीहरू उपलब्ध नहुनु र विद्यालयले पनि यस्ता क्रियाकलापहरू प्रभावकारी रूपमा लागु गर्न नसक्नु,
- विद्यालयमा सुरक्षित घेरावार, शुद्ध पिउनेपानी, सफा र बालमैत्री शौचालय, सरसफाइ तथा वातावरणीय अवस्थाहरूमा उल्लेख्य सुधार ल्याउन नसक्नु, व्यावहारिक र सीपमूलक तथा जीवनपर्यन्त शिक्षण सिकाइका अभ्यासहरूमा तीव्रता दिन नसक्नु ।
- कक्षाकोठा व्यवस्थापनको प्रभावकारीतामा कमि, विद्यालयमा प्राथमिक उपचार कक्ष र प्राथमिक उपचारको प्रबन्ध नहुनु, सबै विद्यालयमा प्रारम्भिक बालविकास र शिक्षा केन्द्रहरू नहुनु जस्ता समस्याहरू रहेका छन् ।
- नियमित स्वास्थ्य परीक्षणको अभाव, अपाङ्गतामैत्री संरचना नहुनु, पोषण तथा दिवा खाजा व्यवस्थापन प्रभावकारी बनाउन नसक्नु, अभिभावक शिक्षामा कमि, हरित विद्यालय अवधारणा लागु नहुनु जस्ता समस्याहरू रहेका छन् ।

### ख) अवसरहरू

- नेपालको संविधान २०७२ ले प्रदान गरेको शिक्षाले व्यवहारिक, जीवनउपयोगी, सीपमूलक, प्रतिस्पर्धी र समसामयिक चुनौतीको सामना गर्नसक्ने जनशक्ति उत्पादन गर्नका लागि संवैधानिक अधिकार क्षेत्रभित्र रही विभिन्न नीतिगत र आर्थिक कार्यक्रमको व्यवस्था गर्न सक्ने अधिकार कार्यान्वयन गर्न स्थानीय सरकार प्रतिवद्ध रहेको ।
- शिक्षा क्षेत्रको विकासका लागि आवश्यक पर्ने आधुनिक भौतिक पूर्वाधारको विकास अधिकांश विद्यालयमा भएकाले शैक्षिक क्षेत्रको विकासका लागि योजनावद्ध कार्यक्रम सञ्चालन गर्नका लागि आवश्यक आधार तयार भएको छ ।
- पालिकाभित्र भर्ना भएका कूल विद्यार्थी सङ्ख्या र शिक्षक सङ्ख्याको अनुपातलाई विश्लेषण गर्दा सामुदायिक विद्यालयहरूमा शिक्षक विद्यार्थी अनुपात १:२२.५ भएकाले शिक्षक सङ्ख्या पर्याप्त रहेको र यो जनशक्तिलाई शैक्षिक गुणस्तर विकासका लागि प्रभावकारी रूपमा परिचालन गर्न सकेमा पालिकाको शैक्षिक क्षेत्रको विकास हुने सम्भावना रहेको छ ।
- पालिका भित्रका विद्यालयको सङ्ख्या र पालिका भित्रका विद्यालय जाने उमेर समूहका बालबालिकाको जनसङ्ख्यालाई विश्लेषण गर्दा विद्यालयको सङ्ख्या सरदर पालिकाको आवश्यकतालाई परिपूर्ति गर्न सक्ने

रहेकाले यी विद्यालयमा आधुनिक शैक्षिक प्रविधिः कम्प्युटर ल्याव र विज्ञान प्रयोगशाला, ई-लाईब्रेरी तथा सूचना प्रविधिको व्यवस्था गर्न सकेमा गुणस्तरीय र प्रतिस्पर्धी जनशक्ति उत्पादन गर्न सकिने,

- संविधानले प्रदान गरेका अधिकार अनुसार आधारभूत तहसम्मको शिक्षा अनिवार्य र निःशुल्क हुनु तथा माध्यमिक तहको शिक्षा निःशुल्क हुनु साथै माध्यमिक तहसम्मको शिक्षा स्थानीय सरकारको एकल अधिकार क्षेत्रको रूपमा रहनु र कार्यान्वयनमा आउनुनु,
- शिक्षामा पहुँच बढाउन दिवा खाजा, अपाङ्गता भएकाहरूको लागि अपाङ्गता अनुसारको छात्रवृत्तिको व्यवस्था हुनु, छात्रा छात्रवृत्ति, लैङ्गीकमैत्री तथा अपाङ्गतामैत्री शौचालयको व्यवस्था गर्ने जस्ता कार्यक्रमहरू सञ्चालन हुनु पनि अवसरको रूपमा रहेको छ ।
- औषतमा सबै शिक्षकहरूले विभिन्न किसिमका तालिम प्राप्त गरेको र न्यूनतम शैक्षिक योग्यता हासिल गरेकाले पनि अवसरको रूपमा रहेको छ।
- गाउँपालिकाले पालिका अनुदानमार्फत शिक्षक व्यवस्थापन गरेको तथा प्रारम्भिक बालविकास शिक्षकलाई मासिक थप रू. ७००० का दरले प्रोत्साहन सेवा उपलब्ध गराएको साथै विद्यालय कर्मचारीहरूमा कार्यालय सहयोगीलाई रू. ७००० र लेखा कर्मचारीलाई रू. ४५००का दरले थप प्रोत्साहन उपलब्ध गरिएको ।
- शिक्षक कम भएको विद्यालयहरूमा बिषयगत शिक्षक व्यवस्थापन हुने गरी गाउँपालिका अनुदान मार्फत शिक्षक थप गरिएको छ ।
- भौतिक पूर्वाधारमा अधिकांश विद्यालयहरूमा न्यूनतम सुविधा पुगेकाले सुधार गर्न सहज देखिन्छ।
- स्थानीय पाठ्यक्रमको निर्माण भै प्रयोगमा आइरहेको तथा कक्षा ६-८ सम्मको पाठ्यपुस्तक निर्माणका लागि तयारी थालेको र आगामी शैक्षिक सत्रबाट कार्यान्वयन गर्ने लक्ष्य रहेको साथै कक्षा १ देखि ५ सम्मको पनि आगामी वर्ष तयार गरी कार्यान्वयन गर्ने लक्ष्य रहेको
- सबै विद्यालयहरूमा बालक्लब, वि.व्य.स. र शि.अ.सङ्घ गठन भएको साथै सबै विद्यालयहरूमा गुनासोगु सुनुवाइ पेटिका रहेको ।
- सबै विद्यालयहरूमा विद्यालय सुधार योजना निर्माण भैं अद्यावधिक भएको साथै सामाजिक परीक्षण तथा लेखा परीक्षण नियमित रूपमा हुने गरेको।
- सबै विद्यालयहरूमा खेलकुद लगायतका अतिरिक्त क्रियाकलापहरू नियमित रूपमा सञ्चालन भैरहेको।
- बालबालिकाहरूलाई समयअनुसार जुकाको औषधि, भिटामिन ए र किशोरीहरूलाई स्यानटरी प्याड तथा आइरन चक्की वितरण भैरहेको।

# परिच्छेद- २ : दूरदृष्टि, उद्देश्य, रणनीत तथा लक्ष्य निर्धारण

## २.२ दूरदृष्टि

"समता सहितको जीवनउपयोगी, प्रतिस्पर्धी र प्रविधिमैत्री, रोजगारमूलक जनशक्ति निर्माणमा शैक्षिक पूर्वाधारः शिक्षित र समृद्ध सिद्ध कुमाखको बलियो आधार "

## २.३ लक्ष्य

समतामूलक पहुँच सहितको सर्वशुलभ, जीवनउपयोगी, गुणस्तरीय शैक्षिक पूर्वाधार तथा प्रविधिमैत्री र उत्पादनमुखी शिक्षाको माध्यमले सक्षम र प्रतिष्पर्धी जनशक्ति निमार्णको सुनिश्चतता गर्ने,

## २.४ उद्देश्य

- सिद्ध कुमाख गाउँपालिकामा भएका सबै बालबालिकालाई विद्यालय शिक्षामा गुणस्तरीय, सर्वसुलभ र समतामूलक पहुँच र सहभागिता सुनिश्चित गर्नु ,
- सबै बालबालिकाहरूलाई गुणस्तरीय प्रारम्भिक बालविकास तथा शिक्षाको अवसर सुनिश्चत गर्नको लागि सेवामा पहुँच र गुणस्तर वृद्धी गर्नु,
- आधारभूत तथा माध्यमिक शिक्षामा सबैको पहुँच तथा सहभागिता गरी सान्दर्भिकता र गुणस्तरमा सुधार गर्दै विद्यालयहरूको भौतिक तथा शैक्षिक वातावरण बालमैत्री, अपाङ्तामैत्री, समावेशी, र सुरक्षित बनाउनु,
- प्राविधक तथा व्यवसायिक शिक्षामार्फत सीप विकासमा पहुँच अभिवृद्धि गरी स्थानीय तहमा प्राविधिक तथा व्यवसायिक शिक्षा तथा सीप विकासका अवसर सिर्जना गर्न संयन्त्र विकास गर्ने र प्राविधक तथा व्यवसायिक शिक्षा तथा सीप विकासका अवसरहरूलाई सान्दर्भिक, उपयोगी र गुणस्तरीय बनाउनु,
- पाठ्यक्रम र पाठ्यपुस्तक तथा सन्दर्भ सामग्रीहरूको प्रभावकारी कार्यान्वयनबाट विद्यार्थीहरूमा जीवनोपयोगी तथा व्यवहारिक ज्ञान, सीप र अभिवृत्तिको विकास गरी सक्षम, सृजनशील र प्रतिस्पर्धी नागरिक तयार बनाउनु,
- गुणस्तरीय शिक्षाका लागि योग्य, व्यवसायिक रूपमा दक्ष, पेसाप्रति उत्प्रेरित, समर्पित, प्रतिबद्ध र विद्यार्थीको सिकाइप्रति जवाफदेही शिक्षकको व्यवस्था सुनिश्चित गर्नु,
- विद्यालयको शैक्षिक, भौतिक तथा आर्थिक अवस्थालाई सुदृढ बनाउँदै विद्यालयको विकास, सञ्चालन तथा व्यवस्थापनलाई प्रभावकारी बनाउने र गुणस्तरीय तथा समतामूलक शिक्षामा बालबालिकाको सहज पहुँचको आधार तयार गर्नु,
- सूचना तथा सञ्चार प्रविधिको उच्चतम प्रयोगमार्फत विद्यार्थीको सिकाइ सुधार तथा शिक्षा व्यवस्थापनमा सुधार गरी गुणस्तरीय शिक्षाको प्रबर्द्धन गर्नु र यसका लागि प्रविधिमैत्री पुस्तकालयको स्थापना र व्यवस्थापन, कम्प्यूटर ल्यावको स्थापना र व्यवस्थापन गर्नु,
- विपत् को अवस्थामा बालबालिकाको शिक्षालाई निरन्तरता दिई उनीहरूको शारीरिक, मानसिक र बौद्धिक विकासमा सहयोग पुर्याउनु

- विद्यालय उमेर समूहका बालबालिकाको प्रारम्भिक बालविकास र शिक्षा, आधारभूत तथा माध्यमिक तहको गुणस्तरीय शिक्षामा पहुँच सुनिश्चित गर्नु,
- शिक्षालाई समावेशी, जीवनोपयोगी, व्यवहारिक, प्रविधिमैत्री र गुणस्तरीय बनाई बालबालिकाको सिकाइलाई राष्ट्रिय तथा अन्तर्राष्ट्रियस्तरमा प्रतिष्पर्धी बनाउनु,
- शैक्षिक पूर्वाधारहरू आधुनिक, समावेशी, पर्यावरण अनुकूल, सुरक्षित र प्रविधिमैत्री बनाउनु र गुणस्तरीय शिक्षाका लागि योग्य, दक्ष र विषयगत शिक्षकको व्यवस्थापन गर्नु ,
- नविनतम प्रविधिको प्रयोग गरी शिक्षण सिकाइलाई जीवनोपयोगी बनाउनु र व्यवहारिक र प्रयोगात्मक शिक्षाको प्रबन्ध मिलाउनु
- शिक्षक पेसागत सहयोग प्रर्णालीको विकास तथा प्रभावकारी कार्यान्वयन गरी दक्ष र क्षमतावान, विषयगत रूपमा नै तालिमप्राप्त शिक्षकको व्यवस्था गर्नु तथा सिकाइ आदान-प्रदानको व्यवस्थापन गर्नु र शिक्षक प्रोत्साहन र उत्प्रेरणाका कार्यहरू गर्नु ,
- गाउँपालिकाको शैक्षिक गुणस्तर अभिवृद्धि गर्दै श्रम र सीप सहितको दक्ष शैक्षिक जनशक्ति उत्पादन गर्नु,
- शैक्षिक संस्थाको संस्थागत क्षमता विकास र पैरवी तथा परिचालन गरी शैक्षणिक क्रियाकलापहरूमा विद्यार्थीको समतामूलक र सहभागितामूलक पहुँच सुनिश्चित गर्नु,
- सामुदायिक सिकाइ केन्द्रहरूको क्षमता विकास र व्यवस्थापन तथा परिचालन गरी अनौपचारिक शिक्षा तथा जीवनपर्यन्त सिकाइका अवसरहरूलाई प्रभावकारी रूपमा विस्तार गर्नु ,
- प्रारम्भिक बालविकास शिक्षादेखि माध्यमिक तहसम्ममा नै सिकाइ क्रियाकलाप सञ्चालनको लागि न्यूनतम मापदण्डहरू पूरा गरी सहज, बालमैत्री, बालमैत्री, अपाङ्गतामैत्री, नविनतम प्रविधिमैत्री र हरेक तहले मैत्रीपूर्ण सिकाइ वातावरणको स्थापनामा गर्नु ,
- संस्थागत क्षमता विकासमार्फत विद्यालय व्यवस्थापनमा सुशासन, जवाफदेहीता र उत्तरदायित्वमा सुधार गर्नु ,
- शिक्षामा परिवार तथा समुदायको सहभागिता अभिवृद्धि गर्न तथा अभिभावक शिक्षा तथा सचेतना अभिवृद्धि जस्ता क्रियाकलापमार्फत अभिभावकको क्षमता विकास गर्नु ,
- माध्यमिक तहमा प्राविधिक तथा व्यवसायिक शिक्षाको व्यवस्थापन र सञ्चालन गरी सीपमूलक जनशक्ति उत्पादन गर्नु ,
- सार्वजनिक तथा निजी शैक्षिक क्षेत्रका असल अभ्यासलाई अनुसरण गर्दै निजी विद्यालयहरूको प्रभावकारी परिचालन गर्ने,
- विद्यार्थीहरूका लागि विभिन्न विषयमा खोज र कार्यमूलक अनुसन्धान गर्ने तथा समस्या समाधान गर्ने शिक्षामा जोड दिने,
- विद्यालय अनुगमन तथा सुपरिवेक्षणको क्षेत्रलाई प्रभावकारी बनाई निरन्तर अनुगमन, सकरात्मक पृष्ठपोषण तथा मूल्याङ्कनमा जोड दिनुनु,
- तहगत रूपमा एक वडा एक नमुना विद्यालयको अवधारणा ल्याई कार्यान्वयन गर्नु ,
- शिक्षकहरूलाई पेसाप्रति जवाफदेही र उत्तरदायी बनाउन विभिन्न नीति बनाउने, शिक्षहरूको कार्यसम्पादन मूल्याङ्कन गरी उत्कृष्ट कार्य सम्पादन गर्न राम्रोलाई पुरस्कृत र दण्ड नीति अवलम्बन गर्नु साथै शिक्षक व्यवस्थापन, परिचालन तथा उत्प्रेरित गर्नु ,

- विद्यालय खेलकुद विकासका लागि खेल प्रशिक्षक र खेलकुद सामग्री लगायतको सहायता मार्फत विद्यालयमा खेल संस्कृतिको प्रबर्द्धन गर्नु ,

## २.५ रणनीतिहरू

- सबै बालबालिकाको पहुँचका लागि न्यूनतम मापदण्ड, नर्म्स र ढाँचा अनुसार प्रारम्भिक बालविकास तथा शिक्षा सञ्चालन कार्यक्रम कार्यान्वयन गर्ने,
- प्रारम्भिक बालविकास र शिक्षाको नक्साङ्कन, पुनर्वितरण र आवश्यकताअनुसार नयाँ केन्द्र स्थापना गर्ने साथै विभिन्न कारणले प्रारम्भिक बालविकास र शिक्षाको पहुँचभन्दा बाहिर रहेका बालबालिकाको पहुँच सुनिश्चित गर्ने,
- कार्यक्रमको प्रभावकारिता वृद्धिका लागि परिवार, समुदाय, गैर सरकारी सङ्घ संस्था, निजी क्षेत्र र विद्यालयहरूलाई जिम्मेवार बनाउने
- विद्यालय नक्साङ्कन गर्ने तथा विद्यालयहरूको पुनर्वितरण तथा समायोजना गर्ने साथै आधारभूत तहको शिक्षामा उमेर पुगेका सबै बालबालिकाको समतामूलक पहुँच सुनिश्चित गर्ने,
- अनिवार्य तथा निःशुल्क आधारभूत शिक्षाका लागि कानुन तर्जुमा गर्ने र आवश्यक स्रोतको व्यवस्था गर्ने साथै प्रारम्भिक कक्षा पढाइसम्बन्धि क्रियाकलापहरूको लागि स्रोत व्यवस्थापन र कार्यान्वयन गर्ने,
- प्राविधिक तथा व्यवसायिक शिक्षा र सीपमूलक तालिमको मार्फत सक्षम र काम गरी खानसक्ने जनशक्ति तयार गर्ने,
- प्राविधिक तथा व्यवसायिक शिक्षा र सीपमा व्यापार तथा उद्योग क्षेत्रको सहभागिता बढाउन प्रोत्साहन गर्ने,
- आयआर्जन गर्ने खालका क्रियाकलापको माध्यमबाट आत्मनिर्भर हुनको निम्ति संस्थागत क्षमता बढाउने,
- पिछडिएका भौगोलिक क्षेत्र, महिला, आदिबासी/जनजाती, दलित, अपाङ्गता भएका नागरिक एवम् आर्थिक रूपले विपन्न समुदाय र वर्गको पहुँच बढाउन आवश्यक कार्यक्रमहरूको व्यवस्था गर्ने,
- प्राविधिक तथा व्यवसायिक शिक्षा र सीपका क्षेत्रहरू कृषि, उर्जा, पर्यटन, जलस्रोत, स्थानीय प्रविधि, सम्पदा र संस्कृति, खेलकूद, जलवायु परिवर्तन लगायतका क्षेत्रहरूमा केन्द्रित गर्न पहल गर्ने,
- विद्यार्थीहरूलाई प्राविधिक तथा व्यवसायिक शिक्षा र सीपका अवसर उपलब्ध गराउनका लागि सम्बन्धित संस्थाहरूसँग समन्वय तथा सहकार्य गर्ने,
- स्थानीय तहमा सञ्चालित प्राविधिक तथा व्यवसायिक शिक्षा र सीप प्रदायक संस्थाहरूको सञ्चालनमा आवश्यक सहयोग उपलब्ध गराउने,
- आधारभूत तहका आधार कक्षाहरूमा मातृभाषामा पठनपाठन गराउन सम्भाव्यता अध्ययन गर्ने साथै विद्यालय समायोजन तथा ग्रेड थप र घटाउने जस्ता कार्य प्रभावकारी गर्ने,
- दलित तथा पिछडा वर्गका किशोर किशोरीहरूमध्ये जेहेन्दारहरूको छनौट गरी उच्च शिक्षाका लागि सहयोग गर्ने साथै अपाङ्गता भएका युवायुवतीमध्ये जेहेन्दारहरूको छनौट गरी उच्च शिक्षाका लागि भर्ना

शुल्कमा अनुदान दिइने साथै अति विपन्न तथा सहयोग आवश्यक भएका बालबालिकाको लागि पोशाक, झोला लगायतका शैक्षिक सामग्री तथा अन्य साधनहरू उपलब्ध गर्ने, ।

- गाउँपालिकाभित्रका सबै बालबालिका हरूलाई विद्यालय शिक्षाको मूलप्रवाहमा ल्याउने र सबै बालबालिकाको समतामूलक पहुँच सुनिश्चित गर्ने,
- नेपालको संविधानको धारा ३१ बमोजिम आधारभूत तहसम्मको शिक्षा अनिवार्य तथा निःशुल्क र माध्यमिक तहसम्मको शिक्षा निःशुल्क हुने व्यवस्था गर्ने,
- विद्यालयको भौतिक, आर्थिक, शैक्षिक तथा मानवीय पक्षको प्रभावकारी व्यवस्थापन र विकास गर्दै आधारभूत तथा माध्यमिक तहको शिक्षाको गुणस्तर सुधार गर्ने,
- गाउँपालिकाभित्रका विद्यालयहरूको भौतिक पूर्वाधारको विकासका लागि सङ्घीय र प्रदेश सरकारसँग पहल एवम् समन्वय र साझेदारी गर्ने,
- समुदायको सहभागिता अभिवृद्धि गर्न समुदाय परिचालनका कार्यहरू गर्ने साथै उनीहरूको सङ्लग्नता बढाउने,
- युवा तथा खेलकुदका कार्यक्रमहरू प्रभावकारी रूपमा सञ्चालन गर्ने र विद्यालयमा खेल संस्कृतिको विकास र प्रबर्द्धन गर्ने,
- प्राविधिक तथा व्यवसायिक शिक्षाको सञ्चालन गर्ने नीतिबमोजिम माध्यमिक तहमा प्राविधकि शिक्षा कार्यान्वयन र विस्तार गर्ने र शिक्षालाई व्यवसायिक सीप तथा प्रविधिसँग जोड्न नीति तथा कार्यक्रम बनाई लागु गर्ने,
- प्रत्येक वडामा तहगत रूपमा नमुना विद्यालयको विकास गर्ने तथा माध्यमिक तहमा आवासीय विद्यालयको व्यवस्थापन गर्ने र सामुदायिक सिकाइ केन्द्रमार्फत तथा गाउँपालिका मार्फत सामुदायिक पुस्तकालयको स्थापना गरी पठन संस्कृतिको विकास गर्ने,
- विद्यालयमा बालबालिकाको सरसफाई तथा पोषणको अवस्था तथा स्वास्थ्यमा सहयोग पुग्नेगरी स्थानीय रूपमा उत्पादित दिवा खाजाको प्रबन्ध गर्नुका साथै स्थानीय स्वास्थ्य तथा अन्य सम्बन्धित सरकारी तथा गै.स.स.सँग सहकार्य गर्दै विद्यालयमार्फत सरसफाई तथा स्वच्छता शिक्षा प्रदान गरिने,
- अपाङ्गता तथा सुविधाविहिन बालबालिकाहरूलाई विद्यालयमा भर्ना हुन निरन्तरता दिन र सिकाइमा सहभागी गराई उपलब्धि सुधार गर्ने, यसका लागि अपाङ्गता भएका वालवालिकाका लागि सहजीकरण गर्न तालिमप्राप्त शिक्षकको व्यवस्थापन, शैक्षिक सामग्री तथा सहायता सामग्रीको व्यवस्थापन गर्ने,
- शैक्षिक सुशासनका लागि संस्थागत क्षमता विकास र परिचालन गर्ने,
- विद्यालयमा विषयगत शिक्षकको सुनिश्चितताका प्रयत्नहरू गर्नुका साथै शिक्षकको पेसागत विकासमा टेवा पुर्याउने तथा दरवन्दी पूरा गर्ने,

- अनौपचारिक शिक्षा कार्यक्रम सञ्चालन गर्ने, विद्यालय शिक्षा छोडेका बेरोजगार युवायुवतीहरूलाई सीपमूलक, जीवनउपयोगी र बजारको मागअनुसारका शैक्षिक कार्यक्रम सञ्चालन गर्ने,
- निरक्षर जनसङ्ख्याको पहिचान गरी सघन साक्षरता कार्यक्रम सञ्चालन गर्न प्रत्येक बस्तीमा आमा समूह, महिला समूह तथा युवा क्लबलाई परिचालन गरी साक्षरता अभियान सञ्चालन गर्ने,
- विद्यालयको नेतृत्व प्रणालीमा सुधार गर्दै प्रत्येक विद्यालयमा विद्यूत सहितको ईन्टरनेटको पहुँच प्रभावकारी बनाउने र उच्चतम प्रयोग गर्ने,
- शैक्षिक संस्थाको गुणस्तर अभिवृद्धिका लागि प्रभावकारी अनुगमन, निरीक्षण, मूल्याङ्कन गरी शिक्षकको पेसागत विकास पद्दतिमा सुधार गर्ने,
- कार्यसम्पादनका आधारमा विद्यालयहरूको वर्गीकरण गरी राम्रो अभ्यास गर्ने विद्यालय र शिक्षकलाई प्रोत्साहन र कार्यसम्पादन साह्रै कमजोर भएका संस्थालाई मूल्याङ्कन गरी दण्डको नीति अवलम्बन गर्ने,
- नीजि लगानीका शैक्षिक संस्थाहरूलाई नियमन गर्ने र उनीहरूका राम्रा अभ्यासलाई अनुसरण गर्दै स्तरीकरण गर्ने,
- स्थानीय पाठ्यसामग्रीको प्रभावकारी कार्यान्वयन गरी स्थानीय पाठ्यक्रमका आधारमा पाठ्यपुस्तक र सन्दर्भ सामग्रीको विकास र प्रयोग गर्ने साथै परिमार्जन गर्ने,
- शिक्षा क्षेत्रलाई पालिकाले पहिलो प्राथमिकतामा राख्ने तथा शैक्षिक कार्यक्रमका लागि अन्य संस्थाहरूसँग हातेमालो गरी शिक्षा विकासको लागि बहस तथा पैरवी गर्ने,
- शिक्षा, युवा तथा खेलकूद शाखाको सबलीकरण र सुदृढीकरण गरी शिक्षासँग सम्बन्धित संरचनालाई दक्षतापूर्ण, प्रभावकारी र नतिजामूलक बनाउने,
- सङ्घ र प्रदेशले बनाएका शिक्षाका नीतिसँग नबाझिने गरी पालिकाले शिक्षा सम्बन्धि आवश्यक नीति तथा कानुन निर्माण गरी प्रभावकारी रूपमा कार्यान्वयन गर्ने,

## २.६ कार्यनीति

- विद्यालय तहका सबै बालबालिकाहरूको पहुँचमा सुधारको लागि विद्यालय भर्ना अभियानलाई शैक्षिक सत्रको शुरूमा सम्बन्धित वडाको वडा अध्यक्ष वा वडा अध्यक्षले तोकेको वडा सदस्यको संयोजकत्वमा समिति तयार गरी  भर्ना अभियानलाई घरदैलो अभियान सहित सञ्चालन गरिनेछ ।
- विद्यालय जान नसक्ने बालबालिकाहरूको भर्ना अभियानबाट पहिचान गरी जोखिममा परेका बालबालिकाको शैक्षिक सहयोगका लागि बालबालिकासँग शैक्षिक सहायता कार्यक्रम लागु गर्ने,
- हरेक वडा सहित पालिकामा विद्यालय बाहिर बालबालिका नभएको घोषणा गर्ने कार्यक्रम सञ्चालन गरिनेछ ।
- प्रारम्भिक बालविकास केन्द्रको सिकाइ सुधारको लागि प्रारम्भिक बालविकास केन्द्रको पाठ्यक्रम २०७७ लाई प्रभावकारी रूपमा कार्यान्वयनमा ल्याइनेछ साथै न्यूनतम मापदणडको प्रभावकारी रूपमा कार्यान्वयन गरिनेछ ।

- प्रधानाध्यापकहरू तथा शिक्षकलाई प्रोत्साहनको लागि प्रोत्साहन भत्ताको व्यवस्था गरिनेछ साथै उत्कृष्ट कार्य गर्न तहगत शिक्षकलाई पुरस्कृत गरिनेछ ।
- प्रारम्भिक कक्षाको सिकाइ सुधारको लागि पढ्नका लागि सिक्ने र सिक्नको लागि पढ्ने धारणालाई थप निरन्तरता दिइनेछ ।
- माध्यमिक तहका विद्यालयका विद्यार्थीहरूलाई एक कार्यविधि तयार गरी निरन्तर सिकाइको लागि परिचालन गरिनेछ र उत्कृष्ठलाई प्रोत्साहन गर्ने व्यवस्था मिलाईनेछ ।
- विद्यालय सुपरीवेक्षण तथा शिक्षकको पेसागत सहयोगको लागि पालिका तहमा निश्चित कार्यविधि बनाई लागु गरिनेछ ।
- विद्यालय तहको शिक्षण सिकाइमा सुधारको लागि शैक्षिक सामग्री सहितको शिक्षण, शिक्षकको पेसागत विकास र सहयोगमा प्राथमिकता दिँदै सिकाइको लागि मूल्याङ्कनका साथै पालिकास्तरीय स्तरीकृत परीक्षा तथा परीक्षण लागु गरिनेछ ।
- सबै विद्यालयमा प्रविधिमैत्री शिक्षणको लागि चाहिने न्यूनतम सामग्रीको सहयोग गर्दै प्रविधिमैत्री शिक्षण लागु गरिनेछ ।
- आधारभूत तहमा स्थानीय पाठ्यक्रमको प्रभावकारी कार्यान्वयन गरिनेछ र पाठ्यपुस्तक निर्माण र प्रयोग गरिनेछ ।
- विद्यालयमा समुदाय तथा परिवारको सङ्लग्नता बढाउनका लागि समुदाय परिचालन र सचेतीकरण कार्यक्रमहरू लागु गरिनेछ ।
- विद्यालय खेलकुदका कार्यक्रम प्रभावकारी गर्न पालिकामा खेल शिक्षकको व्यवस्था साथै सूचना प्रविधिका लागि पनि प्रशिक्षकको व्यवस्था गरिनेछ ।
- विद्यालयको शिक्षण सिकाइ क्रियाकलापहरू सञ्चालनको लागि न्यूनतम सिकाइ वातावरणको सुनिश्चतता गर्न प्रस्तावनामा आधारित शैक्षिक सुधार कार्यक्रम लागु गरिनेछ ।
- निरन्तर सिकाइको लागि सामुदायिक सिकाइ केन्द्रको थप सुदढीकरण गरी निरन्तर सिकाइ कार्यक्रम सामुदायिक सिकाइ केन्द्रबाट गरिनेछ र सामुदायिक सिकाइ केन्द्रलाई समुदाय तहमा जीवनोपयोगी सीप सिकाइका लागि परिचालन गरिनेछ।
- विद्यालय प्रधानाध्यापकको छनोट र नियुक्ति प्रक्रियालाई पारदर्शी, विश्वसनीय गर्न निश्चित कार्यविधि तयार गरी नेतृत्व परीक्षण लागु गरिनेछ साथै प्रधानाध्यापकहरूका लागि समयसापेक्ष रूपमा भत्ताको व्यवस्था गरिनेछ ।
- विद्यालयको सुशासन, जवाफदेहीता तथा व्यवस्थापनमा प्रभावकारीता ल्याउन विभिन्न रणनीतिहरू कार्यान्वयनमा ल्याइनेछ । त्यस्ता रणनीतिहरूमा विद्यालयको नेतृत्वको क्षमता विकास कार्यक्रम, विद्यालय आचारसिंहता निर्माण र कार्यान्वयन, कार्यसम्पादन करार सम्झौता गरी पुरस्कार र दण्डको नीति अवलम्बन गरिनेछ ।
- बाह्य परीक्षकबाट हरेक वर्ष विद्यालयको कार्यसम्पादन मूल्याङ्कन, सामाजिक परीक्षण, लेखा परीक्षण र कार्यसम्पादन मूल्याङ्कनको आधारमा विद्यालयमा जाने कार्यक्रम तथा निकासालाई जोड्दै अनिवार्य र प्रभावकारी बनाइने तथा विद्यालयको नियमित मासिक शैक्षिक गतिविधिहरूको जानकारीको प्रतिवेदन मासिक रूपमा सूचना प्रविधिमार्फत लिने प्रबन्ध मिलाइने छ ।

- सङ्कटको बेलामा पनि शिक्षणसिकाइ सञ्चालन गर्न पालिकास्तरमा वैकल्पिक सिकाइ सहजीकरणको कार्यक्रम लागि भर्चुअल तथा श्रव्य दृश्य तथा अन्य छपाईका मार्फत सिकाइ सहजीकरणको व्यवस्था मिलाइनेछ ।
- अभिभावक तथा समुदाय सचेतीकरणको लागि विद्यालय परिवार तथा माध्यमिक तहका विद्यार्थीहरूलाई परिचालन गरिनेछ ।
- भौतिक पूर्वाधार (भवन, खेलमैदान, घेराबारा, स्वच्छ पिउने पानी, शौचालय, फर्निचर आदि) विकास गरिनेछ ।
- बिज्ञ रोष्टर शिक्षकको व्यवस्थापन गरी शिक्षकक पेसागत सहयोगका लागि प्रभावकारी रूपमा परिचालन गरिनेछ ।
- नक्साङ्कनका आधारमा विद्यालय स्थापना, समायोजन तथा विस्तार गरिनेछ ।
- विद्यालय शिक्षामा पहुँच बृद्धि गर्नका लागि विद्यालय भर्ना तथा स्वागत कार्यक्रम, निःशुल्क पाठ्यपुस्तक, छात्रवृत्ति, दिवा खाजा, विद्यालय पोसाक, शैक्षिक सामग्री वितरण, अभिभावक शिक्षा आदि जस्ता कार्यक्रमहरू सञ्चालन गरिनेछ ।
- सबैका लागि अनिवार्य तथा निःशुल्क शिक्षा सुनिश्चित गर्न शारीरिक, मानसिक तथा सामाजिक रूपमा पछाडि परेका बालबालिकाहरूलाई विशेष सिकाइ सामग्री र उचित शैक्षिक अवसरको सिर्जना गरिनेछ
- प्राविधिक शिक्षालय स्थापनाका लागि अध्ययन अनुसन्धान गरिनेछ । साथै शिक्षासँग सरोकार राख्ने सरोकारवालाहरूसँगको समन्वय तथा सहकार्य प्रभावकारी रूपमा बढाईनेछ ।
- अनुगमन तथा मूल्याङ्कन प्रणाली चुस्त दुरूस्त बनाइनेछ तथा परीक्षा प्रणालीमा पनि स्तरीकृत गर्दै लगिनेछ ।

## २.७ अपेक्षित उपलब्धिहरू

- सबै तहका औपचारिक (प्रारम्भिक बालविकास र शिक्षा, आधारभूत तथा माध्यमिक तह) र अनौपचारिक शिक्षामा सबै बालबालिकाहरूको समतामूलक पहुँच सुनिश्चित भई सान्दर्भिकता र गुणस्तरमा सुधार भएको हुनेछ ।
- सबै तहका सामुदायिक विद्यालयहरू, प्राविधिक तथा व्यवसायिक शिक्षा लगायतका संस्थाहरूमा पेसागत रूपमा सबै जनशक्ति सक्षम र जिम्मेवार भै कार्यरत रहेका हुने हुनेछन् ।
- पाठ्यक्रमको प्रभावकारी कार्यान्वयनबाट दैनिक जीवनका लागि आवश्यक आधारभूत सक्षमतासहित सृजनशील, सकारात्मक सोच भएको, निरन्तर सिकाइप्रति प्रतिबद्ध र रोजगारउन्मुख नागरिक तयार भएको हुनेछ ।
- सक्षम र अभिप्रेरित शिक्षकको व्यवस्था भई विद्यार्थीको सिकाइमा सुधार भएको हुनेछ र शिक्षक पेसागत सहायता प्रणालीको प्रभावकारी रूपमा सञ्चालन भएको हुनेछ।
- सबै विद्यालयहरू गुणस्तरी शिक्षा प्रदान गर्न सक्षम भएका हुनेछन् र वालवालिकाको न्यूनतम सिकाइ उपलब्धि हासिल भएको हुनेछ।

- विद्यालय तहको शिक्षामा सबैका लागि समतामूलक पहुँच र समावेशी सहभागिता सहित गुणस्तरीय शिक्षा सुनिश्चित भएको हुनेछ ।
- सूचना तथा सञ्चार प्रविधिको विस्तार भई सिकाइलाई प्रभावकारी, गुणस्तरीय र सान्दर्भिक बनाउन सहयोग पुग्नुका साथै विद्यालय शिक्षाको व्यवस्थापनमा सुधार आई सुशासन प्रबर्द्धन भएको हुनेछ ।
- प्रभावकारी अनुगमन र सुपरीवेक्षणको माध्यमबाट शिक्षा योजना कार्यान्वयनका चरणमा आएका समस्या तथा चुनौतीहरूलाई समयमै सम्बोधन भई अपेक्षित उपलब्धि हासिल हुने र योजनाको मूल्याङ्कनमा आधारित भई आवश्यकतामा आधारित योजना निर्माणका लागि पृष्ठपोषण प्राप्त भएको हुनेछ ।
- सबै तहमा विद्यार्थी टिकाउ दर बढेको साथै कक्षा दोहोर्याउने दर कम भएको हुनेछ । कक्षा उतीर्ण दर पनि बढेको हुनेछ ।
- सबै तहका विद्यालयले आधारभूत रूपमा न्यूनतम मापदण्ड पूरा गरेर सिकाइ वातावरणमा सुधार गरेका हुनेछन् ।
- प्राविधिक शिक्षालयको प्रभावकारी व्यवस्थापन तथा नयाँ स्थापना भै विद्यार्थीहरूले विभिन्न क्षेत्रको व्यवहारिक सीप हासिल गरेका हुनेछन् । पाठ्यक्रम तथा पाठ्यसामग्रीको उपलब्धता, उत्प्रेरित शिक्षकको व्यवस्थापन, प्रविधिको समुचित प्रयोग र उचित सिकाइ वातावरणको निर्माण भएको हुनेछ ।
- विद्यालयहरूमा प्रकोप, सङ्कट तथा महामारी लगायतका परिस्थिति प्रति उत्थानशील भएको हुनेछ र सिकाइ निरन्तरता भएको हुनेछ।
- सामुदायिक पुस्तकालयको माध्यमबाट पठन संस्कृतिको विकास र प्रबर्द्धन भएको हुनेछ ।
- बालबालिकाको पोषण, स्वास्थ्य, सुरक्षित खानेपानी, सरसफाइ तथा अतिरिक्त क्रियाकलाप, खेलकुद जस्ता क्षेत्रमा उल्लेख्य रूपमा सुधार भएको हुनेछ ।
- विद्यालयका समग्र भौतिक पक्षहरूमा सुधार भएको तथा सबै पक्षमा सुरक्षित सिकाइ वातावरण सुनिश्चित भएको हुनेछ ।

## २.८ शिक्षा योजनाका कार्यसम्पादन सूचक र लक्ष्य निर्धारण

| क्र.सं. | सूचक | सूचकहरूको तह | आधार वर्ष २०८१ | २०८३ | २०८५ | २०८७ |
|---|---|---|---|---|---|---|
| १.१ | प्रारम्भिक बालविकास र शिक्षामा कूल भर्ना दर | स्थानीय | ७८.८ | ८२ | ८४ | ९० |
| | | प्रदेश | ८६.८५ | | | |
| | | राष्ट्रिय | ८६.२ | ८९.५ | ९४.० | ९९.० |
| १.२ | प्रारम्भिक बालविकास र शिक्षाको अनुभव लिई कक्षा १ मा नयाँ भर्ना भएका बालबालिका | स्थानीय | ८९.८ | ९२ | ९४ | ९५ |
| | | प्रदेश | ८१.९१ | | | |
| | | राष्ट्रिय | ६८.६ | ७३.० | ८५.० | ९५.० |
| २.१ | कक्षा १ मा नयाँ भर्ना भएका बालबालिकाको खूदप्रवेश दर | स्थानीय | ९६.१ | ९७ | ९८ | ९९ |
| | | प्रदेश | ९५.९५ | | | |
| | | राष्ट्रिय | ९६.९ | ९७.५ | ९९.० | १०० |
| २.२ | कक्षा १ मा नयाँ भर्ना भएका बालबालिकाको कूल प्रवेश दर | स्थानीय | ११०.६ | १०७ | १०५ | १०३ |
| | | प्रदेश | १२०.९९ | | | |
| | | राष्ट्रिय | १२१.९ | ११५.० | १०७.० | १०५.० |
| २.३ | आधारभूत तह प्राथमिक कक्षा १–५ मा खूद भर्ना दर | स्थानीय | ९६.६ | ९८ | ९९ | १०० |
| | | प्रदेश | ९५.८५ | | | |
| | | राष्ट्रिय | ९७.१ | ९९.० | ९९.५ | १०० |
| २.४ | आधारभूत तह प्राथमिक कक्षा १–५ मा कूल भर्ना दर | स्थानीय | १२५.५ | १२० | ११७ | ११४ |
| | | प्रदेश | १२६.३९ | | | |
| | | राष्ट्रिय | ११९.२ | ११५.० | | |
| २.५ | आधारभूत तहको कक्षा १–५ को कक्षा छाड्ने दर | स्थानीय | ६.५ | ५ | ३ | १ |
| | | प्रदेश | ४ | | | |
| | | राष्ट्रिय | ३.२४ | | | |
| २.६ | आधारभूत तहको कक्षा १–५ को कक्षा दोहोर्याउने दर दर | स्थानीय | १.८ | १.२ | १.० | ०.५ |
| | | प्रदेश | १२.२५ | | | |
| | | राष्ट्रिय | ८.४९ | | | |
| २.७ | आधारभूत तहको कक्षा १–५ को कक्षा उतीर्ण दर | स्थानीय | ८८.१ | ९२ | ९५ | ९८ |
| | | प्रदेश | ७९.१५ | | | |
| | | राष्ट्रिय | ८३.८३ | | | |
| २.८ | आधारभूत तह प्राथमिक कक्षा ५ पूरा गर्ने दर | स्थानीय | | | | |
| | | प्रदेश | | | | |
| | | राष्ट्रिय | ८५.८ | ९३.१ | ९५.५ | ९९.५ |

| क्र.सं. | सूचक | सूचकहरूको तह | आधार वर्ष २०८१ | २०८३ | २०८५ | २०८७ |
|---|---|---|---|---|---|---|
| २.९ | आधारभूत तहमा प्राथमिक कक्षा १–५ मा भर्ना भएका ५–९ वर्ष उमेर भन्दा माथिका बालबालिका | स्थानीय | | | | २ |
| | | प्रदेश | | | | |
| | | राष्ट्रिय | २२.२ | २०.० | १५.० | १०.० |
| २.१० | आधारभूत तह प्राथमिक कक्षा १–५ कूल भर्ना दरमा लैङ्गिक समता सूचाङ्क | स्थानीय | ०.९४ | ०.९५ | ०.९७ | ०.९८ |
| | | प्रदेश | | | | |
| | | राष्ट्रिय | १.०६ | | | १.०१ |
| २.११ | आधारभूत तह कक्षा १–८ मा खूद भर्ना दर | स्थानीय | ९५.९ | ९७ | ९९ | १०० |
| | | प्रदेश | | | | |
| | | राष्ट्रिय | ९३.४ | ९९.० | | १०० |
| २.१२ | आधारभूत तह कक्षा १–८ मा कूल भर्ना दर | स्थानीय | १२७.० | १२२ | ११७ | ११२ |
| | | प्रदेश | | | | |
| | | राष्ट्रिय | ११०.४ | | | |
| २.१३ | आधारभूत तहको कक्षा ८ सम्मको टिकाउ दर | स्थानीय | ८७.९ | ९० | ९२ | ९५ |
| | | प्रदेश | | | | |
| | | राष्ट्रिय | ७९.३ | | | ९५.० |
| २.१४ | आधारभूत तहको कक्षा १ मा भर्ना भई कक्षा ८ पुरा गर्ने दर | स्थानीय | | | | |
| | | प्रदेश | | | | |
| | | राष्ट्रिय | ७२.७ | | | ९५.० |
| २.१५ | आधारभूत तह कक्षा १–८ कूल भर्ना दरमा लैङ्गिक समता सूचक | स्थानीय | ०.९३ | ०.९४ | ०.९५ | ०.९७ |
| | | प्रदेश | | | | |
| | | राष्ट्रिय | | | | |
| २.१६ | आधारभूत तह कक्षा १ -८ अध्यापनरत कूल शिक्षक मध्ये महिला शिक्षकको प्रतिशत | स्थानीय | ३२.६ | ३४ | ३५ | ३६ |
| | | प्रदेश | | | | |
| | | राष्ट्रिय | ४७ | ४५.० | ५०.० | ५०.० |
| २.१७ | आधारभूत तह कक्षा ६-८ मा कक्षा छोड्ने दर | स्थानीय | १.२ | १.० | ०.५ | ० |
| | | प्रदेश | ३.०३ | | | |
| | | राष्ट्रिय | २.८ | | | |
| २.१८ | आधारभूत तह कक्षा ६ -८ मा कक्षा दोहोर्याउने दर | स्थानीय | १५.० | १०.० | ७.० | ५.० |
| | | प्रदेश | ६.५६ | | | |

| क्र.सं. | सूचक | सूचकहरूको तह | आधार वर्ष २०८१ | २०८३ | २०८५ | २०८७ |
|---|---|---|---|---|---|---|
| | | राष्ट्रिय | ५.१९ | | | |
| २.१९ | आधारभूत तह कक्षा ६ -८ मा कक्षा उतिण दर | स्थानीय | ८०.९ | ८५.० | ९०.० | ९५.० |
| | | प्रदेश | ८५.८१ | | | |
| | | राष्ट्रिय | ८८.२ | ९० | ९५ | ९८ |
| ३.१ | माध्यमिक तह कक्षा ९ -१२ मा कूल भर्ना दर | स्थानीय | ५२.८ | ५८ | ६२ | ६७ |
| | | प्रदेश | | | | |
| | | राष्ट्रिय | ४७.६ | | ६५.० | |
| ३.२ | माध्यमिक तह (कक्षा ९ -१२) मा खूद भर्ना दर | स्थानीय | ३८.४ | ५० | ६० | ७० |
| | | प्रदेश | | | | |
| | | राष्ट्रिय | ७१.४ | | | ९९.० |
| ३.३ | माध्यमिक तहमा कूल भर्ना दरमा लैङ्गिक समता सूचक कक्षा ९ -१२ | स्थानीय | १.१४ | १.०८ | १.०४ | १.० |
| | | प्रदेश | | | | |
| | | राष्ट्रिय | १.०२ | १.०० | १.०० | १.०० |
| | | प्रदेश | | | | |
| | | राष्ट्रिय | २४.० | | | |
| ३.४ | माध्यमिक तह कक्षा ९ —१२ मा कार्यरत महिला शिक्षक प्रतिशत | स्थानीय | २३.६ | २५ | २६ | २७ |
| | | प्रदेश | | | | |
| | | राष्ट्रिय | २०.६ | २२.० | २७.० | ३३.० |
| ३.५ | कक्षा ९ मा प्राप्त ग्रेड | स्थानीय | १.६५ | १.९५ | २.३० | २.८० |
| ३.६ | माध्यमिक तह कक्षा ९ — १० मा कक्षा छाड्ने दर | स्थानीय | ०.९ | ०.७ | ०.५ | ०.३ |
| | | प्रदेश | २.३५ | | | |
| | | राष्ट्रिय | १.९४ | | | |
| ३.७ | माध्यमिक तह कक्षा ९ — १० मा कक्षा दोहोर्याउने दर | स्थानीय | ०.२ | ०.१ | ० | ० |
| | | प्रदेश | २.४७ | | | |
| | | राष्ट्रिय | २.१८ | | | |
| ३.८ | माध्यमिक तह कक्षा ९ — १० मा कक्षा उतिण दर | स्थानीय | ९५.९ | ९७ | ९८ | ९९ |
| | | प्रदेश | ९१.५२ | | | |
| | | राष्ट्रिय | ९३.४२ | | | |
| ३.९ | माध्यमिक तह कक्षा ११ — १२ मा कक्षा उतिण दर | स्थानीय | ९४.२ | ९६ | ९८ | ९९ |
| | | प्रदेश | ९१.११ | | | |

| क्र.सं. | सूचक | सूचकहरूको तह | आधार वर्ष २०८१ | २०८३ | २०८५ | २०८७ |
|---|---|---|---|---|---|---|
| | | राष्ट्रिय | ९१.२७ | | | |
| ४.१ | साक्षरता दर कूल | स्थानीय | ७७.३ | | | ९०.० |
| | | प्रदेश | | | | |
| | | राष्ट्रिय | ५८.० | | ९५.० | |
| ४.२ | महिला साक्षरता | स्थानीय | ७०.० | | | ८५.० |
| | | प्रदेश | | | | |
| | | राष्ट्रिय | ०.६५ | | | ०.८० |
| ५.१ | आधारभूत तह कक्षा १ –५ मा विद्यार्थी:शिक्षक अनुपात सामुदायिक विद्यालय | स्थानीय | १५:१ | १८:१ | १९:१ | २०:१ |
| | | प्रदेश | | | | |
| | | राष्ट्रिय | २४:१ | | ३०:१ | ३०:१ |
| ५.२ | आधारभूत तह कक्षा ६ –८ मा विद्यार्थी:शिक्षक अनुपात सामुदायिक विद्यालय० | स्थानीय | २१.२:१ | २४:१ | २६:१ | २७:१ |
| | | प्रदेश | | | | |
| | | राष्ट्रिय | ३०:१ | | ३०:१ | ३०:१ |
| ५.३ | आधारभूत तह कक्षा १ –८ मा विद्यार्थी:शिक्षक अनुपात सामुदायिक विद्यालय | स्थानीय | १८:१ | २०:१ | २२:१ | २४:१ |
| | | प्रदेश | | | | |
| | | राष्ट्रिय | ३३:१ | ३१:१ | ३०:१ | ३०:१ |
| ५.४ | माध्यमिक तह कक्षा ९ –१० मा विद्यार्थी:शिक्षक अनुपात सामुदायिक विद्यालय | स्थानीय | २०.२.:१ | २२:१ | २३:१ | २५:१ |
| | | प्रदेश | | | | |
| | | राष्ट्रिय | ४:१ | | ३०:१ | ३०:१ |
| ५.५ | माध्यमिक तह कक्षा ९-१२ मा विद्यार्थी:शिक्षक अनुपात | स्थानीय | २०.२.:१ | २२:१ | २३:१ | .५:१ |
| | | प्रदेश | | | | |
| | | राष्ट्रिय | ४१:१ | ३५:१ | ३०:१ | ३०:१ |
| ६.१ | कूल बजेटको शिक्षा क्षेत्रमा विनियोजित बजेट रू. हजारमा | स्थानीय | ३३.२ | ३० | ३० | ३० |
| | | प्रदेश | | | | |
| | | राष्ट्रिय | १०.६८ | १५.० | १७.० | २०.० |

**परिच्छेद- ३ : शिक्षाका मुख्य उपक्षेत्रहरू**

# ३.१ प्रारम्भिक बालविकास र शिक्षा

## ३.१.१ वर्तमान अवस्था

राष्ट्रिय पाठ्यक्रम प्रारूप, २०७६ अनुसार ४ वर्षको उमेर समूहका बालबालिकाहरूलाई वर्षको प्रारम्भिक बालविकास शिक्षाको अवसर प्रदान गर्नुपर्ने प्रावधान उल्लेख गरेको छ । यस अनुसार ४ वर्ष उमेर भित्रका बालबाललिकालाई विविध किसिमका बालबालिकाका लागि मैत्रीपूर्ण मनोरञ्जनात्मक सिकाइ सहजीकरण क्रियाकलापका माध्यमद्वारा बालबालिकाहरूको सर्वाङ्गीण विकासमा सहयोग पुऱ्याउनुको साथै कक्षा एकमा प्रवेशका लागि पूर्ण रूपमा तयार पार्नु प्रारम्भिक बालविकास र शिक्षाको मुख्य उद्देश्य रहेको छ ।यस तहमा बालबालिकाहरूलाई सिकाइप्रति प्रेरित गर्न र उनीहरूको सर्वाङ्गीण विकास गर्नको लागि शैक्षिक कार्यक्रम तयार गरिएको हुन्छ । प्रारम्भिक बालविकास र शिक्षा कार्यक्रमले बालबालिकाहरूको शारिरिक, बौद्धिक, संवेगात्मक, सामाजिक र सांस्कृतिक विकासमा सहयोग पुऱ्याउनुका साथै बालबालिकाहरूलाई कक्षा १ मा भर्ना हुनुपूर्व आवश्यक आधारभूत सीप सिकाइका क्षेत्रहरू र विषयगत सीप सिकाइका क्षेत्रहरूको माध्यमबाट विभिन्न ज्ञान, सीप, धारणा र अभिवृत्ति प्राप्त गर्न सहयोग गर्छ । नीतिगत रूपमा साधारणतः ४ (चार) वर्ष उमेर शुरू भएका बालबालिकाहरू यसमा सङ्लग्न भै ४ वर्ष उमेर पुगे पश्चात प्रारम्भिक बालविकास र शिक्षा तह पूरा गर्नु पर्दछ । नेपालको अनिवार्य तथा निःशुल्क शिक्षा ऐन २०७५, अनिवार्य तथा निःशुल्क शिक्षा नियमावली २०७७, राष्ट्रिय शिक्षा नीति २०७६ र राष्ट्रिय पाठ्यक्रम प्रारूप २०७६ मा व्यवस्था भएअनुसार प्रारम्भिक बालविकास र शिक्षाका लागि उमेर पुगेका सबै बालबालिकाहरूलाई प्रारम्भिक बालविकास र शिक्षामा पहुँच सुनिश्चित हुनु पर्दछ । प्रारम्भिक बालविकास र शिक्षामा सबै बालबालिकाहरूको पहुँच र गुणस्तर सुनिश्चित गर्नको लागि सिद्ध कुमाख गाउँपालिकाको शिक्षा योजनामा प्रारम्भिक बालविकास र शिक्षालाई प्राथमिकताका साथ समावेश गरिएको छ ।

प्रारम्भिक बालविकास र शिक्षाका कार्यक्रमहरू प्रभावकारी रूपमा कार्यान्वयन गर्नका लागि यस सिद्ध कुमाख गाँउपालिकामा सामुदायिक र संस्थागत गरेर जम्मा ३३ ओटा प्रारम्भिक बालविकास केन्द्रहरू रहेका छन् । जसमा सामुदायिक तर्फ २९ वटा (२८ वटा विद्यालयमा आधारित र समुदायमा आधारित १) तथा संस्थागत ४ वटा प्रारम्भिक बालविकास केन्द्रहरू रहेका छन्। सामुदायिक तहको बालविकास केन्द्रहरूमा १ वटा विद्यालयमा भने २ वटा केन्द्रहरू ररहेका छन् । प्रारम्भिक बालविकास तहमा सामुदायिक र संस्थागत गरेर जम्मा ७०२ जना बालबालिका रहेका छन् जसमा छात्रा ३१० जना र छात्र ३९२ जना रहेका छन् । हाल सामुदायिकतर्फका प्रारम्भिक बालविकास र शिक्षा तहमा छात्रा १६२ जना छात्र १९५ जम्मा ३५७ जना, संस्थागत तर्फ छात्रा १४८ र छात्र १९७ जना जम्मा ३४५ जना रहेका छन् ।

यस गाउँपालिको सेवा क्षेत्रभित्रका बालबालिका लाई प्रारम्भिक बालविकास र शिक्षाको पहुँचमा पुऱ्याउनको लागि गाउँपालिकाले आफ्नै स्रोतबाट ७ वटा प्रारम्भिक बालविकास केन्द्रको व्यवस्था गरेको छ। प्रारम्भिक बालविकास र शिक्षा केन्द्रमा जम्मा ३३ जना प्रारम्भिक बालविकास शिक्षकहरू कार्यरत रहेका छन् । जसमध्ये सङ्घीय अनुदानबाट २२ जना, गाउँपालिका अनुदानबाट ७ जना र संस्थागत ४ जना गरी जम्मा ३३ जना

प्रारम्भिक वालिकास शिक्षक रहेका छन् । प्रारम्भिक बालविकास शिक्षकहरू सबैले न्यूनतम योग्यता हासिल गरेका छन् भने विभिन्न् किसिमका तालिम तथा क्षमता विकासका कार्यक्रमहरू प्राप्त गरेका छन् । प्रारम्भिक बालविकास र शिक्षाका लागि आवश्यक न्यूनतम आधारभूत तालिम भने सबै शिक्षकहरूले प्राप्त गर्न पाएका छैनन्। न्यूनतम आधारभूत तालिम तथा क्षमता विकासको प्याकेजको प्रबन्ध गरी सहजीकरण प्रक्रिया प्रभावकारी बनाउन आवश्यक देखिन्छ ।

प्रारम्भिक बालविकास र शिक्षामा आधार वर्ष २०८१ को तथ्याङ्क हेर्दा कूल भर्नादर ७८.०८ प्रतिशत र खूद भर्नादर ६६.०२ प्रतिशत मात्र रहेको छ । विद्यार्थी शिक्षक अनुपात १२.३ः १ रहेको छ भने लैङ्गिक समता सूचक ०.८३ रहेको छ । सिद्ध कुमाख गाउँपालिकामा केही प्रारम्भिक बालविकास र शिक्षा केन्द्र बाहेक प्रायजसो प्रारम्भिक बालविकास र शिक्षा केन्द्रहरूले न्यूनतम मापदण्ड पुरा गरेको देखिँदैन । प्रारम्भिक बालविकास र शिक्षा केन्द्रले पाठ्यक्रमको प्रयोग, सन्दर्भ सामग्रीहरूको प्रयोग तथा पाठ्यक्रम अनुसारको प्रभावकारी सहजीकरण प्रकिया प्रभावकारी रूपमा प्रयोग गरेको देखिँदैन ।प्रारम्भिक बालविकास र शिक्षा केन्द्रमा भने अझै पनि कम उमेर समूहका बालबालिकाहरूको भर्ना भएको पाईन्छ ।यसले खूद भर्नादर र कूल भर्नादरलाई प्रत्यक्ष रूपमा असर पारिरहेको छ । अझैं पनि कतिपय स्थानहरूमा प्रारम्भिक बालविकासको लागि भवन, कक्षा कोठा, सिकाइ सामग्रीहरू, अपाङ्गमैत्री भौतिक संरचना, पहुँचमार्ग, पोषणयुक्त दिवा खाजाको पर्याप्ततामा समस्या परिरहेको देखिन्छ । प्रारम्भिक बालविकासमा कार्यरत सहजकर्ताहरूको समयसापेक्ष पारिश्रमिक र पेसागत सीप विकासका अवसरहरूमा कमि रहेको देखिन्छ। यद्यपि स्थानीय तहबाट प्रारम्भिक बालविकास शिक्षकका लागि मासिक रू. ७००० पारिश्रमिक थप गरेको छ भने विद्यालयलाई प्रति विद्यार्थी रू. ५०० को दरले वार्षिक अनुदान दिने गरेको छ। यो अनुदान सङ्घीय सरकारको प्रति विद्यार्थी लागत अनुदान हो भने प्रति विद्यार्थी वार्षिक रूपमा प्राप्त हुने रकमबाट बालबालिकाको लागि सिकाइ सामग्री खरिद गर्ने तथा स्थानीय शैक्षिक सामग्रीहरूको निर्माण गर्ने तथा कक्षाकोठाको प्रभावकारी व्यवस्थापन गर्ने भए तापनि यसको कार्यान्वयन भने फितलो नै देखिन्छ ।बालबालिकास केन्द्रलाई हरेक हिसाबमा मैत्रीपूर्ण बनाउन तथा बालबालिकाको सुरक्षित वातावरणमा सिक्ने अवसर प्रदान गर्नका लागि अहम भूमिका निर्वाह गर्नुपर्ने देखिन्छ । बालबालिकाको लागि बालमैत्री खेलकुद र सिकाइ अवसरहरू प्रदान गर्ने र सहजीकरणका लागि शिक्षक क्षमता विकास र पेसागत सहयोगका अवसरहरू प्रदान गर्ने कार्य प्रभावकारी रूपमा अगाडि बढाउन आवश्यक देखिन्छ । प्रारम्भिक बालविकास र शिक्षाको प्रभावकारी कार्यान्वयनका लागि संस्थागत क्षमता विकास, समुदाय परिचालन, शिक्षक पेसागत सहयोग, प्रविधिमैत्री र सुरक्षित सिकाइ वातावरण निर्माणको क्षेत्रमा कार्य गरी शिक्षक प्रोत्साहन तथा परिचालन लगायतमा ध्यान दिन आवश्यक छ । यसका अलावा बालबालिकाको स्वास्थ्य चेकजाँच र उनीहरूको शारिरिक एवम् मानसिक विकासमा र सरसफाइमा पनि पूर्ण रूपमा ध्यान पुर्याउनका लागि सङ्घ, प्रदेश, स्थानीय सरकार लगाएत सबै सरोकारवालाहरूको सहयोग हुनुपर्ने देखिन्छ ।

### ३.१.२ उद्देश्य

क) प्रारम्भिक बालविकास उमेर समूहका सबै बालबालिकाहरूलाई प्रारम्भिक बालविकास र शिक्षाको अनुभव सहित कक्षा १ मा प्रवेशको लागि तयार पार्नु ।

ख) प्रारम्भिक बालविकास र शिक्षामा सबै बालबालिकाहरूको समतामूलक र सहभागितामूलक पहुँच सुनिश्चित गर्नु ,

ग) सिद्ध कुमाख गाउँपालिकामा रहेका सबै प्रारम्भिक बालविकास केन्द्रको न्यूनतम मापदण्ड पूरा गरी सुरक्षित र प्रविधिमैत्री सिकाइ वातावरण निर्माण गर्नु तथा प्रारम्भिक बालविकास तहको शिक्षाको गुणस्तरमा सुधार ल्याउनु

घ) प्रारम्भिक बालविकास र शिक्षाका लागि प्रारम्भिक बालविकास शिक्षकहरूको क्षमता विकास, पेसागत सहयोग र प्रोत्साहनमार्फत प्रेरित गर्नु ,

### ३.१.३ रणनीति

क) सिद्ध कुमाख गाउँपालिकाभित्र रहेको भौगोलिक जटिलता र लक्षित समुदायका बालबालिकाहरूका लागि आवश्यकताका आधारमा सिकाइ केन्द्र थप गर्ने, पुनर्वितरण गर्ने वा समायोजन गर्ने,

ख) प्रारम्भिक बालविकास र शिक्षामा सबै बालबालिकाहरूको समतामूलक सहभागिता सुनिश्चित गर्नको लागि प्रारम्भिक बालविकास केन्द्रहरूको न्यूनतम मापदण्ड पूरा गरी प्रारम्भिक बालविकास र शिक्षा सञ्चालन गर्ने, यसका लागि कक्षाकोठाको वातावरण सुधार, शिक्षण सामग्रीको व्यवस्थापन, सूचना प्रविधि तथा खेल सामग्रीहरूको उपलब्धता लगायतका क्षेत्रमा ध्यान दिने,

ग) प्रारम्भिक बालविकासको शैक्षिक गुणस्तर सुनिश्चित गर्नका लागि कार्यरत शिक्षकको क्षमता विकास, पाठ्यक्रम प्रवोधीकरण, अभिभावक सचेतीकरण जस्ता विविध कार्यक्रमहरू सञ्चालन तथा कार्यान्वयन गर्ने,

घ) प्रारम्भिक बालविकास र शिक्षाका शिक्षकहरूको पेसागत दक्षता अभिवृद्धि गर्नका लागी विभिन्न तालिम तथा गोष्ठी सञ्चालन गर्नुका साथै समय सापेक्ष सेवा सुविधा तथा पारिश्रमिक र प्रोत्साहन बढाउन आवश्यक स्रोतको व्यवस्थापन गर्ने,

ङ) राष्ट्रिय पाठ्यक्रम प्रारूप तथा बालविकास पाठ्यक्रममा आधारित भई प्रारम्भिक बालविकास तथा शिक्षाका लागि न्यूनतम कार्यक्रमहरू सञ्चालन गर्ने,

च) प्रत्येक बालबालिका लाई प्रारम्भिक बालविकासको अनुभव लिने वातावरण सिर्जना गर्ने र प्रारम्भिक बालविकासको अनुभव  लिएका बालबालिकाई मात्र कक्षा १ मा भर्ना गराउने नीति अवलम्बन गर्ने,

छ) प्रारम्भिक बालविकास र शिक्षाको प्रभावकारीता वृद्धिको निम्ति प्रारम्भिक बालविकास शिक्षामा कार्य गर्ने सम्पूर्ण सङ्घ संस्था तथा सरोकारवालाहरूसँग समन्वय तथा सहकार्य गर्ने,

ज) प्रारम्भिक बालविकास र शिक्षाका सेवाहरू प्रदान गर्दा प्रविधिमैत्री र सुरक्षित वातावरण तथा हरित विद्यालय वातावरणको अवधारणा अवलम्बन गर्ने, साथै प्रारम्भिक बालविकास र शिक्षामा आवद्ध बालबालिकाको लागि सुरक्षित खेल मैदानको व्यवस्थापन गर्ने,

झ) एक विद्यालय एक प्रारम्भिक बालविकास र शिक्षा केन्द्र अनिवार्य गर्ने र नमुना प्रारम्भिक बालविकास र शिक्षाको अवधारणालाई प्रत्येक बालविकास केन्द्रहरूमा विस्तार गरिनेछ ।

ञ) नमुना प्रारम्भिक बालविकास र शिक्षा केन्द्रहरूलाई प्रोत्साहन तथा उचित सम्मानको व्यवस्था गरिनेछ।

(च) बालबालिकाको सिकाइ र विकासको मूल्याङ्कन पद्धति प्रभावकारी रूपमा कार्यान्वयन गर्ने,

## ३.१.४ प्रमुख उपलब्धि तथा नतिजा

**प्रमुख उपलब्धिः**

क) सबै ४ वर्ष उमेर पुगेका बालबालिकालाई समतामूलक र सुरक्षित तथा गुणस्तरीय प्रारम्भिक बालविकास तथा शिक्षाको अवसर सुनिश्चित भएको हुनेछन् र उमेर पुगेका शतप्रतिशत बालबालिकाहरूले प्रारम्भिक बालविकासको अनुभव हासिल गरेका हुनेछन् ।

ख) प्रारम्भिक बालविकास र शिक्षाबाट बञ्चित भएका सबै बालबालिकाहरूलाई समावेश गराई उनीहरूको सिकाइ सुनिश्चित भएको हुनेछ ।

ग) सबै प्रारम्भिक बालविकास तथा शिक्षा केन्द्रले न्यूनतम मापदण्ड पूरा गरी सुरक्षित सिकाइ वातावरण निर्माण गरेको हुनेछन् र सिकाइ वातावरण सुरक्षित र सबै हिसावमा मैत्रीपूर्ण भएको हुनेछ ।

घ) प्रारम्भिक बालविकास र शिक्षामा प्रविधिमैत्री सिकाइ वातावरण तय भएको हुने र उनीहरूको नियमित मूल्याङ्कन र वृत्तिविकास लगायतको अभिलेख तथा अनुगमन भएको हुनेछ ।

ङ) हरेक वडामा कम्तिमा एक-एक वटा नमुना प्रारम्भिक बालविकास र शिक्षा केन्द्रहरू निर्माण भएका हुनेछन्।

**नतिजा तथपरिमाणात्मक लक्ष्य**

| क्र.सं. | सूचक | आधार वर्ष २०८१ | २०८२ | २०८३ | २०८४ | २०८५ |
|---|---|---|---|---|---|---|
| १ | प्रारम्भिक बालविकासमा कूल भर्ना सङ्ख्या | ७०२ | ७१० | ७१५ | ७२० | ७२५ |
| २ | न्यूनतम् मापदण्ड पूरा भएका बालविकास केन्द्रको सङ्ख्या | ० | ४ | ६ | ८ | १० |
| ३ | प्रारम्भिक बालविकासमा खूद भर्नादर | ६६.०२ | ८६ | ८८ | ९० | ९२ |

| | | | | | | |
|---|---|---|---|---|---|---|
| ४ | प्रारम्भिक बालविकासमा कूल भर्नादर | ७८.०८ | ८६ | ९० | ९४ | ९८ |
| ५. | शिक्षक विद्यार्थी अनुपात | १:१२.३ | १:१४ | १:१४ | १:१५ | १:१५ |
| ६ | लैङ्गिक समता सूचक | ०.८३ | ०.८५ | ०.८६ | ०.८७ | ०.८८ |

### ३.१.५ प्रमुख क्रियाकलाप र परिमाणात्मक लक्ष्य

| क्र.सं. | प्रमुख क्रियाकलाप | एकाइ | लक्ष्य | परिमाणात्मक लक्ष्य ५ वर्ष | | | | | जम्मा | |
|---|---|---|---|---|---|---|---|---|---|---|
| | | | | २०८१ | २०८२ | २०८३ | २०८४ | २०८५ | | भौतिक लक्ष्य १० बर्ष |
| १ | टिपीडि र बालविकास शिक्षकको क्षमता विकास आधारभूत तालिम | पटक | ५ | ० | १ | १ | १ | १ | ५ | १ |
| २ | बालबालिकाको स्वास्थ्य परीक्षण र खोप तथा बृद्धि विकास अभिलेखीकरण | पटक | ५ | ० | १ | १ | १ | १ | १ | १ |
| ३ | स्थानीयस्तरमा उपलब्ध शैक्षिक तथा खेल सामग्री निर्माणका लागि तालिम तथा प्रयोगात्मक अभ्यास | पटक | ५ | ० | १ | १ | १ | १ | ५ | १ |
| ४ | पाठ्यक्रम प्रवोधीकरण तथा पुनर्ताजगी तालिम | पटक | ५ | ० | १ | १ | १ | १ | ४ | १ |
| ५. | बालविकास केन्द्रको नक्साङ्कन तथा पुनः वितरण | पटक | ५ | ० | १ | १ | १ | १ | ४ | १ |
| ६ | अभिभावक शिक्षा र सचेतीकरण | पटक | १० | ० | २ | २ | २ | २ | ८ | २ |
| ७ | बालविकास शिक्षकको उत्प्रेरणा मूलक क्रियाकलाप | पटक | ५ | १ | १ | १ | १ | १ | ५ | निरन्तर |
| ८ | बालविकास केन्द्रहरूमा खेल तथा शैक्षिक सामग्री व्यवस्थापन | केन्द्र | २९ | ० | २९ | २९ | २९ | २९ | २९ | निरन्तर |
| ९ | बालविकास केन्द्रहरूमा सिकाइ कर्नरको व्यवस्थापन | केन्द्र | २९ | ० | ५ | ५ | ५ | ५ | ९ | निरन्तर |
| १० | बालविकासका बालबालिलकालाई स्थानीय उत्पादनमा आधारित खाजाको व्यवस्थापन | जना | ४५०० | ७०२ | ७१० | ७१५ | ७२० | ७३० | ३५६७ | ९३३ |

| | | | | | | | | | | | |
|---|---|---|---|---|---|---|---|---|---|---|---|
| ११ | बालविकासका शिक्षकहरूलाई प्रोत्साहन र पुरस्कृत गर्ने | जना | ५ | १ | १ | १ | १ | १ | ५ | |
| १२ | सिकाइमैत्री स्मार्ट कक्षाकोठा व्यवस्थापन | केन्द्र | २९ | ३ | ४ | ४ | ४ | ४ | १० | निरन्तर |
| १३ | प्रारम्भिक बालविकासको संस्थागत क्षमता विकास | केन्द्र | २९ | ० | २९ | २९ | २९ | २९ | २९ | निरन्तर |
| १४ | नमुना बालविकास केन्द्रको व्यवस्थापन | केन्द्र | ५ | १ | १ | १ | १ | १ | ५ | निरन्तर |

# ३.२ आधारभूत शिक्षा

## ३.२.१ परिचय

राष्ट्रिय पाठ्यक्रम प्रारूप २०७६, बमोजिम कक्षा १ देखि कक्षा ८ सम्मको शिक्षालाई आधारभूत तहको शिक्षाको रूपमा बुझिन्छ । आधारभूत तह भनेको विद्यालय शिक्षाको आधार तह भएको तथा यस तहको शिक्षा विद्यालय शिक्षाको मुख्य जगको रूपमा रहेको छ । आधारभूत तहमा विशेष गरी कक्षा ३ सम्मको शिक्षालाई प्रारम्भिक कक्षाको रूपमा चिनिने र यस तहमा बालबालिकाले पढ्नका लागि सिक्ने तथा सिक्नका लागि पढ्ने सिद्धान्थलाई व्यवहारिक रूपमा कार्यान्वयन गरी माथिल्लो कक्षाको आधार बलियो रूपमा तय गर्ने हुन्छ । आधारभूत तहको शिक्षाले बालबालिका हरूको सर्वाङ्गिण विकास, गुणस्तरीय जीवनयापन र सामाजिकीकरणमा आधार तय गर्न सहयोग पुर्याउँदछ, साथै बालबालिकाको विभिन्न सीपहरू हासिल गर्न मद्दत पुर्याउदछ ।आधारभूत तहको शिक्षा प्रणालीले बालबालिका हरूलाई जीवनपर्यन्त सिकाइमा मार्ग प्रशस्त गरी माध्यमिक तह र उच्च शिक्षाका लागि आधार तय गरी बलियो शैक्षिक जग तयार पार्न मद्दत गर्दछ।

नेपालको संविधान २०७२ तथा अनिवार्य तथा निःशुल्क शिक्षा ऐन २०७५ र अनिवार्य तथा निःशुल्क शिक्षा नियमावली २०७७ मा व्यवस्था भएबमोजिम आधारभूत तह उमेर समूहका सवै बालवालिकहरूलाई अनिवार्य र निःशुल्क शिक्षाको पहुँचको हक सुनिश्चित गर्नका लागि स्थानीय तहले आफ्नो अधिकार क्षेत्र भित्र रहेर आधारभूत तह उमेर समूहका तथा आधारभूत तहका लागि योग्य सबै बालबालिकाको समतामूलक पहुँच र गुणस्तर कायम गर्न सिद्ध कुमाख गाउँपालिकाले आधारभूत तहको शैक्षिक सुधारका लागि विभिन्न कार्यक्रमहरू कार्यान्वयन गरेको छ साथै यसको प्रभावकारी कार्यान्वयनका निमित्त शिक्षा योजनमा पनि प्राथमिकताका साथ क्रियाकलापहरू राखेको छ ।

सिद्ध कुमाख गाउँपालिकामा रहेका सामुदायिक र संस्थागत गरी २७ वटा विद्यालयमा आधारभूत तहको शिक्षा सञ्चालनमा रहेको छ । यसमा सामुदायिक तर्फ २३ र संस्थागत तर्फ ४ वटा विद्यालयमा आधारभूत तहको शिक्षा सञ्चालनमा रहेको छन् । सामुदायिक विद्यालय तर्फ कक्षा कक्षा ३ सम्म मात्र सञ्चालनमा रहेको विद्यालय ४ वटा, कक्षा ५ सम्म मात्र चलेका विद्यालय ८ वटा रहेका छन्, कक्षा ८ सम्म सञ्चालनमा रहेका ५ वटा, कक्षा १० सम्म सञ्चालनमा रहेको ३ वटा र कक्षा १२ सम्म सञ्चालनमा रहेको ३ वटा गरी सामुदायिक तर्फ २३ वटा विद्यालयमा आधारभूत तहको शिक्षा सञ्चालनमा रहेको छ भने संस्थागत तर्फ कक्षा ५ सम्मका २ वटा र कक्षा ८ सम्मका २ वटा विद्यालयमा गरी ४ वटा विद्यालयमा आधारभूत तह सञ्चालनमा रहेको छ ।

सिद्ध कुमाख गाउँपालिकाको इमिस वि.स.२०८१ को तथ्याङ्क अनुसार आधारभूत तहमा अध्ययन गर्ने जम्मा विद्यार्थीको सङ्ख्या निम्नानुसार रहेको छ ।

| तह | सामुदायिक तर्फ | | | संस्थागत तर्फ | | | कूल जम्मा |
|---|---|---|---|---|---|---|---|
| | छात्रा | छात्र | जम्मा | छात्रा | छात्र | जम्मा | |
| आधारभूत तह (कक्षा १ – ५) | ५३७ | ५६९ | ११०६ | १४२ | १७८ | ३२० | १४२६ |
| आधारभूत तह (कक्षा ६ – ८) | ६५६ | ७०९ | ९३२ | २३ | ३८ | ६१ | ९९३ |
| जम्मा | ११९३ | १२७८ | २०३८ | १६५ | २१६ | ३८१ | २४१९ |

आधारभूत तहको लैङ्गिक समता सूचक आधारभूत तहमा ०.९० रहेको छ र यसमा संस्थागत विद्यालयमा भने लैङ्गिक समता सूचक जम्मा ०.७४ मात्र रहेको छ भने सामुदायिक मा ०.९३ रहेको छ । आधारभूत तहमा कक्षा १ मा कूल प्रवेश दर ११०.६ र खूद प्रबेश दर ९६.१ प्रतिशत रहेको छ । समग्रमा सिद्ध कुमाख गाउँपालिकाको आधारभूत तहका विभिन्न सूचकहरू निम्नबमोजिम रहेका छन् ।

| तह | शिक्षक विद्यार्थी अनुपात (सामुदायिक) | लैङ्गिक समता सूचक (सामुदायिक) | कूल भर्ना दर | खूद भर्ना दर |
|---|---|---|---|---|
| आधारभूत तह (कक्षा १ – ५) | १:१५ | ०.९३ | १२५.५ | ९६.६ |
| आधारभूत तह (कक्षा ६ – ८) | १:२३ | ०.९२ | १३९.३ | ९३.७ |
| (कक्षा १– ८) | १:१९ | ०.९३ | १२७ | ९५.५ |

श्रोतः CEHRD २०८०

आधारभूत तह कक्षा ८ को खूद टिकाउ दर ८७.९ रहेको छ । (कक्षा १–५) र (कक्षा ६–८) को कक्षा उत्तीर्णदर क्रमशः ८८.२ प्रतिशत र ८०.९ प्रतिशत रहेको छ । (कक्षा १–५) र (कक्षा ६–८) को विद्यालय छोड्ने दर क्रमशः ६.५ प्रतिशत र १५ प्रतिशत रहेको छ । यस सिद्ध कुमाख गाउँपालिकामा आधारभूत तहको विद्यालय सङ्ख्या र विद्यार्थी सङ्ख्या बिचको अनुपात १:८९ रहेको छ र यो सङ्ख्या सामुदायिक विद्यालयमा १:८८ रहेको छ भने संस्थागतमा विद्यालयमा १:९५ रहेको छ। त्यसैगरी शिक्षक विद्यार्थी अनुपात सामुदायिकमा १:१८ रहेको छ । यस सिद्ध कुमाख गाउँपालिका भित्र रहेका आधारभूत विद्यालयहरूले कक्षा ८ सम्मकै स्थानीय पाठ्यक्रम 'सिद्ध कुमाख सेरोफेरो' कार्यान्वयन गरेका छन् भने स्थानीय पाठ्यक्रम बमोजिम पाठ्यपुस्तक पनि निर्माण सम्पन्न भएर आगामी आ.व. देखि कार्यान्वयन गर्ने योजना बमोजिम काम भएको छ । यस अन्तरगत कक्षा ६ देखि ८ सम्मको पाठ्यपुस्तक तयार भएको र यसै आ.व.मा छपाई गरेर वितरण गर्ने योजना रहेको छ भने अन्य तहको पनि निर्माण गर्ने योजना रहेको छ । स्थानीय पाठ्यक्रम तथा समग्र आधारभूत तहको प्रभावकारी कार्यान्वयनको लागि शिक्षकको पेसागत विकास तालिम कार्यशालाहरू सञ्चालन गर्नु पर्ने देखिन्छ र आधारभूत तहका सबै कक्षाका लागि पाठ्यक्रम बमोजिमका पाठ्यपुस्तक तथा शिक्षण

सिकाइ सामग्रीको प्रभावकारी व्यवस्थापन गर्न आवश्यक छ। विद्यालयमा सिकाइमैत्री वातावरणको निर्माण, शिक्षक क्षमता विकास र उत्प्रेरणाका कार्यहरू तिब्रताका साथ कार्यान्वयन गर्न आबश्य देखिन्छ । आधारभूत तहमा उतीर्ण दर तथा टिकाउ दरमा सुधार ल्याउन आवश्यक देखन्छ भने सूचना प्रविधि तथा जीवनपर्यन्त सिकाइका अवसरहरू सिर्जना गर्न पर्ने देखिन्छ । खूद भर्ना दर हेर्ने हो भने आधारभूत तहमा सही उमेर समूहका बालबालिकाहरू अझैपनि सही कक्षामा नरहेको देखिन्छ यसर्थ कक्षा १ मा भर्ना गर्दा सही उमेर समूहका बालबालिका लागि सही उमेरमा भर्ना गरी सही तवरले सिकाइ अवसरहरू प्रदान गर्नुपर्ने देखिन्छ ।

आधारभूत तहको शिक्षाको पहुँचमा भौगोलिक, सामाजिक, सांस्कृतिक,,आर्थिक र अन्य कारणहरूले प्रभाव बालबालिकाहरू अझैपनि समतामूलक पहुँच बाहिर रहेका छन् । गुणस्तरीय सिकाइलाई प्रबर्द्धन गर्न पोषणयुक्त दिवाखाजा, शिक्षकको पेसागत क्षमता विकास, तथा सरोकारवालाहरूको प्रत्यक्ष अनुगमन, नियमन र सहयोग बढाउन आवश्यक देखिन्छ । विद्यालयलाई विभिन्न तवरले मैत्रीपूर्ण वनाउन सवैको सहभागिता बढाई सबै हिसाबमा विध्यालयमा मैत्रीपूर्ण वातावरण सुनिश्चित गर्ने, सिकाइ उपलब्धिमा व्यापक सुधार गर्ने साथै आधारभूत तहको शिक्षामा प्रविधिको प्रयोग गर्ने र कक्षा कोठासम्म सबैको समतामूलक पहुँच बढाउन, विद्यालयहरूको पूर्नवितरण एवम् मर्ज गरी समुदायको पहुँच र सहभागिता सुनिश्चत गर्नै र सेवा सुविधामा विस्तार गर्न, शिक्षालाई सवै दृष्टिकोणबाट सुरक्षित सहज र गुणस्तर बनाई वसहभागितापूर्ण वातावरणा सिर्जना गर्ने, साथै सो का लागि हुने विभिन्न किसिमका हस्तक्षेपहरू निशेध गर्न, कक्षा कोठामा सूचना तथा प्रविधिको प्रयोगमा अभिवृद्धि गर्न, विपत् जोखिम न्यूनिकरण योजनामा विद्यार्थीहरूको सहभागिता बृद्धि गर्न, विद्यार्थी मूल्याङकनलाई प्रभावकारी बनाई आधारभूत तहको परीक्षालाई व्यवस्थित गर्ने र आधारभूत तहलाई शैक्षिक गुणस्तरको आधारको रूपमा विकास गर्न आवश्यक देखिन्छ । आधारभूत तहको शिक्षामा विशेष गरी अभिभावक तथा समुदायको सहभागिता प्रभावकारी बनाउन पनि आवश्यक रहेको छ । आधारभूत तहको शिक्षालाई शैक्षिक जगको रूपमा प्रभावकारी रूपमा विकास गर्नका लागि सेवा प्रवाहमा क्षमता विकास र कार्यान्वयनमा जिम्मेवार बनाउन अति आवश्यक देखिन्छ ।

### ३.२.२ उद्देश्य

(क) अनिवार्य तथा नि:शुल्क आधारभूत शिक्षाको प्रभावकारी कार्यान्वयन गरी आधारभूत तहको शिक्षामा सवैको सहज तथा समतामूलक र सहभागिता सुनिश्चित गर्नु ,

(ख) आधारभूत तह शिक्षामा रहेका सवै बालबालिका हरूको न्यूनतम सिकाइ उपलब्धि हासिल हुने अवस्था सुनिश्चित गर्नु ,

(ग) आधारभूत तहका सबै विद्यालयहरूको शैक्षिक तथा भौतिक वातावरण बालमैत्री, अपाङ्गमैत्री, लैङ्गिकमैत्री, समावेशी, समतामूलक र सुरक्षित बनाउनु

(घ) आधारभूत तहको सिकाइलाई दैनिक जीवनसँग सम्बन्धित गराउने र अन्तरसम्बन्धित विषयवस्तुलाई एकिकृत गरी सिकाइ क्रियाकलापहरू सञ्चालन गर्नु ,

(ङ) सिकाइ उपलब्धिमा सुधार ल्याउन शिक्षकको पेसागत विकास, सिकाइ सहजीकरण, विद्यार्थी मूल्याङ्कन प्रणाली र सूचना तथा सञ्चार प्रविधिलाई व्यवस्थित गर्नु ,

(च) समुदाय तहमा समुदाय र अभिभावक शिक्षा एवम् सचेतीकरणका माध्यमबाट आधारभूत तहको शिक्षामा अभिभावकको सहभागिता, समन्वय, सहकार्य र सहयोग सुनिश्चित गर्नु ,

### ३.२.३ रणनीति

(क) संविधानले प्रदान गरेको आधारभूत तहको शिक्षालाई अनिवार्य तथा निःशुल्क बनाउने प्रावधान कार्यान्वयन गर्न स्थानीय तहले थप आवश्यक नीति, कार्यविधीहरूको तर्जुमा तथा आवश्यक स्रोतको प्रबन्ध मिलाईने छ ।

(ख) आधारभूत तहमा बालबालिकाहरूको न्यूनतम सिकाइ उपलब्धि हासिल गराउन आवधिक रूपमा सिकाइ उपलब्धिको मूल्याङ्कन गरी विद्यार्थीको सिकाइ प्रभावकारीताका लागि शिक्षकलाई प्र.अ र प्र.अ.लाई स्थानीय तहप्रति जवाफदेही हुने प्रणालीको विकास गरिनेछ र प्रशासनिक क्षमता विकास र परिचालन गरिनेछ ।

(ग) आधारभूत तहका विद्यालयहरूको भौतिक तथा शैक्षिक वातावरण समावेशी, बालमैत्री, अपाङ्गमैत्री र सुरक्षित बनाउन सङ्घीय सरकार, प्रदेश सरकार तथा अन्य सरोकारवालाहरूसँगको समन्वय र साझेदारी गरी आवश्यक कार्यक्रमहरू सञ्चालन गरिने,

(घ) आधारभूत तहका बालबालिकाहरूको शैक्षिक उपलब्धि सुधार गर्न शिक्षकको पेसागत विकास र उत्प्रेरणाका तालिमहरू सञ्चालन गरी कार्यान्वयन गरिने छ ।

(ङ) विद्यार्थी मूल्याङ्कन प्रणाली र सूचना प्रविधि तथा सञ्चार प्रणालीलाई सिकाइको अभिन्न अंगसँग जोड्दै विद्यार्थीका दैनिक क्रियाकलापसँग अन्तरसम्बन्धित गराई व्यवस्थित गरिनेछ । यसका लागि हाल कक्षा ८ को स्तरीकृत परीक्षा सञ्चालन र व्यवस्थापनलाई थप प्रभावकारी बनाउँदै कक्षा ५ को पनि स्तरीकृत परीक्षा व्यवस्थापन गरिनेछ ।

(च) विभिन्न कारणले विद्यालय बाहिर रहेका सबै बालबालिका हरूको यथार्थ विवरण सङ्कलन गरी उनीहरूको पहुँच सुनिश्चित गर्न आवश्यक व्यवस्था मिलाईने छ ।

(छ) शिक्षक, विद्यालय कर्मचारी र प्र.अको क्षमता विकास, उत्प्रेरणा र व्यवस्थापन तथा सूचना सञ्चार प्रविधिसँग परिचित र पहुँच अभिवृद्धि गराई शैक्षिक गुणस्तर अभिवृद्दि गरिने छ । यसका लागि प्रधानाध्यापकको थप प्रोत्साहन भत्ताको व्यवस्था गरिनेछ ।

(ज) वि.व्य.स, शि.अ.सं. र अभिभावकहरूको क्षमता विकास गर्न अभिमुखीकरण तथा क्षमता विकास र सचेतनामूलक कार्यक्रमहरू सञ्चालन गरिनेछ ।

(झ) शिक्षक तथा विद्यार्थीहरूलाई मनोसामाजिक परामर्श सेवा उपलब्ध गराईनेछ तथा नियमित स्वास्थ्य जाँच र स्वास्थ्य शिक्षा तथा सहायताका कार्यक्रमहरू सञ्चालन गरिनेछ ।

(ञ) विद्यालय नक्साङ्कन, पूनर्वितरण, दरबन्दी मिलान तथा समायोजनको कार्यलाई समयानुकूल थप व्यवस्थित गरिनेछ साथै भूगोल र विद्यार्थी सङ्ख्याका आधारमा कक्षा थप गर्ने तथा घटाउने कार्य गरिनेछ।

(ट) विद्यालयमा सूचना प्रविधीको व्यवस्थापन तथा उच्चतम प्रयोग, सिकाइ आदान-प्रदान जस्ता कार्य प्रभावकारी रूपमा लगिनेछ ।

(ठ) सबै विद्यालयमा बुक कर्नर, न्यूनतम शिक्षण सिकाइ र सन्दर्भ सामग्री तथा न्यूनतम पूर्वाधार सुनिश्चित गरिनेछ र विद्यालयमा पोषणयुक्त दिवा खाजा लगायतका सुविधाहरू प्रभावकारी रूपमा व्यवस्थापन र कार्यान्वयन गरिनेछ ।

(ड) बालबालिकाको विद्यालयमा नियमितताका लागि छात्रवृत्ति, शैक्षिक सहायता, बहु भाषिक शिक्षण सहजीकरण तथा पहुँच अभिवृद्धिका लागि सचेतनामूलक कार्यक्रमहरू सञ्चालन गरिनेछ ।

## ३.२.४ प्रमुख उपलब्धि तथा नतिजा

**उपलब्धिः**

(क) आधारभूत तहमा अध्ययनरत सबै बालबालिका हरूको सिकाइ उपलब्धिमा अपेक्षित रूपमा सुधार भएको हुनेछ ।

(ख) अनिवार्य तथा निःशुल्क आधारभूत शिक्षामा सबै बालबालिका हरूको समतामूलक पहुँच र सहभागिता सुनिश्चित भएको हुनेछ र सबै बालबालिकाहरूको विद्यालयमा अनिवार्य पहुँच सुनिश्चित भएको हुनेछ ।

(ग) आधारभूत तहका सबै विद्यालयहरूमा तोकिएका न्यूनतम मापदण्ड पूरा भएको हुनेछन् र शैक्षिक गुणस्तरमा अपेक्षित रूपमा सुधार भएको हुनेछ ।

घ) सम्पूर्ण विद्यालयहरूमा अपाङ्गमैत्री, प्रविधिमैत्री, बालमैत्री, वातावरणमैत्री तथा लैङ्गिकमैत्री सिकाइका लागि सुरक्षित वातावरण सिर्जना भएको हुनेछ ।

ङ) शिक्षण सिकाइ सामग्रीहरू तथा शैक्षिक र सन्दर्भ सामग्रीको प्रभावकारी उपलब्धता सुनिश्चित भई सबै बालबालिका र शिक्षकको पहुँच सुनिश्चित भएको हुनेछ र व्यवहारिक प्रयोग पनि भएको हुनेछ ।

च) बालबालिकाको नियमितताका लागि विद्यालयमा नै तयार गरेर स्थानीय उत्पादनमा आधारित पौष्टिक खाजा तोकिएको अवधिसम्म वितरण भएको हुनेछ । साथै, बालबालिकाले विभिन्न भाषामा ज्ञान हासिल गरेको र छात्रवृत्ति र शैक्षिक सहायता प्राप्त गरेको हुनेछन् ।

छ) आधारभूत तहमा कूल भर्ना दर र खूद भर्ना दर बिचको अन्तर कम भै सही उमेर समूहका बालबालिकाहरू सही कक्षामा भएको हुनेछन्।

ज) शिक्षक, विव्यस, क्लबबाल क्लब लगायतका शैक्षिक संस्थाहरूको क्षमता विकास भै सक्रीयतापूर्वक कार्य गरेका हुनेछन् साथै आधारभूत तहमा समुदाय र अभिभावकको सङ्लग्नता अभिवृद्धि भएको हुनेछ ।

**नतिजा तथा परिमाणात्मक लक्ष्य**

| क्र.सं. | सूचक | आधार वर्ष २०८० | २०८१ | २०८२ | २०८३ | २०८४ | २०८५ |
|---|---|---|---|---|---|---|---|
| १ | आधारभूत तह (कक्षा १-५) मा शिक्षक र विद्यार्थी अनुपात | १:१५ | १:२० | १:२५ | १:३० | १:३५ | १:४० |
| २ | आधारभूत तह (कक्षा १-५) मा कूल भर्नादर | १२५.५ | १२० | ११८ | ११५ | ११० | १०७ |
| ३ | आधारभूत तह (कक्षा १-८) मा कूल भर्नादर | १२७ | १२० | ११८ | ११५ | ११० | १०७ |
| ४ | आधारभूत तह (कक्षा १-५) मा खूद भर्नादर | ९६.६ | ९६.७ | ९६.८ | ९६.९ | ९७ | ९७.५ |
| ५ | आधारभूत तह (कक्षा १-८) को खूद भर्नादर | ९५.५ | ९५.६ | ९५.७ | ९६ | ९६.५ | ९७.० |
| ६ | आधारभूत तह (कक्षा १-५) को कक्षा छोड्ने दर | १.८ | १.६ | १.५ | १.३ | १ | ०.५ |
| ७ | कक्षा ६-८ को  कक्षा छोड्ने दर | १.२ | १.१ | १ | ०.९ | ०.७ | ०.५ |
| ८ | कक्षा १-५ को कक्षा दोहोर्याउने दर | ६.५ | ६ | ५.५ | ५ | ४ | ३ |
| ९ | कक्षा ६-८ को कक्षा दोहोर्याउने दर | १५ | १२ | १० | ९ | ८ | ७ |
| १० | कक्षा १-५ को उत्तीर्ण प्रतिशत | ८८.१ | ८९ | ९०.५ | ९२ | ९३ | ९४ |
| ११ | (कक्षा ६-८) को उत्तीर्ण प्रतिशत | ८०.९ | ८५ | ८७ | ९० | ९२ | ९३ |

## ३.२.५ प्रमुख क्रियाकलाप तथा परिमाणात्मक लक्ष्य

| क्र.सं. | प्रमुख क्रियाकलाप | एकाइ | लक्ष्य | परिमाणात्मक लक्ष्य ५ वर्ष | | | | | जम्मा | भौतिक लक्ष्य १० वर्ष |
|---|---|---|---|---|---|---|---|---|---|---|
| | | | | २०८१ | २०८२ | २०८३ | २०८४ | २०८५ | | |
| १ | विद्यालय भर्ना अभियान तथा अभिमुखीकरण कार्यक्रम | पटक | ५ | १ | १ | १ | १ | १ | ५ | निरन्तर |
| २ | विद्यालय नक्साङ्कन, पुनर्वितरण र समायोजन | पटक | २ | ० | १ | ० | ० | १ | २ | निरन्तर |
| ३ | शिक्षक कर्मचारी र प्र.अ. लाई शिक्षक पेसागत विकासकका लागि क्षमता विकास तालिम | पटक | ५ | १ | १ | १ | १ | १ | ५ | निरन्तर |
| ४ | बाल क्लब, इको क्लब, जुरेस तथा किशोरी क्लबहरूको गठन, पुनर्गठन र क्षमता अभिवृद्वि तालिम | पटक | ५ | ० | १ | १ | १ | १ | ४ | १ |
| ५ | वि.व्य.स, शि.अ.सं लगायतको क्षमता विकास | पटक | ५ | ० | १ | १ | १ | १ | ४ | १ |
| ५ | सिकाइमैत्री स्मार्ट कक्षाकोठा व्यवस्थापन | विद्यालय | २३ | ३ | ५ | ५ | ५ | ५ | २३ | निरन्तर |
| ६ | कक्षाकोठामा पुस्तकालय र बुकर्याक स्थापना / व्यवस्थापन | विद्यालय | २९ | ३ | ५ | ५ | ५ | ५ | २३ | ६ |
| ७ | शिक्षण सिकाइ तथा सन्दर्भ सामग्री व्यवस्थापन | पटक | ५ | १ | १ | १ | १ | १ | ५ | निरन्तर |
| ८ | विद्यालयमा दौतरी शिक्षा तथा क्लब, बाल क्लबको क्षमता विकास तथा परिचालन | पटक | ५ | १ | १ | १ | १ | १ | ५ | निरन्तर |

| | | | | | | | | | | |
|---|---|---|---|---|---|---|---|---|---|---|
| ९ | शिक्षक पेसागत सहयोग संरचना निर्माण र कार्यान्वयन, विज्ञ समूहलाइ अभिमुखीकरण तथा परिचालन | पटक | ५ | १ | १ | १ | १ | १ | ५ | निरन्तर |
| १० | अन्तरविद्यालय भ्रमण र सिकाइ आदान-प्रदान | पटक | ५ | १ | १ | १ | १ | १ | ५ | निरन्तर |
| ११ | पालिकास्तरमा पढाइ उत्सब तथा प्रतियोगिताका कार्यक्रमहरू (हस्त लेखन तथा पढाइ सीप विकास) | पटक | १० | १ | २ | २ | २ | २ | ९ | १ |
| १२ | शिक्षकका लागि सन्दर्भ सामग्री र सहायता सामग्री व्यवस्थापन | पटक | ५ | १ | १ | १ | १ | १ | ५ | निरन्तर |
| १३ | शिक्षक र विद्यालय कर्मचारी प्रोत्साहन एवंम् पुरस्कृत कार्यक्रम | पटक | ५ | १ | १ | १ | १ | १ | ५ | निरन्तर |
| १४ | लेखा तथा प्रशासन व्यवस्थापनका लागि क्षमता विकास | पटक | ५ | १ | १ | १ | १ | १ | ५ | निरन्तर |

## ३.३ माध्यमिक शिक्षा

### ३.३.१ वर्तमान अवस्था

कक्षा ९ देखि कक्षा १२ सम्मको शिक्षालाई माध्यमिक तहको शिक्षाका रूपमा बुझिन्छ । यस तहको शिक्षाले मानवीय मूल्याङ्कन साथै कला, संस्कृत, विज्ञान र प्रविधि क्षेत्रका आधारभूत मूल्य मान्यताको ज्ञान, सीप तथा दृष्टिकोण तथा सक्षम व्यवहारहरू आर्जन गरेका सक्षम जनशक्ति उत्पादन गर्ने लक्ष्य राख्दछ । यस तहको शिक्षा कामको संसारमा प्रवेश गर्न सक्ने सीप सहितको नागरिक विकास तथा उच्च शिक्षाको लागि तयारीको आधार पनि हो । नेपालको संविधान २०७२ ले माध्यमिक तहको शिक्षा निःशुल्क प्राप्त गर्ने हक स्थापित गरेको छ भने अनिवार्य तथा निःशुल्क शिक्षा ऐन २०७५ ले पनि प्रत्येक नागरिकलाई माध्यमिक शिक्षा प्रदान गर्ने दायित्व राज्यको हुने उल्लेख गरेको छ । दिगो विकास लक्ष्यले पनि व्यवसायिक शिक्षाको सुधार गर्ने कुरामा जोड दिएको छ । राष्ट्रिय शिक्षा नीति, २०७६ ले गुणस्तरीय माध्यमिक शिक्षामा सबैको निःशुल्क पहुँच सुनिश्चित गर्दै यसबाट सिर्जनशीलता, रचनात्मक, अध्ययनशीलता सकारात्मक चिन्तन र सदाचार जस्ता गुणसहितको प्रतिष्पर्धी सीपयुक्त एवम् उत्पादनशील जनशक्ति तयार गर्ने उद्देश्य राखेको छ । विज्ञान प्रविधि तथा नवप्रवर्तन नीति, २०७६ ले विद्यालय तहदेखि नै परम्परागत मौलिक ज्ञान प्रविधि तथा सीपका बारेमा अध्ययन-अध्यापन गरी वैज्ञानिक चिन्तन तथा सिर्जनाशीलता अभिवृद्धि गर्ने रणनीति लिएकोछ र यसमा माध्यमिक तहको शिक्षाको अहम भूमिका रहन्छ। यसका साथै बालय शिक्षा क्षेत्रको योजनाले माध्यमिक शिक्षामा सवैको पहुँच सुनिश्चित गर्दै सान्दर्भिक र गुणस्तर सुधारमा जोड दिएकोछ । खूद भर्नादर तथा टिकाउदर बढाउनु, रोजगारमूलक बनाउनु, शैक्षिक वातावरण बालमैत्री, समावेशी र सुरक्षित बनाउनु, शासकीय र व्यवस्थापकीय प्रबन्धमा सुधार गर्ने उद्देश्य राखेको छ ।

माध्यमिक तहको शिक्षा अन्तर्गत सिद्ध कुमाख गाउँपालिकामा जम्मा ६ ओटा माध्यमिक तहका विद्यालयहरू सञ्चालनमा छन् । माध्यमिक तहका विद्यालयहरू मध्ये ३ ओटा विद्यालयमा (कक्षा ९-१०) सम्मको पठनपाठन् हुन्छ भने ३ ओटा विद्यालयमा (कक्षा ९ -१२) सम्मको पठनपाठन् हुन्छ । यस गाउँपालिकामा रहेका सबै माध्यमिक तहका विद्यालयहरू सामुदायिक विद्यालय मात्र हुन भने संस्थागत विद्यालयहरूमा माध्यमिक तह सञ्चालनमा रहेको छैन । माध्यमिक तहका विद्यालयहरूमा एक वटा विद्यालय (निराजन मा. वि) मा प्राविधक धार तर्फको शिक्षा पनि सञ्चालनमा रहेको छ भने अन्य विद्यालयमा साधारण तर्फ मात्र सञ्चालनमा रहेका छन् । यस गाउँपालिकामा माध्यमिक तहमा अध्ययन गर्ने जम्मा विद्यार्थी सङ्ख्या ७९२ जना रहेका छन् । माध्यमिक तहमा अध्ययन गर्ने विद्यार्थीहरू तहगत रूपमा निम्नानुसार रहेका छन् ।

| तह | सामुदायिक तर्फ | | | संस्थागत तर्फ | | | कूल जम्मा |
|---|---|---|---|---|---|---|---|
| | छात्रा | छात्र | जम्मा | छात्रा | छात्र | जम्मा | |
| माध्यमिक तह (९ - १०) | २७३ | २५४ | ५२७ | ० | ० | ० | ० |
| माध्यमिक तह (११ - १२) | १५० | ११८ | २६८ | ० | ० | ० | ० |
| **जम्मा** | **४२३** | **३७२** | **७९५** | **०** | **०** | **०** | **०** |

माध्यमिक तह (कक्षा ९- १२) सम्म अध्यापन गराउने जम्मा शिक्षकको सङ्ख्या महिला ९ र पुरूष २९ गरी जम्मा ३८ जना रहेका छन् । यद्यपी माध्यमिक तहमा (कक्षा ११ -१२) मा अध्यापन गराउने शिक्षकको दरबन्दी सून्य रहेको छ । कक्षा ११ -१२ मा अध्यापनका लागि मध्यमिक तह (कक्षा ९ -१०) का शिक्षकहरूको परिचालन गरिएको छ । माध्यमिक तहमा जम्मा शिक्षक र विद्यार्थी अनुपात १:२१ रहेको छ । यसै गरी कक्षा ११ -१२ को कूल भर्नादर र खूद भर्नादर क्रमशः ५२.८ प्रतिशत र ३९.४ प्रतिशत रहेको छ । त्यसैगरी, कक्षा ९ - १० को कूल भर्नादर र खूद भर्नादर क्रमशः ८७.२ प्रतिशत र ८१.७ प्रतिशत रहेको छ ।कक्षा ९ -१० को उत्तीर्ण दर ९५.९ प्रतिशत रहेको छ । साथै, कक्षा ११ - १२ को उत्तीर्णदर ९४.२ प्रतिशत रहेको छ ।कक्षा ९- १० को कक्षा छोड्ने दर ०.२ प्रतिशत र कक्षा ११ -१२ को कक्षा छोड्ने दर ०.९ प्रतिशत रहेको छ । साथै, कक्षा ९ -१० मा कक्षा दोहोर्याउने दर भने ०.९ प्रतिशत रहेको पाईन्छ ।

समग्र रूपमा हेर्दा आधारभूत तह उतीर्ण गरिसके पश्चात माध्यमिक तहमा विद्यार्थी पालिका भित्र नै अध्ययन गर्ने दर समग्रमा अपेक्षित भने छैन ।आधारभूत तह पूरा गरिसकेपश्चात माध्यमिक तहमा प्रवेश गर्ने र माध्यमिक तहमा विद्यार्थी टिकाउ दर कम देखिन्छ । यसका साथै माध्यमिक तहमा बिषयगत शिक्षकको अभाव, शिक्षक क्षमता विकासको अभाव, अपाङ्गता तथा अन्य हिसाबमा मैत्रीपूर्ण भौतिक संरचनाको अभाव, पर्याप्त शैक्षिक तथा सन्दर्भ सामग्रीको अभाव, सूचना तथा सञ्चार प्रविधिको पुँहच तथा प्रयोगमा समस्या, विद्यालय अनुगमन तथा निरीक्षण लगायतका क्षेत्रमा समस्याहरू र चुनौतीहरू रहेका छन् । माध्यमिक तहमा विद्यार्थी रिटेन गर्नका लागि गाउँपालिकाले विभिन्न शैक्षिक कार्यक्रम जस्तैः छात्रवृत्ति, शैक्षिक सहायता र सुधारका कार्यक्रम प्रभावकारी रूपमा थालनी गर्न सक्नुपर्दछ । यसका अलावा विद्यालयमा पर्याप्त शैक्षिक सामग्री अभाव हुन, सूचना प्रविधको प्रयोग प्रभावकारी रूपमा गर्न नसक्नु, विद्यालयमा समुदायको सङ्लग्नता कमि हुनु, प्रभावकारी शैक्षिक वातावरण निर्माण गर्न नसक्नु जस्ता समस्या र चुनौती रहेका छन् । माध्यमिक तहमा सबै विद्यालयहरूमा इन्टरनेट सुविधाका लागि गाउँपालिकाबाट अनुदान जाने भए तापनि कक्षाकोठामा सूचना प्रविधिको उच्चतम प्रयोग हुनुपर्ने देखिन्छ । हाल निराजन माध्यमिक विद्यालयका सबै कक्षाहरूमा स्मार्टबोर्डको व्यवस्थापन र प्रयोग भएको र अन्य माध्यमिक तहका विद्यालयहरूमा पनि यस्ता किसिमका असल अभ्यासहरू कार्यान्वयन गरी बालबालिकालाई नविनतम प्रविधिमार्फत सिकाइ सहजीकरण गर्नुपर्ने देखिन्छ । माध्यमिक तहमा शिक्षक पेसागत सहयोग प्रणालीको सुदृढीकरण तथा शिक्षकको उत्प्रेरणा र सहायतामा मद्दत पुग्ने साथै माध्यमिक तहका विद्यालयहरूलाई क्लष्टरिङ गरी आधारभूत तहका विद्यालयमा सहयोग र सिकाइ सहजीकरणमा मद्दत पुग्ने गरी लिडर र स्रोत विद्यालयको रूपमा विकास गरी माध्यमिक तहमा आकर्षण बढाउन सकिन्छ ।

### ३.३.२ उद्देश्यहरू

सिद्ध कुमाख गाउँपालिकाको माध्यमिक तहको शिक्षालाई व्यवस्थित र गुणस्तरीय बनाई माध्यमिक तहको शैक्षिक सुधारका लागि निम्नानुसारका उद्देश्यहरू तय गरिएको छ ।

(क) माध्यमिक तहका विद्यालयहरूको भौतिक तथा शैक्षिक वातावरण, लैङ्गिकमैत्री, बालमैत्री, अपाङ्गमैत्री, प्रविधिमैत्री तथा समावेशी र सुरक्षित बनाइ सबैको लागि समतामूलक पहुँच सुनिश्चित गर्नु ,

(ख) माध्यमिक तहको विषयगत सिकाइ उपलब्धि वृद्धि गर्नु र माध्यमिक तह कक्षा १० को एस ई ई र कक्षा १२ को उतीर्ण दरमा सुधार ल्याउनु एवम् टिकाउ दरमा बृद्धि गर्नु ,

(ग) माध्यमिक तहका विद्यालयहरूमा सूचना प्रविधि र नविनतम प्रविधिहरूको उच्चतम र प्रभावकारी प्रयोग गरी विद्यार्थीको समतामूलक पहुँच अभिवृद्धि गर्नु ,

(घ) शिक्षण सिकाइ क्रियाकलापहरूलाई समय सापेक्ष बनाउँदै सिकाइ क्रियाकलापहरूलाई दैनिक जीवनसँग सम्बन्धित गर्नु र प्राविधिक तथा व्यवसायिक शिक्षा प्रबर्द्धन गरी बालबालिका लाई आत्म निर्भरतातर्फ उन्मुख गराउनु

### ३.३.३ रणनीति

माध्यमिक तहको शैक्षिक सुधारका लागि लक्षित उद्देश्यहरू प्राप्तिका लागि देहायबमोजिमका रणनीतिहरू अवलम्बन गरिएको छ ।

- विद्यालयहरूको नक्साङ्कन गर्ने र सबै बालबालिकाको पहुँच सुनिश्चित गर्नका लागि विद्यालयहरूको पुनर्वितरण, समायोजन तथा सेवा विस्तार गर्ने,
- शिक्षक र विद्यार्थी प्रोत्साहन कार्यक्रम सञ्चालन गर्ने तथा समुदाय र अभिभावकको सचेतीकरण र अभिमुखीकरणका साथै सहभागिता बढाउन भूमिका खेल्ने,
- सबै विद्यालयमा न्यूनतम मापदण्डहरू पूरा गरी बालबालिकाको लागि सुरक्षित सिकाइ वातावरण सुनिश्चित गर्ने,
- माध्यमिक तहमा दक्ष विषय शिक्षकको व्यवस्था गर्ने तथा शिक्षकलाई उत्प्रेरित हुने गरी शिक्षक पेसागत विकास तथा सहयोगको प्रणालीको प्रभावकारी कार्यान्वयन गर्ने,
- हरेक विद्यालयमा सूचना तथा सञ्चार प्रविधि विस्तार गर्ने र उच्चतम प्रयोगका लागि अभिप्रेरित गर्ने,
- विद्यालयहरूलाई प्रकोप, सङ्कट तथा महामारीलगायतका परिस्थितिप्रति उत्थानशील बनाउने,
- विज्ञान विषय अध्ययनका लागि विद्यार्थीहरूलाई आकर्षित गर्न पूर्वाधार सहितको व्यवस्था गर्ने,
- माध्यमिक तहका विद्यालयलाई शैक्षिक हवको रूपमा विकास गर्नका लागि नेतृत्वदायी भूमिका खेल्न अभिप्रेरित गर्ने,
- बालबालिकालाई जीवनपर्यन्त सिकाइका अवसरहरू प्रदान गर्ने तथा आवधिकरूपमा सिकाइको मूल्याङ्कन गरी विद्यार्थीको सिकाइमा जवाफदेही हुने प्रणाली विकास गर्ने,

## ३.३.४ प्रमुख उपलब्धि तथा नतिजा

**उपलब्धि**

क) शिक्षा योजना प्रभावकारी कार्यान्वयन पश्चात माध्यमिक तहको शिक्षामा निःशुल्क, सवैको समतामूलक र समावेशी पहुँच सुनिश्चित भई शैक्षिक गुणस्तरमा सुधार हुनेछ ।

(ख) माध्यमिक शिक्षाको सान्दर्भिकता र गुणस्तरीयतामा प्रबर्द्धन भई समता,समावेशीता र व्यवहारिकतामा रूपान्तरण भएको हुनेछ ।

ग) माध्यमिक तहमा कक्षा उतीर्ण दरमा सुधार भएको हुनेछ भने कक्षा दोहोर्याउने र कक्षा छोड्ने दरमा सुधार भएको हुनेछ

घ) शिक्षकको पेसागत क्षमता विकास, सबै विद्यालयहरू सुरक्षित, मैत्रीपूर्ण तथा शैक्षिक वातावरणामा सुधार भएको हुनेछ साथै माध्यमिक तहका विद्यालयहरूको संस्थागत क्षमता विकास प्रभावकारी रूपमा सञ्चालन भएको हुनेछ  र परिवार तथा समुदायको सङ्लग्नता बढेको हुनेछ ।

ङ) माध्यमिक तहमा सूचना तथा सञ्चार प्रविधिको उच्चतम प्रयोगमार्फत बालबालिकाको पहुँच बढेको हुनेछ साथै माध्यिमक तह उतीर्ण भएका विद्यार्थीहरू रोजगारीमा सङ्लग्न हुन योग्य हुनेछन् ।

| **क्र.सं.** | **सूचक** | **आधार वर्ष २०८१** | **२०८२** | **२०८३** | **२०८४** | **२०८५** |
|---|---|---|---|---|---|---|
| १ | माध्यमिक तह कक्षा ९-१० मा भर्ना | ५२७ | ५५० | ५७० | ५७५ | ५८५ |
| २ | माध्यमिक तह कक्षा ११-१२ मा भर्ना | २६८ | २९० | ३०० | ३१० | ३२५ |
| ३ | कक्षा ९- १२ मा शिक्षक विद्यार्थी अनुपात | १:२१ | १:२२ | १:२३ | १:२३ | १:२४ |
| ४ | कक्षा ९- १२ को कूल भर्नादर | ६९. ६ | ७५ | ७५.५ | ८० | ९० |
| ५ | कक्षा ९-१२ को खूद भर्नादर | ६०.१ | ६७ | ६९ | ७० | ८० |

## ३.३.५ प्रमुख क्रियाकलाप तथा परिमाणात्मक लक्ष्य

| क्र.सं. | प्रमुख क्रियाकलाप | एकाइ | लक्ष्य | परिमाणात्मक लक्ष्य ५ वर्ष | | | | | जम्मा | भौतिक लक्ष्य १० वर्ष |
|---|---|---|---|---|---|---|---|---|---|---|
| | | | | २०८१ | २०८२ | २०८३ | २०८४ | २०८५ | | |
| १ | कक्षा १२ पढ्ने बालबालिकाको लागि इन्टर्नसीपको व्यवस्था | जना | ५३ | ० | ५ | १० | १० | १० | ३५ | १८ |
| २ | अति विपन्न विद्यार्थीहरूलाई छात्रवृत्ति | सङ्ख्या | १०० | २० | २० | २० | २० | २० | १०० | निरन्तर |
| ३ | मापदण्ड अनुसार शिक्षक व्यवस्थापन | पटक | ५ | ० | १ | १ | १ | १ | ४ | १ |
| ४ | शिक्षक सहायताका लागि शिक्षक सहायता सामग्रीहरूको व्यवस्थापन | पटक | ५ | १ | १ | १ | १ | १ | ५ | निरन्तर |
| ५ | शिक्षकलाई प्रोत्साहन एवम् पुरस्कार | पटक | ५ | १ | १ | १ | १ | १ | ५ | निरन्तर |
| ६ | विद्यार्थी तथा शिक्षकहरुलाई मनोसामाजिक परामर्श तालिम | पटक | ५ | १ | १ | १ | १ | १ | ५ | निरन्तर |
| ७ | शैक्षिक भ्रमण तथा सिकाइ आदान-प्रदान अन्तर विद्यालय | पटक | ५ | ० | १ | १ | १ | १ | ४ | १ |
| ८ | शिक्षक क्षमता विकास तालिम, पेसागत सहयोग र रोष्टर स्थापना | पटक | ५ | १ | १ | १ | १ | १ | ५ | निरन्तर |
| ९ | शिक्षकले प्र.अ र प्र.अले शिक्षा शाखासँग कार्यसम्पादन सम्झौता | विद्यालय | ६ | ० | ६ | ६ | ६ | ६ | ६ | निरन्तर |
| १० | त्रैमासिक प्रतिवेदन तथा कार्ययोजना | विद्यालय | ६ | ६ | ६ | ६ | ६ | ६ | ६ | निरन्तर |
| ११ | विद्यालयमा बालबालिकाको लागि सिकाइ क्रियाकलाप गर्न बहु प्रयोगशाला स्थापना र प्रयोग | विद्यालय | ६ | ० | १ | १ | १ | १ | ४ | २ |
| १२ | पुस्तकालयको क्षमता विस्तार, पुस्तक थप तथा प्रयोग र व्यवस्थापन | विद्यालय | ६ | ० | १ | १ | १ | १ | ४ | २ |
| १३ | विद्यालय नर्सको व्यवस्था क्षमता विकास र विद्यालयमा विभिन्न स्वास्थ्य सामग्री थप गर्ने | विद्यालय | ६ | १ | १ | १ | १ | १ | ४ | २ |
| १४ | एकिकृत शैक्षिक सूचना व्यवस्थापन तालिम तथा सूचना प्रविधी तथा क्षमता विकास | पटक | ५ | १ | १ | १ | १ | १ | ५ | निरन्तर |
| १५ | उत्कृष्ट बिधार्थीका लागि प्रोत्साहन | जना | ६० | ० | १२ | १२ | १२ | १२ | ४८ | १२ |
| १६ | माध्यमिक तहका अभिभावकका लागि सचेतनामूलक कार्यक्रम र भेला | विद्यालय | १० | १ | २ | २ | २ | २ | ९ | १ |

# ३.४ प्राविधिक शिक्षा तथा व्यवसायिक तालिम

## ३.४.१ वर्तमान अवस्था

प्राविधिक तथा व्यवसायिक शिक्षा भावि जीवनसँग सम्वद्ध भई उत्पादनमुखी, रोजगारमुखी र स्वावलम्वी बनाउनका लागि खास, विशेष तथा विशिष्ट ज्ञान तथा सीप प्राप्त गरी ज्ञान तथा सीपका आधारमा कुनै पेसा व्यवसाय गर्न सक्ने शिक्षा हो। औपचारिक रूपमा प्राविधिक तथा व्यवसायिक शिक्षाको सुरूवात वि.सं.१९९९ सालमा स्थापित प्राविधिक तालिम शिक्षालय (हालको पुल्चोक इन्जिनियरिङ्ग कलेज) बाट भएको हो ।नेपालमा विद्यालय शिक्षालाई जीवनोपयोगी बनाउने उद्देश्यले विद्यालय तहमा व्यवसायिक सीप र ज्ञान सिकाउने प्रयास वि.सं. २००४ सालदेखि नै शुरू भएको हो ।नेपालको संविधान २०७२ ले "समृद्ध नेपाल, सुखी नेपाली" भन्ने राष्ट्रिय आकाङ्क्षा पूरा गर्नका लगि राष्ट्रिय योजना आयोगले नौवटा राष्ट्रिय लक्ष्य अन्तरगत उच्च र दिगो उत्पादन तथा उत्पादकत्व तय गरेको र यसको लागि गुणस्तरीय प्राविधिक शिक्षा तथा व्यवसायिक तालिमको विस्तारमा जोड दिएको देखिन्छ। राष्ट्रिय पाठ्यक्रम प्रारूप, २०७६ मा प्रविधिक तथा व्यवसायिक शिक्षालाई विद्यालय शिक्षाको तल्लो तहदेखि नै समेट्ने प्रयास गरिएको छ। सन् २०१५ मा संयुक्त राष्ट्र सङ्घले सन् २०३० सम्ममा हासिल गर्ने गरी निर्धारण गरेको दिगो विकास लक्ष्यले पनि प्रत्येक व्यक्तिलाई गरी खाने शिक्षामा समावेशी, समतामूलक समन्यायिक ढङ्गमा दिने अवसरलाई व्यापक बनाउन जोड दिएकोछ।

यस सिद्ध कुमाख गाउँपालिकाले पनि "शिक्षित सिद्ध कुमाख, समृद्ध सिद्ध कुमाख" भन्ने नाराले प्राविधिक तथा व्यवसायिक शिक्षामा जोड दिई प्रविधि तथा सीपयुक्त दक्ष जनशक्ति उत्पादन हुने र रोजगार एवंम् स्वरोजगारका अवसरहरू सिर्जना भई गाउँपालिका भित्रका युवाहरूलाई आत्मनिर्भर बन्ने अवस्था सिर्जना गराउनका लागि प्राविधिक शिक्षा तथा व्यवसायिक तालिमका अवसरहरू प्रदान गरिरहेको छ ।सिद्ध कुमाख गाउँपालिका जल, जमिन, जडीवुटी, पर्यटन तथा धार्मिक स्थलहरूको धनी गाउँपालिका हो । यहाँ फलफूल, पशुपालन, अन्नवाली र नगदेवालीको धेरै सम्भावना रहेको पाईन्छ । प्राविधिक तथा व्यवसायिक शिक्षाले नागरिकलाई स्वरोजगार बनाउँछ। प्राविधिक शिक्षा आजको आवश्यकता हो । गाउँपालिकामा प्राविधिक शिक्षाको विकास र विस्तार कमै देखिन्छ । प्राविधिक शिक्षाको विकास र विस्तारमा सवै सरोकारवालाहरूले ध्यान दिनु जरूरी देखिन्छ । सिद्ध कुमाख गाउँपालिकामा १ वटा सामुदायिक विद्यालय (निराजन माध्यमिक विद्यालय ढोरचौर) मा डिप्लोमा कृषि तथा पशु विज्ञान पढाई हुन्छ। यस विद्यालयबाट प्रति वर्ष ४८ जनाले कृषि र पशु विज्ञान डिप्लोमा तहको शिक्षा हासिल गर्दछन् । सिद्ध कुमाख गाउँ पालिकाबाट प्रत्येक वर्ष ५० जनाभन्दा बढीलाई विभिन्न किसिमका सीपमूलक तालिमहरू प्रदान गरी क्षमता विकास गर्ने र सीप प्रविधिमा सुनिश्चित गराउने काम भएको छ। प्राविधिक तथा व्यवसायिक तालिम अन्तर्गत निराजन मा. वि ढोरचौरमा सञ्चालन भएको प्राविधिक शिक्षालयमा निम्नानुसारको विद्यार्थी रहेका छन् ।

शैक्षिक शत्र २०८१ को विद्यार्थी विवरण

| क्र.सं. | विद्यालयको नाम | सञ्चालित कार्यक्रम | प्रशिक्षक सङ्ख्या | विद्यार्थी सङ्ख्या | कैफियत |
|---|---|---|---|---|---|
| १ | श्री निराजन मा वि ढोरचौर | डिप्लोमा पशु विज्ञान | ८ जना | १९२ | सङ्घीय अनुदानबाट सञ्चालित |

विगतको वर्षहरूमा पशु विज्ञान धारका कार्यक्रममा अध्ययनरत विद्यार्थीहरू शतप्रतिशत उतीर्ण भएका छन्। यो कार्यक्रम सञ्चालनमा सिद्ध कुमाख गाउँपालिका, प्राविधिक शिक्षा तथा व्यवसायिक तालिम परिषद भक्तपुर र सङ्घीय सरकारको सहयोग प्राप्त भईरहेको छ । यो कार्यक्रम सञ्चालन गर्नको लागि अझैं पनि आर्थिक, भौतिक र प्राविधिक समस्याहरू विद्यालयले झेल्नु परिरहेको छ । विद्यालयको भौतिक, आर्थिक र प्राविधिक अवस्थामा सुधार गर्नको लागि विद्यालय, अभिभावक, स्थानीय सरकार, प्रदेश सरकार, सङ्घीय सरकार, गैरसरकारी सङ्घसंस्थाहरू लगायत अन्य सरोकारवालाहरूको सहयोग अपरिहार्य देखिन्छ । प्राविधिक शिक्षा आजको आवश्यकता हो । त्यसैले सिद्ध कुमाखमै गुणस्तरीय प्राविधिक शिक्षाको विकास र विस्तार गर्न नयाँ धारका उच्च प्राविधिक शिक्षालयहरू खोल्नु पर्ने देखिन्छ । हाल १ वटा विद्यालयमा ४ वर्षे तालिमको मात्र व्यवस्था भएको र अझै पनि अन्य माध्यमिक तहमा माथिका बाहेकको प्राविधिक शिक्षा सञ्चालन गर्न नसक्नु चुनौतीको रूपमा रहेको छ ।गाउँपालिकाले यशतर्फ ध्यान पुर्याउन आवश्यक देखिन्छ । सबै माध्यमिक तहमा न्यूनतम रूपमा प्राविधिक शिक्षा तथा सीप विकास तालिमको प्रबन्ध गर्नु र तालिम प्राप्तिपश्चात विभिन्न किसिमका रोजगारमूलक कार्यहरूमा समावेश गराउनु पालिकाको प्राथमिकता भित्र रहेको पनि छ ।

## ३.४.२ उद्देश्य

सिद्ध कुमाख गाउँपालिकामा प्राविधिक र व्यवसायिक शिक्षामार्फत सीपमूलक र रोजगारउन्मुख तथा स्वावलम्बी जनशक्ति तयार गर्न र युवा जनशक्तिलाई गरिखाने बनाउनका लागि निम्नानुसारका उद्देश्यहरू तय गरिएको छ।

क) प्राविधिक, व्यवसायिक र सीपमूलक तालिम र शिक्षामार्फत आत्मनिर्भर र उत्पादनशील र सीपयुक्त जनशक्तिको निर्माण गर्नु ,

ख) प्राविधिक, व्यवसायिक र सीपमूलक शिक्षामार्फत स्वरोजगारका अवसरहरू सुनिश्चित गर्नु ,

ग) रोजगारमूलक, सीपमूलक र उत्पादनशील जनशक्तिको निर्माण गरी नागरिकको आर्थिक अवस्थामा सुधार ल्याउनु तथा स्थानीय स्रोतहरूको उच्चतम प्रयोग गर्नु ,

### ३.४.३ रणनीतिहरू

प्राविधिक तथा व्यवसायिक तालिमका माध्यबाट सीपयुक्त जनशक्ति निर्माणका लागि तय गरिएका माथि उल्लेखित उद्देश्यहरू पूरा गर्न निम्न बमेजिमका रणनीतिहरू अवलम्बन गरिनेछ ।

(क) प्राविधिक तथा व्यवसायिक शिक्षाको लागि सरोकारवालाहरूको सहभागिता र स्थानीय सरकारको अपनत्व र लगानीमा अभिवृद्धि गर्ने,

(ख) प्राविधिक विद्यालय, स्थानीय सरकार र समुदायबिच व्यवसायिक प्रणालीमा सुधार गर्न खोज तथा अनुसन्धान र तालिमको लागि समन्वयात्मक वातावरण निर्माण गर्ने,

(ग) प्राविधिक विषय सञ्चालन गरेका विद्यालयहरूको भौतिक, शैक्षिक र प्रशासनिक सुधारको लागि आर्थिक स्रोतहरू जुटाउने र अन्य माध्यमिक तहका विद्यालयहरूमा प्राविधिक शिक्षालयहरूको विस्तारको प्रबन्ध मिलाउने।

(घ) प्राविधिक विषयका शिक्षकहरूको क्षमता अभिवृद्धि गर्नको लागि तालिम कार्यशालाहरू सञ्चालन गर्ने तथा प्रोत्साहनका कार्यक्रमहरू कार्यान्वयन गर्ने,

(ङ) विपन्न, अति गरीव दलित तथा महिला अल्पसङ्ख्यकका लागि गाउँपालिकाले निःशुल्क प्राविधिक तथा व्यवसायिक शिक्षा प्राप्त गर्ने अवसरको ब्यवस्था मिलाउने।

(च) प्राविधक शिक्षा तथा तालिममा पहुँच अभिवृद्धिका लागि विपन्न तथा पछाडि परेका बालबालिका र युवाका लागि शैक्षिक सहायता कार्यहरू गर्ने र सहजीकरण तथा अभिमुखीकरण कार्यक्रमहरू सञ्चालन गर्ने,

### ३.४.४ उपलब्धि, नतिजा, प्रमुख क्रियाकलाप तथा लक्ष्य

**(क) प्रमुख उपलबिध तथा नतिजा**

**उपलब्धि**

- योजना कार्यान्वयनको अवधिसम्म सिद्ध कुमाख गाउँपालिकामा न्यूनतम २ वटा प्राविधिक धार भएको विद्यालय सञ्चालन भएको हुनेछ तथा विभिन्न सीपमूलक तालिम र क्षमता विकासका कार्यक्रमहरू सञ्चालन भएको हुनेछन् ।
- गाउँपालिकाका प्राविधिक शिक्षा अध्ययन गरेका सीपयुक्त जनशक्तिहरूले न्यूनतम स्रोत र साधनको अधिकतम उपयोग गरेका हुनेछन् ।
- स्वरोजगार, उत्पादनशील र व्यवसायिक कार्यक्रमहरूमार्फत गाउँपालिकाभित्र बसोवास गर्ने सवै नागरिकहरूको आर्थिक रूपान्तरणमा टेवा पुर्याइएको हुनेछ ।

प्रमुख नतिजा तथा लक्ष्य

| क्र.सं. | सूचक | आधार वर्ष २०८१ | २०८२ | २०८३ | २०८४ | २०८५ |
|---|---|---|---|---|---|---|
| १ | प्राविधिक शिक्षा तथा व्यवसायिक तालिम प्रदान गर्ने विद्यालय | १ | १ | १ | २ | २ |

| | | | | | | |
|---|---|---|---|---|---|---|
| २ | प्राविधिक शिक्षा तथा व्यवसायिक तालिममा सहभागी विद्यार्थी सङ्ख्या | १९२ | २०० | २०० | २५० | ० |

### ३.४.५ प्रमुख क्रियाकलाप तथा लक्ष्य

| क्र.सं. | प्रमुख क्रियाकलाप | एकाइ | लक्ष्य | परिमाणात्मक लक्ष्य ५ वर्ष | | | | | जम्मा | भौतिक लक्ष्य १० वर्ष |
|---|---|---|---|---|---|---|---|---|---|---|
| | | | | २०८१ | २०८२ | २०८३ | २०८४ | २०८५ | | |
| १ | प्राविधिक तथा व्यवसायिक धारको विद्यालय स्थापना र विस्तार गर्ने | पटक | १ | १ | ० | ० | १ | ० | २ | निरन्तर |
| २ | शिक्षक तथा कर्मचारी व्यवस्थापन | जना | ४० | ८ | ८ | ८ | २ | ८ | ४० | निरन्तर |
| ३ | प्रयोगशाला तथा आई.सि.टी ल्याब व्यवस्थापन, | पटक | ४ | ० | १ | १ | १ | १ | ४ | निरन्तर |
| ४ | प्राविधक तथा व्यवसायिक शिक्षा सञ्चालनको लागि अध्ययन तथा कार्यविधी तयारी | पटक | १ | ० | १ | - | - | - | १ | निरन्तर |
| ५ | छोटा अवधिका आधारभूत तालिमको व्यवस्था गर्ने एसइइ पास विद्यार्थीका लागि | पटक | ५ | १ | १ | १ | १ | १ | ५ | निरन्तर |
| ६ | अति विपन्न र पछाडि परेका वर्गका लागि शैक्षिक सहायता र इन्टर्नशिपको व्यवस्था | जना | ३० | ५ | ५ | ५ | ५ | ५ | २५ | ५ |

# .५ अनौपचारिक शिक्षा र आजीवन सिकाइ

## ३.५.१ वर्तमान अवस्था

औपचारिक शिक्षाको पहुँचभन्दा बाहिर रहेका वा विभिन्न कारणले औपचारिक शिक्षाबाट बञ्चित भएका नागरिकहरूलाई अनौपचारिक शिक्षाको सहयोगले पनि शैक्षिक पहुँच बढाउन सकिन्छ । यसका अलावा आम नागरिकले जीवन निर्वाहका लागि आजीवन सिकाइका क्रियाकपाहरूमा सरिक हुन र सक्षम हुन आवश्यक छ । अनौपचारिक शिक्षा र आजीवन सिकाइले दैनिक जीवनका विभिन्न समस्याहरू हल गर्न र आफ्नो पेसा व्यवसाय सञ्चालन गर्न सहयोग गर्दछ । सिद्ध कुमाख गाउँपालिकाले पनि अनौपचारिक र आजीवन सिकाइको लागि विभिन्न कार्यक्रमहरू तर्जुमा गरी सञ्चालनमा ल्याएको पाईन्छ ।अनौपचारिक शिक्षा अन्तर्गत सामुदायिक सिकाइ केन्द्रका माध्यमबाट निरन्तर सिकाइ तथा सहजीकरणका कार्यहरू गरिरहेको छ । यसबाट औपचारिक शिक्षाबाट बञ्चित भएका धेरै नागरिकहरू लाभान्वित भएको पाईन्छ । यस शैक्षिक कार्यक्रमलाई अझैं थप प्रभावकारी बनाउन स्थानीय सरकार, प्रदेश सरकार र सङ्घीय सरकारसँग साझेदारी गरी अघि बढ्नु पर्ने देखिन्छ । सिद्ध कुमाख गाउँपालिकामा हाल १ वटा सामुदायिक सिकाइ केन्द्र रहेको र उक्त सामुदायिक सिकाइ केन्द्रमार्फत निरन्तर सिकाइका क्रियाकलापहरू सञ्चालन भएका छन्। जनगणना २०७८ अनुसार सिद्ध कुमाख गाउँपालिकाको साक्षरता दर ७७.३ प्रतिशत रहेको छ र यसमा पुरूषको साक्षरता ८५.६ प्रतिशत र महिलाको साक्षरता ७० प्रतिशत रहेको छ । सामुदायिक सिकाइ केन्द्रमार्फत समुदायमा रहेका आमा समूहरूको भेला र क्षमता विकासका कार्यक्रमहरू सञ्चालन भैरहेका छन् । सामुदायिक सिकाइ केन्द्रहरूमार्फत पुस्तकालयको व्यवस्थापन गर्ने उद्देश्य रहेको र कार्यान्वयनमा रहेको छ । समुदायस्तरमा साक्षरताका क्रियाकलापहरू सञ्चालन गर्नुपर्ने तथा निरन्तर शिक्षालाई निरन्तर रूपमा चलाउन समुदायस्तरमा रहेका विभिन्न उत्पादनमूलक आमा समूह र बचत समूह सहकारी युवा क्लब अन्य समितिहरूलाई क्षमता विकास र परिचालन गर्न आवश्यक देखिन्छ । औपचारिक शिक्षाबाट बञ्चित भएका युवा तथा विभिन्न समूहलाई उत्पादमुखी क्रियाकलापहरूमा सङ्लग्न राखी उनीहरूलाई जीवनपर्यन्त सिकाइ र क्षमता विकासका अवसरहरू प्रदान गर्नु तथा जीवनपर्यन्त सिकाइलाई विद्यालय तहसम्म जोड्नु आवश्यक छ ।

## ३.५.२ उद्देश्य

(क) औपचारिक शिक्षाको पहुँचभन्दा बाहिर रहेका सबै नागरिकका लागि समता सहितको साक्षरता र आजीवन सिकाइका अवसर सुनिश्चित गर्ने तथा निरन्तर सिकाइका अवसरहरूमा सङ्लग्न गराउनुनु,

(ख) सामुदायिक सिकाइ केन्द्रको क्षमता विकास र परिचालनलाई प्रभावकारी रूपमा कार्यान्वयन गर्नु ,

(ग) विद्यालय शिक्षाको अवसरबाट बञ्चित भएका वा बिचैमा कक्षा छोडेका तथा औपचारिक शिक्षाको पहुँचभन्दा बाहिर रहेका वर्गलाई शैक्षिक मूलधारमा ल्याउनु

(घ) अनौपचारिक शिक्षा तथा निरन्तर एवंम् जीवनपर्यन्त शिक्षाको विकास तथा विस्तार गरी साक्षरता अभिवृद्धि गर्न डिजिटल साक्षरता कार्यक्रम सञ्चालन गर्नु ,

### ३.५.३ रणनीति

(क) सामुदायिक सिकाइ केन्द«मार्फत विभिन्न सीप विकास र आयआर्जन तथा सीप मूलक कार्यक्रम सञ्चालन गर्ने,

(ख) सामुदायिक सिकाइ केन्द्रको थप स्तरोन्नतीको लागि स्थानीय सरकार, प्रदेश सरकार र सङ्घीय सरकारसँग समन्वय र सहकार्य गरीअघि बढ्ने ।

(ग) सरोकारवालाहरूसँगको समन्वय, सहकार्य र साझेदारीमा अनौपचारिक तथा खुला सिकाइ कार्यक्रमलाई प्रबर्द्धन गर्ने,

(घ) सामुदायिक सिकाइ केन्द्र, विद्यालय, स्थानीय सङ्घसंस्था, नागरिक समाज, सञ्चार माध्यम र अभिभावक परिचालन गरी अनौपचारिक शिक्षा तथा जीवनपर्यन्त सिकाइ कार्यक्रमलाई समतामूलक र पहुँच योग्य बनाई नागरिकका दैनिक समस्याहरू हल गर्ने वातावरण सुनिश्चित गर्ने,

(ङ) अनौपचारी शिक्षा, साक्षरता कार्यक्रम, निरन्तर शिक्षा जस्ता कार्यक्रमहरू सञ्चालन गर्ने तथा समुदायस्तरमा आमा समूह, आयआर्जन समूह, युवा क्लब तथा विभिन्न समूहरू सँगठित तथा परिचालन गर्ने,

### ३.५.४ प्रमुख उपलब्धि तथा नतिजा

**उपलब्धि**

(क) औपचारिक शिक्षाबाट बञ्चित भएका सबै नागरिकका लागि साक्षरता शिक्षा, निरन्तर शिक्षा र आजीवन सिकाइका अवसरहरू प्राप्त भएर गाउँपालिका पूर्ण साक्षर भएको हुनेछ ।

(ख) सामुदायिक सिकाइ केन्द्रको क्षमता विकास भै समुदायस्तरमा सीप विकास, आजीवन सिकाइका क्रियाकलापहरू तथा अभिभावकहरूको क्षमता विकास र सिकाइ अभिवृद्धि भएको हुनेछ ।

**नतिजा तथा परिमाणात्मक लक्ष्य**

| क्र.सं. | सूचक | आधार वर्ष २०८१ | २०८२ | २०८३ | २०८४ | २०८५ | जम्मा |
|---|---|---|---|---|---|---|---|
| १ | सामुदायिक सिकाइ केन्द्रको सङ्ख्या | १ | १ | २ | ३ | ४ | ५ |
| २ | साक्षरता प्रतिशत | ७७.३ | ८३ | ८५ | ८७ | ८८ | ८८ |
| ३ | सिकाइ केन्द्रमा पुस्तकालय | १ | १ | २ | ३ | ४ | ५ |

### ३.५.५ प्रमुख क्रियाकलाप र परिमाणात्मक लक्ष्य

| क्र.सं. | प्रमुख क्रियाकलापहरू | एकाइ | लक्ष्य | परिमाणात्मक लक्ष्य ५ वर्ष | | | | | जम्मा | भौतिक लक्ष्य १० वर्ष |
|---|---|---|---|---|---|---|---|---|---|---|
| | | | | २०८१ | २०८२ | २०८३ | २०८४ | २०८५ | | |
| १ | निरक्षरहरूको तथ्याङ्क सङ्कलन | पटक | ५ | ० | १ | १ | १ | १ | ४ | १ |
| २ | साक्षरता र निरन्तर शिक्षा कार्यक्रम सञ्चान गर्ने | पटक | ५ | १ | १ | १ | १ | १ | ५ | निरन्तर |
| ३ | सामुदायिक सिकाइ केन्द्रको अनुगमन, निरीक्षण र सहयोग | पटक | ५ | १ | १ | १ | १ | १ | ५ | निरन्तर |
| ४ | सामुदायिक सिकाइ केन्द्रको सुदृढीकरण र क्षमता विकास | पटक | ५ | १ | १ | १ | १ | १ | ५ | निरन्तर |
| ५ | नयाँ सामुदायिक सिकाइ केन्द्रको स्थापना र सञ्चालन | वटा | ४ | १ | ० | १ | १ | १ | ४ | |
| ६ | सिकाइ केन्द्रमा पुस्तकालयको स्थापना | वटा | ४ | ० | १ | १ | १ | १ | ४ | |
| ७ | आयआर्जन समूहको क्षमता विकास र परिचालन लेखा तथा हितकोष व्यवस्थापन सहित | पटक | ६ | ० | १ | १ | १ | १ | ४ | २ |

# परिच्छेद- ४ : अन्तरसम्बन्धित विषय तथा क्षेत्र

## ४.१ पाठ्यक्रम, पाठ्यपुस्तक, सिकाइ सामग्री तथा मूल्याङ्कन

### ४.१.१ वर्तमान अवस्था

पाठ्यक्रम शिक्षा पद्दतिलाई मार्गदर्शन गर्ने महत्वपूर्ण आधार र मार्गदर्शन हो र यसले बालबालिकाहरूको सर्वाङ्गीण विकास गर्नु, सभ्यता वा संस्कृतिको हस्तान्तरण एवम् विकास गर्नु, शैक्षिक प्रक्रियाको स्वरूप निर्धारण गर्नु जस्ता उद्देश्यहरू तय गरेको हुन्छ । पाठ्यक्रम समयानुसार विकास, परिमार्जन र परिवर्तन भैरहन्छ । राष्ट्रिय शिक्षा पद्दतिको योजना २०२८ मा पहिलो पटक विद्यालय तहका लागि पाठ्यक्रमलाई दस्तावेजीकरण गरिएको थियो भने पाठ्क्रम विकासका लागि संस्थागत रूपमा शिक्षा मन्त्रालय अन्तर्गत पाठ्यक्रम विकास केन्द्रको स्थापना भएको थियो । नेपालको संविधान २०७२ को धारा ३१ मा विश्वव्यापी भइरहेका नवीनतम् शैक्षिक प्रबर्द्धन, प्रयोग तथा उपलब्धि र राज्यको पुनर्संरचना सँगै शैक्षिक स्मरण भई पाठ्यक्रम विकास केन्द्रको नेतृत्वमा विद्यालय तहका पाठ्यक्रम २००६ देखि परिवर्तन तथा कार्यान्वयन गरिएको छ । राष्ट्रिय पाठ्यक्रम प्रारूप २०७६ ले तयार गरेको विद्यालय क्षेत्रको पाठ्यक्रमलाई सामाजिक न्याय, सकारात्मक रूपान्तरण र विश्व प्रतिस्प्रर्धी सक्षम नागरिक तयार गर्ने लक्ष्य केन्द्रित पाठ्यक्रम कार्यान्वयन गर्नु सङ्घीय, प्रादेशिक र स्थानीय सरकारको प्रमुख जिम्मेवारी रहन्छ।

पाठ्यक्रमलाई कार्यान्वयन गर्नका लागि शैक्षिक सामग्रीको रूपमा पाठ्यपुस्तक हुन्छ र पाठ्यक्रमको आधारमा पाठ्यपुस्तकहरू निर्माण हुने र प्रयोग हुने गर्दछन् । पाठ्यपुस्तक कार्यान्वयनमा मद्दत गर्नका लागि र शिक्षण सिकाइ सहजीकरणमा सहायताका लागि शिक्षण सिकाइ सामग्री तथा सन्दर्भ सामग्रीहरू तय गरी प्रयोग गरिन्छ । हाल नेपालमा सामुदायिक विद्यालयमा अध्ययनरत कक्षा १० सम्मका सम्पूर्ण विद्यार्थीलाई निःशुल्क पाठ्यपुस्तक वितरण गर्ने गरिएको छ भने कक्षा १२ मा पनि अनिवार्य विषयहरू निःशुल्क हुने व्यवस्था गरिएको छ । यसै व्यवस्थाबमोजिम नै सिद्ध कुमाख गाउँपालिकाले पनि प्रभावकारी रूपमा समयमा नै विद्यालयमा पाठ्यपुस्तक पुर्याउने र विद्यार्थीहरूलाई वितरण गर्ने कार्य गरेको छ।

पाठ्यपुस्तकलाई सहायताका रूपमा विद्यालयहरूमा अन्य सनदर्भ तथा सिकाइ सामग्रीहरूको व्यवस्थापन पनि केही हदसम्म भएको छ ।सूचना तथा सञ्चार प्रविधिको उचित विकास र पहुँच नभइसकेको हाम्रो परिवेशमा विद्यार्थीको एकमात्र विकल्पको रूपमा पाठ्यपुस्तकलाई लिएको पाइन्छ जसले पाठ्यक्रम कार्यान्वयनलाई सहयोग गर्दछ । विद्यालयमा इ-पुस्तकालयको प्रबन्ध गर्न सकेमा भने पाठ्यपुस्तक र अन्य सन्दर्भ र शैक्षिक सामग्रीहरू विभिन्न तवरमा शिक्षक र विद्यार्थीले प्रयोग गर्न सक्दछन् ।

पाठ्यक्रमको प्रभावकारी कार्यान्वयनका लागि शिक्षण सिकाइ सामग्री तथा सन्दर्भ सामग्रीहरूको महत्व धेरै हुन्छ । सिकाइ सहजीकरणका समयमा शिक्षण सिकाइ सामग्री तथा सन्दर्भ सामग्रीहरूको उच्चतम् प्रयोगमार्फत सिकाइ प्रभावकारी गराउन सकिन्छ । यधपि गाउँपालिकामा शिक्षण सिकाइ र सन्दर्भ सामग्रीको उपलब्धता र प्रयोग न्यून रहेको देखिन्छ ।स्थानीय तवरमा निर्माण गर्न सकिने शिक्षण सिकाइ सामग्री पनि न्यून रूपमा निर्माण र प्रयोग भएको देखिन्छ । विद्यालयमा प्रति विद्यार्थी लागत उक्त सामग्रीहरू खरिद र प्रयोग गर्ने

व्यवस्था गरिएको भए तापनि विद्यालयमा प्रभावकारी अनुगमन र नियमन नहुँदा उक्त सामग्रीहरूको व्यवस्थापन भएको देखिँदैन ।

गाउँपालिकाले सबै तहमा पाठ्यक्रमले निर्दिष्ट गरेको मूल्याङ्कन पद्दति अवलम्बन गरिएको छ भने गत वर्षबाट कक्षा ४-९ सम्मको परीक्षा गाउँपालिका तहबाट प्रश्नपत्र निर्माण गरी सञ्चालन गरिएको साथै कक्षा ८ को स्तरिकृत परीक्षा सञ्चालन भएको छ र यसलाई अन्य तहमा समेत प्रभावकारी रूपमा कार्यान्वयन गर्ने गरी कार्यक्रमहरू तय गरिएको छ । विद्यार्थीहरूको सिकाइ उपलब्धिको नियमित रूपमा विभिन्न तहबाट मूल्याङ्कन अझै पनि प्रभावकारी हुन सकेको छैन ।अझै पनि शिक्षकहरूले सबै तहमा मूल्याङ्कनका विधीहरू प्रभावकारी रूपमा कार्यान्वयन गर्न नसकेको र सोही अनुसार तालिम प्रदान गर्न नसकेको अवस्था छ ।

राष्ट्रिय पाठ्यक्रम पारूप २०७६ ले स्थानीय पाठ्यक्रमको निर्माणका लागि स्थानीय तहलाई जिम्मेवारी दिएको छ भने पहिलो पटक पाठ्यक्रममा कार्यघण्टा र पाठ्यघण्टाको व्यवस्था गरिएको छ। स्थानीय पाठ्यक्रमको विकास तथा कार्यान्वयन मार्गदर्शन २०७४ अनुसार सिद्ध कुमाख गाउँपालिकाले आधारभूत तहमा 'हाम्रो सिद्ध कुमाख' विषयक स्थानीय विषयको पाठ्यक्रम निर्माण गरी २०८० सालबाट कार्यान्वयनमा ल्याइएको छ । यसका साथै कक्षा ८ सम्मको पाठ्यपुस्तकको समेत विकास भएको र यसको कार्यान्वयनको चरणमा रहेको छ । स्थानीय पाठ्यक्रम स्थानीय परिवेश र अवस्थाको बारेमा बुझाउने महत्वपूर्ण पक्ष भएकाले सिद्ध कुमाख गाउँपालिकाले पनि यो योजना निर्माणको अभिन्न रूपमा पाठ्यक्रम र पाठ्यसामग्रीलाई उच्च महत्त्व दिइएको छ र प्रभावकारी कार्यान्वयन गर्ने गरी योजना बनाएको छ ।

विगतमा प्रयोग गरिएको निरन्तर विद्यार्थी मूल्याङ्कन प्रणालीका समस्या तथा कठिनाइहरूको अनुभूतिका आधारमा मूल्याङ्कनका साधनहरूलाई व्यवहारिक बनाई नतिजालाई अक्षराङ्कन पद्धतिमा अभिलेखीकरण गर्ने प्रावधान राखिएको छ। यस शिक्षा योजनाले पनि विद्यालय तहको शिक्षाका लागि सङ्घीय तहमा रहेको पाठ्यक्रम विकास केन्द्रको नीतिगत व्यवस्थालाई कार्यान्वयन गराउन स्थानीयस्तरका शिक्षाका क्षेत्राधिकार भित्र रहेर योजना र कार्यक्रम तयार गरी कार्यान्वयन र सहजीकरण गर्ने ध्येय लिएको छ । प्रमुख शैक्षिक सामग्रीका रूपमा प्रत्येक शिक्षकसँग सम्बन्धित विषयको पाठ्यक्रम, शिक्षक निर्देशिका, वार्षिक शैक्षणिक कार्ययोजना र विद्यार्थीले आफूले प्रयोग गर्ने कार्यपुस्तक वा पाठ्यपुस्तक अनिवार्य हुनुपर्छ भन्ने मान्यता राखिएको छ । थिम वा पाठ्यवस्तुसँग सम्बन्धित कक्षाकोठाको सिकाइ वातावरण, बाहिरी वातावरण, समुदाय र अनुभवी व्यक्ति, शिक्षक निर्मित सामग्री, स्मार्ट मोबाइल, ल्यापटप र आवश्यकतानुसार बजारबाट खरिद गरिएका सामग्रीहरू प्रयोग गर्नु अपरिहार्य हुन्छ ।

पाठ्यक्रमको प्रभावकारी कार्यान्वयनको लागि विषयगत शिक्षकको व्यवस्था गर्नु, स्थानीय पाठ्यक्रम र पाठ्यसामग्री प्रयोगका लागि क्षमता विकास गर्नु, सबै शिक्षकलाई नयाँ पाठ्यक्रमको अभिमुखीकरण गर्नु, स्थानीय पाठ्यक्रमलाई समय अनुसार अद्यावधिक गर्नु, अपाङ्गता भएका बालबालिकाको लागि अनुकूलको पाठ्यसामग्रीको व्यवस्था गर्ने जस्ता विषय पाठ्यक्रम तथा पाठ्यपुस्तक कार्यान्वयनका चुनौतिका रूपमा रहेका छन् । माध्यमिक तहसम्म निःशुल्क पाठ्यपुस्तकको व्यवस्था, शिक्षक निर्देशिकाको व्यवस्था, परीक्षा र मूल्याङ्कन प्रणालीमा सुधार, स्थानीय पाठ्यक्रमको प्रभावकारी कार्यान्वयन, विभिन्न विषयका पाठ्यसामग्रीहरू मातृभाषामा र बहुभाषामा सहजीकरण र

कक्षा १-३ सम्म एकीकृत पाठ्यक्रमको व्यवस्था, पाठ्यक्रम तथा पाठ्यपुस्तक कार्यान्वयनका अवसरहरू रहेका छन् ।

### ४.१.२ उद्देश्य

क) पाठ्यक्रमलाई समय सापेक्ष, सान्दर्भिक, गुणस्तरीय र प्रभावकारी रूपमा कार्यान्वयन गरी सिकारूहरूको ज्ञान, सीप र व्यवहार विकासमा सहजीकरण गर्नु ,

ख) स्थानीय परिवेश अनुसार निर्माण गरिएको स्थानीय पाठ्यक्रमको प्रभावकारी कार्यान्वयन गर्नु र पाठ्यक्रम अनुसारको पाठ्यपुस्तक र पाठ्यसामग्रीको उत्पादन, वितरण र प्रयोग गर्नु ,

ग) सिकारूका सिकाइ समस्याको समाधान उन्मुख निरन्तर, आवधिक तथा स्तरीकृत मूल्याङ्कन पद्धतिको कार्यान्वयनसंगै सिकाइलाई समस्या समाधान उन्मुख गराई निरन्तर आवधिक, स्तरीकृत मूल्याङ्कन पद्धतिको कार्यान्वयन गर्नु,

घ) शिक्षण सिकाइ तथा सन्दर्भ सामग्रीहरूको व्यवस्थापन र प्रभावकारी प्रयोग गर्नु र सिकाइ सहजीकरणका लागि शिक्षकलाई पाठ्यक्रम कार्यान्वयनमा सक्षम र दक्ष बनाउनु साथै शिक्षक सहायता सामग्रीहरूको प्रबन्ध मिलाउनु

### ४.१.३ रणनीति

(क) राष्ट्रिय पाठ्यक्रम प्रारूप २०७६ र तदनुसारका पाठ्यक्रमको कार्यान्वयन गरिने र विद्यालय तहको पाठ्यक्रम कार्यान्वयन गर्न शिक्षकको क्षमता विकास, प्रोत्साहन र परिचालन गर्ने,

(ख) पाठ्यक्रम तथा पाठ्यसामग्रीलाई सम्बन्धित शिक्षक तथा सरोकारवालाहरूलाई प्रबोधीकरण गरिने, राष्ट्रिय पाठ्यक्रम र स्थानीय पाठ्यक्रमको प्रभावकारी कार्यान्वयन गर्ने र आवश्यकतानुसार मूल्याङ्कन गरी त्यसका आधारमा स्थानीय पाठ्यक्रमको परिमार्जन तथा सुधार गर्ने,

(ग) शिक्षकका लागि शिक्षक निर्देशिका तथा शिक्षण सामग्री तथा सन्दर्भ सामग्री तथा विद्यार्थीका लागि सिकाइ सामग्री, स्वाध्यायन तथा सन्दर्भ सामग्रीहरू उपलब्ध हुने व्यवस्था गरिने,

(ङ) भाषाको माध्यमको रूपमा आवश्यकताअनुसार मातृभाषा, स्थानीय भाषा, बहुभाषा प्रयोगमा जोड दिने र विद्यालयमा आधारित सहयोग पद्धति विकास गर्ने,

(च) स्थानीय पाठ्यक्रमको र पाठ्यपुस्तक र पाठ्यसामग्रीको प्रभावकारी प्रयोग र व्यवस्थापन गर्ने,

(छ) पाठ्यक्रम प्रभावकारी कार्यान्वयनका लागि आवश्यक नीतिगत, संरचनागत तथा शिक्षक पेसागत विकास प्रणालीको विकास तथा सक्षमता अभिवृद्धि गर्ने,

(ज) अपाङ्गता भएका, अनाथ तथा द्वन्द्व प्रभावित बालबालिकाहरूको शैक्षिक पहुँच बढाउन र सिकाइ अवसर वृद्धि गर्न पाठ्यक्रम तथा सिकाइ सामग्रीलाई ब्रेल लिपि, साङ्केतिक भाषा, श्रव्यदृष्य सामग्रीको विकास तथा प्रयोगलाई उच्च प्राथमिकता दिई सबै बालबालिकाको शैक्षिक अधिकार सुनिश्चित गर्ने,

(झ) आधारभूत तहको परीक्षा तथा विद्यार्थी मूल्याङ्कन पद्धतिलाई क्रमशः सुधार र व्यवस्थित गर्ने,

### ४.१.४ प्रमुख उपलब्धि तथा नतिजा

**क) उपलब्धि**

- पाठ्यक्रमको प्रभावकारी कार्यान्वयन भै यसको प्रभावकारी मूल्याङ्कन प्रणालीमार्फत आवश्यक आधारभूत सक्षमता सहित सकारात्मक सोच सिर्जनशील, निरन्तर सिकाइप्रति प्रतिबद्ध र रोजगारोन्मुख नागरिक तयार गर्न सहयोग हुने,

**ख) नतिजा**

(क) पाठ्यक्रमको प्रभावकारी कार्यान्वयन भै सिकारूको ज्ञान, सीप र व्यवहारमा सकरात्मक परिवर्तन भएको हुने,

(ख) आधारभूत तहको स्थानीय पाठ्यक्रमको प्रभावकारी कार्यान्वयन भएको र परिमार्जन भएको साथै सबै कक्षाका स्थानीय पाठ्यक्रम अनुसारका पाठ्यसामग्री विकास, वितरण तथा कार्यान्वयन भएको हुने,

(ग) विद्यार्थी मूल्याङ्कन प्रणाली स्तरीकृत र व्यवस्थित भै विद्यार्थीको सिकाइ उपलब्धिमा सुधार भएको हुने।

(घ) पाठ्यपुस्तक तथा शिक्षण सिकाइ सामग्री र सन्दर्भ सामग्रीहरूको प्रभावकारी उपलब्धता र प्रयोग भएको हुनेछ ।

**नतिजा तथा परिमाणात्मक लक्ष्य**

| क्र.सं. | सूचक | आधार वर्ष २०८१ | २०८२ | २०८३ | २०८४ | २०८५ |
|---|---|---|---|---|---|---|
| १ | एकीकृत पाठ्यक्रम लागु गरेका विद्यालय सङ्ख्या | २३ | २३ | २३ | २३ | २३ |
| २ | परीक्षामा स्तरीकृत प्रश्न प्रयोग गर्ने विद्यालय सङ्ख्या | २३ | २३ | २३ | २३ | २३ |
| ३ | निरन्तर विद्यार्थी मूल्याङ्कन गर्ने विद्यालय | २८ | २८ | २८ | २८ | २८ |
| ४ | स्थानीय पठ्यपुस्तक निर्माण (प्रारम्भिक बालविकास र शिक्षा केन्द्र सहित) | ६ देखि ८ को प्रिन्ट बाकी | कक्षा ४-५ | | | निरन्तर |

### ४.१.५ प्रमुख क्रियाकलाप र परिमाणात्मक लक्ष्य

| क्र.सं. | प्रमुख क्रियाकलाप | एकाइ | लक्ष्य | परिमाणात्मक लक्ष्य ५ वर्ष | | | | | जम्मा | भौतिक लक्ष्य १० वर्ष |
|---|---|---|---|---|---|---|---|---|---|---|
| | | | | २०८१ | २०८२ | २०८३ | २०८४ | २०८५ | | |
| १ | पाठ्यक्रम अभिमुखीकरण र तालिम | पटक | ५ | ० | १ | १ | १ | १ | ४ | १ |
| २ | शिक्षक पेसागत विकास तालिम र क्षमता विकास (सहजीकरणमा आधारित) | पटक | ५ | ० | १ | १ | १ | १ | ४ | १ |
| ३ | कक्षाकोठामा आधारित विद्यार्थी मूल्याङ्कन | विद्यालय | २३ | २३ | २३ | २३ | २३ | २३ | २३ | निरन्तर |
| ४ | कक्षा ५ र ८ को स्तरिकृत परीक्षा सञ्चालन | पटक | ५ | १ | १ | १ | १ | १ | ५ | निरन्तर |
| ६ | डिजिटल सामग्रीको प्रयोगमा सहयोग प्रचार प्रसार क्षमता विकास तथा अभिमुखीकरण | पटक | ५ | ० | १ | १ | १ | १ | ४ | १ |
| ७ | पाठ्यपुस्तक वितरण | पटक | ५ | १ | १ | १ | १ | १ | ५ | निरन्तर |
| ८ | स्थानीय पाठ्यपुस्तक छपाई र वितरण | कक्षा १-३ कक्षा ६-८ | | कक्षा १-३ | कक्षा ४-५ | | | | | निरन्तर |
| ९ | शिक्षण सिकाइ र सन्दर्भ सामग्री वितरण र व्यवस्थापन | विद्यालय | २३ | २३ | २३ | २३ | २३ | २३ | २३ | निरन्तर |
| १० | परीक्षा र मूल्याङ्कन प्रणाली सुधारका लागि क्षमता विकास | पटक | ५ | १ | १ | १ | १ | १ | ५ | निरन्तर |
| ११ | मूल्याङ्कन पद्धतिमा अनुगमन तथा सहजीकरण | विद्यालय | २३ | २३ | २३ | २३ | २३ | २३ | २३ | निरन्तर |

## ४.२ शिक्षक व्यवस्थापन र विकास

### ४.२.१ वर्तमान अवस्था

शिक्षण सिकाइ क्रियाकलापको कार्यान्वयन तथा व्यवस्थापन कार्यलाई प्रभावकारी रूपमा कार्यान्वयन गर्नका लागि शिक्षक एक महत्वपूर्ण अङ्गका रूपमा रहेको हुन्छ । शिक्षामा योग्य दक्ष,समर्पित अभिप्रेरित शिक्षकहरूको व्यवस्थापनबाट नै शिक्षाको गुणस्तर सुनिश्चित गर्न सकिन्छ । गुणस्तरीय शिक्षाका लागि शिक्षक योग्य, व्यवसायिक रूपमा दक्ष, पेसाप्रति उत्प्रेरित समर्पित प्रतिवद्ध र विद्यार्थीको सिकाइप्रति जवाफदेही हुन आवश्यक छ। यसका लागि शिक्षक व्यवस्थापन र विकास प्रभावकारी रूपमा कार्यान्वयन गर्न आवश्यक हुन्छ। शिक्षक व्यवस्थापनको महत्त्व र आवश्यकतालाई मध्यनजर राखी प्रारम्भिक बालविकास र शिक्षा तह देखि माध्यमिक तह सम्मको शिक्षकको सम्बन्धमा शिक्षक व्यवस्थापन र विकासको विश्लेषण एवम् योजना निर्माण कार्यलाई समेटिएको छ । नेपालमा शिक्षा विज्ञान तथा प्रविधि मन्त्रालयले शिक्षकको पेसागत विकासका लागि नीति निर्माण गर्दछ। प्रदेश तहमा रहेका शिक्षा तालिम केन्द्रहरूमार्फत तालिम र क्षमता विकासका गतिविधिहरू अगाडि बढेका छन् । शिक्षक अध्यापन अनुमति पत्र सम्बन्धी काम र रिक्त शिक्षक दरबन्दीमा स्थायी पदपूर्तिका लागि परीक्षा सञ्चालन गरी नियुक्तिका लागि सिफारिस गर्ने र शिक्षक बढुवा सम्बन्धी कार्य शिक्षक सेवा आयोगले गर्ने गरेको छ भने आयोगबाट सिफारिस भई आएका शिक्षकहरूलाई नियुक्ति गर्ने कार्य शिक्षा विकास तथा समन्वय एकाइ र पदस्थापन स्थानीय तहहरूबाट हुने गरेको छ। यसैगरी अस्थायी वा विद्यालयको निजी स्रोतमा शिक्षक नियुक्ति गर्ने,शिक्षकको कार्यसम्पादन मूल्याङ्कन गर्ने कार्य स्थानीय तहबाट हुने गरेको छ। शिक्षा तथा मानव स्रोत विकास केन्द्रले प्रमाणीकरण तथा कष्टमाइज्ड तालिम पाठ्यक्रम निर्माण गर्ने, प्रशिक्षक तयार गर्ने कार्य गर्दछ भने प्रदेश अन्तर्गतका शिक्षा तालिम केन्द्रहरूले शिक्षकको क्षमता अभिवृद्धिका लागि तालिम सञ्चालन गर्ने काम गर्दै आएका छन् ।

सिद्ध कुमाख गाउँपालिकामा सामुदायिक विद्यालयहरू २८ र संस्थागत विद्यालयहरू ४ गरी जम्मा विद्यालयहरू ३२ रहेका छन् । उल्लिखित विद्यालय सङ्ख्या मध्ये कक्षा १-५ सञ्चालित १४ (सामुदायिक १२ र संस्थागत २), कक्षा १–८ सञ्चालित ७ (सामुदायिक ५ र संस्थागत २) कक्षा १–१० सञ्चालित ३ (सामुदायिक मात्र) र कक्षा १–१२ सञ्चालित ३ (सामुदायिक मात्र) विद्यालय सञ्चालमा रहेका छन् । यसैगरी शिक्षकको सङ्ख्या हेर्दा सिद्ध कुमाख गाउँपालिकामा सामुदायिक विद्यालयमा विभिन्न स्रोतबाट गरी प्रारम्भिक बालविकास शिक्षा केन्द्रमा २९ जना, आधारभूत तह कक्षा ५ सम्ममा जम्मा ७३ जना, आधारभूत तह ६ देखि ८ सम्ममा जम्मा ४० जना, मा. वि तह ९ र १० मा जम्मा ३० जना तथा मा. वि तह ११ र १२ मा दरवन्दि नभएको र विद्यालयको आन्तिरक स्रोतबाट सञ्चालन गरिएको साथै प्राविधिक धारमा ८ जना प्रशिक्षक रहेका छन् ।

शिक्षा शाखाको तथ्याङ्क अनुसार यस पालिमा रहेका शिक्षकहरूको विवरण यस प्रकार रहेको छ ।

| तह | जम्मा शिक्षक | महिला | पुरूष | गाउँपालिका अनुदान | सङ्घीय अनुदान | राहत | स्थायी | करार |
|---|---|---|---|---|---|---|---|---|
| प्रारम्भिक बालविकास र शिक्षा | २९ | २९ | ० | ५ | | | | २४ |
| आधारभूत तह कक्षा १ देखि ५ | ७३ | २८ | ४५ | ९ | | २५ | ३४ | ५ |
| आधारभूत तह कक्षा ६ देखि ८ | ४० | १० | ३० | २० | ६ | ८ | ६ | |
| माध्यमिक तह कक्षा ९ र १२ | ३० | ६ | २४ | १५ | ९ | ६ | | |
| प्राविधिक धार तर्फ | ८ | ३ | ५ | | | | | ८ |
| जम्मा | १८० | ७६ | १०४ | ४९ | १५ | ३९ | ४० | ३७ |

शिक्षा नियमावली २०५९,को नियम ९२ अनुसार सामुदायिक विद्यालयमा रहने शिक्षक दरबन्दीको विवरण अनुसूची १२ मा व्यवस्था गरेको छ। प्रारम्भिक बालविकास र शिक्षा तहमा २० जना बालबालिका बराबर १ जना, कक्षा १-५ सम्मको विद्यालयमा ५० जनासम्म विद्यार्थी भएमा कम्तीमा २ जना र सो भन्दा बढी विद्यार्थी भएमा कम्तीमा ३ जना,कक्षा ६-८ का लागि कम्तीमा ४ जना, माध्यमिक तह ९-१० मा ५ जना र माध्यमिक तह कक्षा ११-१२ मा ३ जना शिक्षक रहने व्यवस्था उक्त नियमावलीमा छ । यस बमोजिम गाउँपालिकाले शिक्षक दरबन्दी मिलान गरी कार्यान्वयन प्रभावकारी रूपमा गरेको छ । यसका साथै शिक्षा नियमावली अनुसार नेपालमा शिक्षक विद्यार्थी अनुपात हिमाली भेकमा १:४०,पहाडी भेकमा १:४५ र तराईमा १:५० रहेको छ भने सिद्ध कुमाख गाउँपालिकाको शिक्षक विद्यार्थी अनुपात औषतमा १:२५ रहेको छ । शिक्षकको क्षमता विकास र पेसागत सहयोगको हकमा भने गाउँपालिकामा शिक्षक पेसागत सहयोगका गतिविधिहरू न्यून रहेका छन् । प्रारम्भिक बालविकास र शिक्षामा गाउँपालिकाबाट बालविकास शिक्षकका लागि थप प्रोत्साहनको व्यवस्था भएको छ भने अन्य शिक्षक प्रोत्साहनका कार्यक्रमहरू हुन सकेका छैनन् ।शिक्षकलाई प्रभावकारी रूपमा नियन्त्रण र परिचालनका कार्यहरू गर्न आवश्यक देखिन्छ । शिक्षक तालिमलाई वास्तविक आवश्यकतामा आधारित बनाउन र तालिममा सिकेका ज्ञान तथा सीपलाई कक्षाकोठामा प्रयोग गराउन आवश्यक देखिन्छ भने दरवन्दी मिलान र वितरणका कार्यलाइ प्रभावकारी रूपमा लैजान आवश्यक देखिन्छ । गाउँपालिकामा शिक्षक पेसागत सहयोग पद्धति विकासका लागि सिकाइ समूह गठन,रोष्टर शिक्षक व्यवस्थापन, खेल तथा सङ्गीत शिक्षकको व्यवस्थापन र शिक्षक बिच सिकाइ आदान-प्रदान जस्ता कार्य गराउन आवश्यक देखिन्छ ।

### ४.२.२ उद्देश्य

(क) तहगत रूपमा शिक्षकको प्रभावकारी वितरण र व्यवस्थापन गर्नु तथा शिक्षक दरबन्दी मिलानलाई समयानुकूल विद्यार्थी सङ्ख्या तथा भूगोलका आधारमा प्रभावकारी बनाउँदै लैजानु

(ख) निरन्तर पेसागत सहायता प्रणाली स्थापनासंगै शिक्षकको निरन्तर पेसागत विकासका अवसरहरूको सुनिश्चितता गर्नु ,

(ग) शिक्षक तथा विद्यालय कर्मचारी प्रोत्साहन, निरन्तर पेसागत विकास र सिकाइ आदान-प्रदान कार्यक्रमका माध्यमबाट सबै तहमा सक्षम, प्रतिबद्ध र अभिप्रेरित शिक्षकहरूको प्रबन्ध गर्नु ,

(घ) शिक्षक आपूर्तिका लागि सङ्घ तथा प्रदेश सरकारसँग समन्वय र शिक्षक नियुक्ति र पुनर्वितरणलाई सुदृढ बनाउनु

(ङ) सबै तहमा सक्षम, प्रतिवद्ध र अभिप्रेरित शिक्षकहरूको प्रबन्ध र सुपरीवेक्षण, शिक्षक तालिम, शिक्षक सक्षमता प्रारूपको प्रभावकारी रूपमा कार्यान्वयन गर्नु ,

(च) सिद्ध कुमाख गाउँपालिकाभित्र रहेका सामुदायिक विद्यालयमा खेल तथा सङ्गीत साथै कम्प्यूटर शिक्षकको व्यवस्थापन गर्नु ,

(छ) सिद्ध कुमाख गाउँपालिकाभित्रका शिक्षकहरू मध्येबाट विषय विज्ञ शिक्षक छनौट गरी विभिन्न विद्यालयहरूमा पेसागत सहायता तथा पृष्ठपोषण प्रदान गर्नु ,

(ज) सिद्ध कुमाख गाउँपालिकामा भएका सामुदायिक विद्यालयमा कार्यरत शिक्षकहरू आधुनिक सूचना प्रविधिसँग परिचित भई शिक्षण कार्यलाई प्रविधिसँग जोडी शिक्षण गर्न सक्ने हुनु

### ४.२.३ रणनीति

(क) शिक्षक सक्षमता प्रारूपलाई अद्यावधिक गरी यसलाई शिक्षक तयारी र छनौट प्रक्रियामा आवद्ध गर्न सङ्घ र प्रदेश सरकारसँग समन्वय र सहकार्य गर्ने,

(ख) शिक्षक विद्यार्थी अनुपातको आधारमा तहगत र विषयगत रूपमा शिक्षक दरबन्दी मिलान एवम् दरबन्दी पुनर्वितरण तथा थप गर्ने कार्यलाई समयानुकूल सहजीकरण गर्ने र प्राविधिक शिक्षाका लागि पनि शिक्षक व्यवस्थापन र क्षमता विकास गर्ने,

(ग) प्रारम्भिक बालविकास एवम् पूर्व प्राथमिक शिक्षा र कक्षा १–३ का लागि कक्षा १२ उत्तीर्ण, कक्षा ४-८ का लागि स्नातक तह उत्तीर्ण र कक्षा ९–१२ का लागि स्नातकोत्तर उत्तीर्ण हुने गरी शिक्षकको योग्यता अद्यावधिक गर्ने कार्यमा आवश्यक सहजीकरण गर्ने र योग्यता र क्षमताका आधारमा शिक्षक व्यवस्थापन र परिचालन गर्ने,

(घ) शिक्षकको निरन्तर पेसागत विकासका लागि शिक्षण सीप विकाससम्बन्धी छोटो अवधि र लामो अवधिका सेवाकालिन तालिम प्रदान गर्ने कार्यलाई अनिवार्य र प्रभावकारी बनाइने।

(ङ) गाउँपालिकास्तरीय शिक्षक पेसागत सहयोग प्रणालीको कार्यान्वयनमार्फत शिक्षकलाई निरन्तर पेसागत सहयोग उपलब्ध गराइनेछ।

(च) गाउँपालिकामा विषयगत शिक्षक संजाल तथा आवश्यकता अनुसार अनुभवी शिक्षकहरूबाट सहयोग तथा अनुगमनको पद्धती विकास गर्ने र सिकाइ आदान-प्रदान गर्ने कार्यलाई प्रभावकारी रूपमा कार्यान्वयन गरिनेछ।

(छ) शिक्षकको उपस्थिति, नियमितता र कार्यसम्पादनमा सुधार गरी नतिजाप्रति जवाफदेही हुने पद्धति विकासका लागि शिक्षक तथा प्रधानाध्यापकको वृत्ति विकासलाई विद्यार्थीको सिकाइ सुधारसँग सम्बन्धित गरी कार्यान्वयन गर्ने,

(ज) प्रत्येक तहमा पुरस्कार र दण्डको प्रावधानलाई वस्तुगत र न्यायोचित किसिमले प्रभावकारी बनाइने र विद्यालय कर्मचारीलाई प्रोत्साहनको व्यवस्था गर्ने,

(झ) शिक्षकहरूका निम्ति सूचना तथा सञ्चार प्रविधिमा दक्षता अभिवृद्धिको लागि कम्तिमा वर्षको एक पटक तालिम तथा गोष्ठिको व्यवस्था गर्ने,

(ञ) गाउँपालिकामा सञ्चालित सामुदायिक विद्यालयका प्रधानाध्यापकलाई तहगत रूपमा अतिरिक्त प्रोत्साहन भत्ताको व्यवस्थापन गर्ने,

(ट) गाउँपालिकाका सबै शिक्षकहरूको स्वास्थ्य बीमा निःशुल्क वा अनिवार्य गर्ने,

(ठ) अपाङ्गता भएका व्यक्ति, महिला, सीमान्तकृत वर्गका व्यक्तिलाई शिक्षण पेसामा सहभागी हुन पाउने अवसर एवम् क्षमता अभिवृद्धिका कार्यक्रमहरू सञ्चालन गर्ने,

(ड) सबै शिक्षकहरूले सिकाइमा सुधार गर्नका लागि अनिवार्य रूपमा कार्यमूलक अनुसन्धान गर्न लगाउने र उत्कृष्ट अनुसन्धानलाई गाउँपालिकाबाट प्रकाशन र सम्प्रेषण गर्ने साथै शिक्षक क्षमता विकासमा प्रविधिलाई जोड दिने,

(ढ) गाउँपालिकास्तरमा सेवा निवृत्त शिक्षक र शिक्षा प्रशासनका अधिकृतहरू सम्मिलित विज्ञ टोलीको गठन गरी शिक्षकहरूको पेसागत सहयोगको कार्यमा परिचालन गरिने छ।

(ण) यस सिद्ध कुमाख गाउँपालिकाभित्र रहेका सामुदायिक विद्यालयहरूका लागि खेल तथा सङ्गीत र कम्प्यूटर शिक्षकको व्यवस्थापन र परिचालन गर्ने,

## ४.२.४ प्रमुख उपलब्धि तथा नतिजा

**(क) प्रमुख उपलब्धिः**

सक्षम र पेसाप्रति अभिप्रेरित दक्ष र जिम्मेवार शिक्षकको व्यवस्था र परिचालन भै समग्र रूपमा विद्यार्थीको सिकाइ उपलब्धिमा सुधार भएको हुने,

**ख) प्रमुख नतिजाः**

(क) शिक्षक सक्षमता प्रारूप २०७२ कार्यढाँचाको आधारमा शिक्षक तयारी, छनौट र पेसागत सहयोग प्रणालीको विकास हुने,

(ख) शिक्षक सक्षमता प्रारूपको पुनरावलोकन भई शिक्षक सक्षमता कार्यढाँचाका आधारमा शिक्षकको तयारी छनौट र पेसागत विकास भएको हुने,

(ग) तहगत रूपमा शिक्षक वितरण र बिषयगत रूपमा शिक्षक व्यवस्थापन र परिचालन भएको हुने,

(घ) सबै तहमा शिक्षकहरूको न्यूनतम शैक्षिक योग्यतामा पुनरावलोकन तथा सुधार भएको हुने र शत प्रतिशत शिक्षकहरू न्यूनतम योग्यता हासिल गरेको हुने,

(ङ) शिक्षक र कर्मचारीको प्रोत्साहित भएको हुने तथा जिम्मेवार र जवाफदेही भएको हुने,

(च) सिद्ध कुमाख गाउँपालिकामा भएका सामुदायिक विद्यालयमा कार्यरत शिक्षकहरू आधुनिक सूचना प्रविधसँग परिचित भई शिक्षण कार्यलाई प्रविधि सँग जोडी शिक्षण गर्न सक्ने हुने,

**नतिजा तथा परिमाणात्मक लक्ष्य**

| क्र.सं. | सूचक | एकाइ | आधार वर्ष २०८१ | २०८२ | २०८३ | २०८४ | २०८५ |
|---|---|---|---|---|---|---|---|
| १ | प्रारम्भिक बालविकास र शिक्षामा कार्यरत तोकिएको योग्यता प्राप्त शिक्षक सहजकर्ताको सङ्ख्या | प्रतिशत | २९ | २९ | २९ | २९ | २९ |
| २ | आधारभूत तहमा कार्यरत तोकिएको योगता प्राप्त शिक्षक | प्रतिशत | १०० | १०० | १०० | १०० | १०० |
| ३ | माध्यमिक तह कक्षा ९-१२ मा कार्यरत न्यूनतम योग्यता तथा तालिमप्राप्त शिक्षक | प्रतिशत | १०० | १०० | १०० | १०० | १०० |
| ४ | सूचना प्रविधि सम्बन्धी न्यूनतम सक्षमता भएका शिक्षक | प्रतिशत | २५ | ३५ | ४५ | ५५ | ७० |
| ५ | शिक्षकको पेसागत सहयोग प्रणाली लागु भएका विद्यालय | प्रतिशत | ५ | १० | ३० | ५० | ७० |

## ४.२.५ प्रमुख क्रियाकलाप र परिमाणात्मक लक्ष्य

| क्र.सं. | प्रमुख क्रियाकलाप | एकाइ | लक्ष्य | परिमाणात्मक लक्ष्य ५ वर्ष | | | | | जम्मा | भौतिक लक्ष्य १० वर्ष |
|---|---|---|---|---|---|---|---|---|---|---|
| | | | | २०८१ | २०८२ | २०८३ | २०८४ | २०८५ | | |
| १ | शिक्षक व्यवस्थापन र परिचालन | पटक | ५ | ० | १ | १ | १ | १ | ४ | १ |
| २ | शिक्षक पेसागत सहयोग प्रणालीको विकास र कार्यान्वयन | पटक | ५ | १ | १ | १ | १ | १ | ५ | निरन्तर |
| ३ | अन्तरविद्यालय सिकाइ आदानप्रादन भ्रमण | पटक | ५ | ९० | १ | १ | १ | १ | ४ | १ |
| ४ | पालिकाले प्र.अ र प्र.अले शिक्षकहरूसँग करार सम्झौता | पटक | ५ | १ | १ | १ | १ | १ | ५ | निरन्तर |
| ५ | सिकाइ समूह वैठक/घुम्ती वैठक सञ्चालन गर्ने तहगत | पटक | ६० | १२ | १२ | १२ | १२ | १२ | ६० | निरन्तर |
| ६ | तहगत रूपमा उत्कृष्ट कार्य गर्ने शिक्षकलाइ प्रेत्साहन | वार्षिक | ५ | १ | १ | १ | १ | १ | ५ | निरन्तर |
| ७ | एक शिक्षक एक ल्याप्टप अवधारणा कार्यान्वयन गर्ने | विद्यालय | २८ | २८ | २८ | २८ | २८ | २८ | २८ | निरन्तर |
| ८ | तहगत रूपमा शिक्षकको प्रोत्साहन र अभिप्रेरणाका लागि तालिम | पटक | ५ | ० | १ | १ | १ | १ | ४ | १ |

# ४.३ शैक्षिक समता र समावेशीकरण

## ४.३.१ वर्तमान अवस्था

भौगोलिक, आर्थिक, सामाजिक, साँस्कृतिक, धार्मिक, शारिरिक, मानसिक तथा जातिय र वर्गिय एवम् विभिन्न ढङ्गबाट उपेक्षित सबै बालबालिकाहरूलाई विभिन्न कारणले शिक्षा बाट बञ्चित हुन नदिनका लागि समतामूलक तवरले शैक्षिक अवसर प्रदान गर्नु नै समतामूलक र समावेशी शिक्षा हो । बालबालिकाको विद्यालय शिक्षामा शत प्रतिशत समतामूलक र सहभागितात्मक पहुँच अभिवृद्धि गर्नु अति आवश्यक बिषय हो । शिक्षाको मूलधारमा आएका तथा आउन नसकेका बालबालिकाहरूलाई समावेशी, बालमैत्री, अपाङ्गमैत्री, लैङ्गिकमैत्री र सुरक्षित सिकाइ वातावरणको तयार गरी समतामूलक र समावेशी पहुँचमार्फत शैक्षिक गुणस्तरमा सुधार गर्नु आजको आवश्यकता र अनिवार्यता हो । सबै बालबालिकाहरूलाई शैक्षिक पहुँच अभिवृद्धिका लागि सिद्ध कुमाख गाउँपालिकाले पनि शैक्षिक समता र समावेशीकरणका कार्यहरू निरन्तर रूपमा गरिरहेको छ र यसलाई थप प्रभावकारी बनाउनका लागि प्रयासरत रहेको छ । हाल विकसित परिवेश सँगै अनाथ बालबालिका, घरेलु हिंसा पिडित, द्वन्द पिडित, सहिद परिवार, बेपत्ता घाइते, अपाङ्गता भएका तथा सामाजिक र आर्थिक रूपमा पछाडि परेका बालबालिकालाई शिक्षामा सहभागिता र सुनिश्चितता भन्ने बुझिन्छ। विविधतालाई पहिचान दिनु, सम्मान गर्नु र व्यक्तिगत भिन्नताको कदर गरी विविधतालाई प्रोत्साहित गर्नु आवश्यक छ। बालबालिकामा भएका विभिन्नताले पहुँच, सहभागिता तथा नतिजामा फरक नपर्ने अवस्था सिर्जना गरी समता कायम गर्नु आवश्यक छ । समताले अवसरको समानता मात्र सिर्जना नगरी अवसर असमान हुनाका कारण पहिचान गरी तिनलाई समान बनाउन विशेष तथा थप प्रबन्ध गर्नु पर्दछ। सामाजिक न्याय स्थापित गर्न शिक्षामा सबैको पहुँच तथा सहभागिताको अधिकार सुनिश्चित गर्ने कार्य भएकाले महत्वपूर्ण र अत्यावश्यक छ।

नेपालमा विद्यालय शिक्षामा सबैको समतामूलक, र समावेशी पहुँचका लागि नीतिगत व्यवस्थाका साथै विभिन्न कार्यक्रमहरू पनि सञ्चालित छन् । दिवा खाजा, पाठ्यपुस्तक सहित निःशुल्क शिक्षा छात्रवृती र अपाङ्गता भएका बालबालिकाहरूलाई गरिएको विभिन्न सहायताले बालबालिको समतामूलक र समावेशी पहुँचका लागि योगदान गरेको छ र गाउँपालिकाले पनि यस्ता कार्यहरूलाई निरन्र रूपमा कार्यान्वयन गरिरहेको छ। विद्यालय तहमा महिला, जनजाती, दलित तथा सामाजिक र आर्थिक रूपले पछाडि परेका वर्गका शिक्षक नियुक्तिको समावेशी व्यवस्था,, पाठ्यक्रममा लैङ्गिक लगायत सांस्कृतिक, धार्मिक, जातजातीय सम्वेदनशीलतालाई विचार गरी विविधताको सम्मान गर्ने प्रयास गरिएको छ।

सिद्ध कुमाख गाउँपालिकामा आधारभूत र माध्यमिक तहको लैङ्गिक समता सूचकलाई अध्ययन गर्दा आधारभूत तहमा लैङ्गिक समता सूचक ०.९३ प्रतिशत रहेको छ ।यद्यपि लैङ्गिक समता सूचक सामुदायिक विद्यालयमा ०.९३ रहेको छ भने माध्यमिक तहमा लैङ्गिक समता सूचक १.१४ मात्र रहेको छ । आधारभूत तहमा महिला शिक्षक प्रतिशत ५०.६७ रहेको छ भने माध्यमिक तहमा २३.६८ प्रतिशत मात्र रहेको छ । गाउँ शिक्षा समिति, शिक्षक अभिभावक सङ्घ र अन्य समिति र विद्यालय व्यवस्थापन समितिमा महिलाको उपस्थिति करिब ३३ प्रतिशतको हाराहारीमा पुर्याउने कार्यलाई प्राथमिकतामा राखिएको छ। आधारभूत तहमा अध्ययन गर्ने सम्पूर्ण छात्राहरूलाई छात्रवृत्ति प्रदान गर्ने कार्यलाई निरन्तरता प्रदान गरिएको छ साथै यसै गरी दलित छात्रवृत्ति

तथा अपाङ्गता छात्रवृत्ति । लैङ्गिकमैत्री वातावरण निर्माण गर्न विद्यालयहरूमा छात्रा सुलभ शौचालय निर्माण गर्ने कार्यलाई जोड दिइएको छ। महिनावरी हुने सबै छात्राहरूलाई स्यानेटरी प्याडको निःशुल्क वितरण गरी विद्यालयले व्यवस्थापन गर्ने कार्य कार्यान्वयन गरिएको छ। छात्रामाथि हुन सक्ने दुर्व्यवहार, हिंसा, विभेद आदिजस्ता कार्यलाई रोक्नका लागि प्रत्येक विद्यालयमा लैङ्गिक सम्पर्क व्यक्ति तोकी गुनासो सुनुवाइ संयन्त्रको निर्माण एवम् परिचालन गर्ने कार्यलाई अगाडि बढाउन आवश्यक देखिन्छ ।माध्यमिक तहका विद्यालयमा केही हद सम्म यस्ता कार्य भएतापिन प्रभावकारी हुन भने सकेको छैन । विशेष गरी माध्यमिक तहमा लैङ्गिक सम्पर्क व्यक्ति रहेता पनि सबै तवरले सबैको पहुँच सुनिश्चित हुने गरी कार्य गर्न आवश्यक देखिन्छ ।विद्यालय तथा विद्यालय बाहिर रहेका अपाङ्गता भएका बालबालिकाको सिकाइ सहजीकरणका लागि सामग्रीहरू तथा सहायतको कार्य प्रभावकारी बनाउन आवश्यक देखिन्छ ।

### ४.३.२ उद्देश्य

(क) महिला, दलित, जनजाति, अपाङ्गता भएका, भौगोलिक कठिनाइमा रहेका, जोखिममा परेका, आर्थिक रूपले विपन्न, द्वन्द्व प्रभावित तथा सामाजिक तथा आर्थिक कारणले वञ्चितिमा परेका व्यक्तिहरूलाई शिक्षामा पहुँच पुऱ्याउनु

(ख) शिक्षण सिकाइ प्रक्रिया लगायत समस्त शैक्षिक प्रणालीमा विविधता, समता तथा समावेशीता अभिवृद्धि गरी विद्यालयलाई बालमैत्री, अपाङ्तामैत्री, लैङ्गिकमैत्री बनाउनु,

(ग) विद्यालयमा कुनै पनि प्रकारको विभेद, हिंसा र दुर्व्यवहार नहुने गरी सुरक्षित सिकाइ वातावरणको सुनिश्चित गर्नु ,

### ४.३.३ रणनीति

(क) सामाजिक तथा आर्थिक तथा विभन्न कारणले पछाडि परेका साथै अपाङ्गता भएका बालबालिकाको लेखाजोखा र अध्ययन गरी उनीहरूलाई समावेशी शिक्षाको प्रबन्ध मिलाउने,

(ख) सबै तह र प्रकारका विद्यालयहरूमा लैङ्गिक तथा अपाङ्गमैत्री भौतिक अवस्था तथा सुरक्षित शैक्षिक वातावरणको विकास गरी विशेष लक्षित समूहका सबै बालबालिकाहरूलाई विद्यालय शिक्षा उपलब्ध गराउने,

(ग) सबै सामुदायिक आधारभूत विद्यालयहरूमा स्थानीयस्तरमा नै उत्पालित दिवा खाजा सहित स्वास्थ्य, पोषण, सरसफाइ तथा स्वच्छता सम्बन्धि सेवा तथा शिक्षाको प्रबन्ध तथा किशोरीहरू लक्षित महिनावारी स्वच्छता सम्बन्धि सेवत तथा शिक्षा प्रदान गरिने,

(घ) आवश्यकतानुसार पोसाक, स्टेसनरी तथा सिकाइ सामग्रीका लागि छात्रवृत्ति, अपाङ्गता भएका बालबालिहरूका लागि आवश्यकताअनुसार सहायक सामग्री उपलब्ध गराइने,

(ङ) सिकाइका क्रियाकलापहरू सहभागितात्मक बनाइ विद्यालयमा कुनै पनि किसिमको विभेद नहुने वातावरण सिर्जना गर्ने,

(च) समावेशी शिक्षा लागु गर्नको लागि शिक्षकहरूलाई आवश्यकता अनुसार विभिन्न तालिम प्रदान गरिने र प्रत्येक विद्यालयमा लैङ्गिक तथा गुनासो सुनुवाइ सम्पर्क व्यक्ति तोकि जवाफदेही हुने प्रणालीको विकास गरिनेछ ।

## ४.३.४ प्रमुख उपलब्धि तथा नतिजा

**क) उपलब्धि**

(क) विद्यालय तहको शिक्षामा समता सहितको समावेशी बालमैत्री, लैङ्गिकमैत्री तथा अपाङ्गमैत्री पहुँच कायम गरी सबैका लागि गुणस्तरीय समावेशी शिक्षा सुनिश्चित हुने,

**ख) नतिजा**

(क) महिला, दलित, जनजाति, लोपोन्मुख समुदाय, अपाङ्गता भएका, कठिन भौगोलिक अवस्थामा रहेका, जोखिममा परेका, आर्थिक रूपले विपन्न, द्वन्द्व प्रभावित तथा सामाजिक तथा आर्थिक कारणले वञ्चितिमा परेका सबै - बालबालिकाहरूले समावेशी शिक्षा प्राप्त गर्ने अवसर पाउने,
(ख) विद्यालयमा कुनै पनि प्रकारको विभेद, हिंसा, दूर्व्यवहार र हेपाइ रहित बालमैत्री, अपाङ्गमैत्री र लैङ्गिकमैत्री समता सहितको समावेशी वातावरण सिर्जना भएको हुने,

**नतिजा तथा परिमाणात्मक लक्ष्य**

| क्र.सं. | सूचक | आधार वर्ष २०८१ | २०८२ | २०८३ | २०८४ | २०८५ |
|---|---|---|---|---|---|---|
| १ | आधारभूत तहमा विद्यालय बाहिर रहेका बालबालिका को प्रतिशत | ४.० | ३ | २ | १ | ० |
| २ | लैङ्गिक समता सूचक (१ देखि ५) | ०.९४ | ०.९५ | ०.९६ | ०.९७ | ०.९८ |
| | लैङ्गिक समता सूचक (६ देखि ८) | ०.९३ | ०.९५ | ०.९५ | ०.९६ | ०.९७ |
| ३ | लैङ्गिक समता सूचक (९ देखि १०) | १.०७ | १.०५ | १.०४ | १.०३ | १.०२ |
| ४ | लैङ्गिक समता सूचक (११ देखि १२) | १.२७ | १.१५ | १.१२ | १.१० | १.०५ |
| ५ | लैंगिक, अपाङ्ग, बाल मैत्री संरचना प्रतिशत | ५० | ५५ | ६० | ६५ | ७० |
| ६ | लैङ्गिक अपाङ्गता तथा बाल संरक्षण सम्पर्क व्यक्ति भएको विद्यालय प्रतिशत | ० | ८ | १० | १५ | २० |

## ४.३.५ प्रमुख क्रियाकलाप र एकाइत्मक लक्ष्य

| क्र.सं. | प्रमुख क्रियाकलाप | एकाइ | लक्ष्य | परिमाणात्मक लक्ष्य ५ वर्ष | | | | | जम्मा | भौतिक लक्ष्य १० वर्ष |
|---|---|---|---|---|---|---|---|---|---|---|
| | | | | २०८१ | २०८२ | २०८३ | २०८४ | २०८५ | | |
| १ | अपाङ्गता भएका तथा विभिन्न कारणले विद्यालय बाहिर रहेका बालबालिकाको पहिचान र तथ्याङ्क अद्यावधी | पटक | ५ | १ | १ | १ | १ | १ | **५** | **निरन्तर** |
| २ | छात्रवृत्री कार्यकंम | जना | ७९१८ | १३०४ | १३०४ | १३१० | १३२० | १३३० | ६५६८ | १३५० |
| ३ | अति विपन्न र लक्षित बालबालिकालाई शैक्षिक सामग्रीहरू सहायता | जना | १४० | ० | १५ | २० | २५ | ३० | ९० | ५० |
| ४ | विद्यालयमा लैङ्गिक तथा समावेशी र गुनासो सुनुवाइ फोकल शिक्षकको व्यवस्था र क्षमता विकास | पटक | ५ | ० | १ | १ | १ | १ | ४ | १ |
| ५ | अपाङ्गता भएका बालबालिकाको लागि शैक्षिक सामग्री सहयोग | पटक | ५ | १ | १ | १ | १ | १ | ५ | निरन्तर |
| ६ | समावेशी तथा समता शिक्षा र क्षमता विकास तालिम र अभिमुखीकरण | पटक | ५ | १ | १ | १ | १ | १ | ५ | निरन्तर |
| ७ | समता र समावेशीकरणका लागि सचेतनामूलक कार्यक्रमहरू | पटक | ५ | ० | १ | १ | १ | १ | ४ | १ |

## ४.४ विद्यालय पोषण तथा स्वास्थ्य कार्यक्रम
### ४.४.१ वर्तमान अवस्था

विद्यालय पोषण तथा स्वास्थ्य शिक्षासँग अन्तर सम्बन्धित महत्वपूर्ण र अनिवार्य क्षेत्र हो । यसले मानव जीवनको विकास तथा उन्नती प्रगतीमा महत्वपूर्ण भूमिका निर्वाह गरेको हुन्छ। बालबालिकाको शैक्षिक विकासका र उन्नतिका लागि विद्यालय पोषण तथा स्वास्थ्य कार्यक्रमको प्रभावकारी कार्यान्वयनले बालबालिकाको सिकाइलाई प्रभावकारी बनाउन मद्दत गर्दछ । बालबालिकाको विकास तथा सिकाइसँग उनीहरूको स्वास्थ्य तथा पोषणको अवस्थाको प्रत्यक्ष सम्बन्ध हुन्छ । बालबालिकाको बौद्धिक, मानसिक, सामाजिक र शारीरिक विकास भई सिकाइ उपलब्धिमा सुधार गर्न पनि स्वास्थ्य तथा पोषणकोको राम्रो अवस्थाले प्रोत्साहित गर्दछ । अझै पनि शिघ्र कुपोषणका कारणले नेपाल सहित दक्षिण एसियामा रहेका बालबालिकाको मृत्युको प्रमुख कारण रहेको देखिन्छ । सरसफाइको कमि, सन्तुलित आहार नहुनु, पोषणयुक्त खानाको कमिका कारणले बालबालिकामा विभिन्न किसिमका रोगहरू उत्पन्न हुँदा बालबालिकाहरू विद्यालयमा नियमित हुन सक्दैनन र बालबालिकाहरू विद्यालयमा नियमित नहुँदा उनीहरूको शैक्षिक वातावरणमा नकरात्मक प्रभाव परेको हुन्छ । व्यक्तिगत सरसफाइ, घरयासी सरसफाइ, विद्यालयको सरसफाइ, वातावरणीय सरसफाइले बालबालिकाको स्वस्थ जीवनयापनमा सहयोग पुर्याउँदछ। विद्यालयमा हुने दिवा खाजा, स्वच्छ खानेपानी, महिनावारी स्वच्छता व्यवस्थापन तथा बालबालिकाको स्वास्थ्य जाँच, खोप लगायतका कार्यक्रमहरू यस अन्तर्गत पर्दछन् ।

सरसफाइ तथा स्वच्छता गुरूयोजना २०११, विद्यालय स्वास्थ्य र पोषण रणनीति २००६, विद्यालय क्षेत्र विकास कार्यक्रम सन २०१६ देखि २०२३, बालमैत्री विद्यालय फ्रेमवर्क लगायतका नीति, पूर्ण सरसफाइ निर्देशिका लगायतले स्पष्ट रूपमा विद्यालयको खानेपानी तथा सरसफाइ एवंम् पोषणको बारेमा दिशानिर्देशन गरेका छन् । विद्यालयमा छात्र र छात्राका लागि युरिनल सहितका फरकफरक शौचालय, शौचालयमा नियमित पानी, नियमित सरसफाइ, सहज हात धुने व्यवस्था, स्वच्छ खानेपानी र सरसफाइका न्यूनतम रूपमा हुनुपर्ने र सोही बमोजिम विद्यालयलमा कार्यान्वयन हुनैपर्ने व्यवस्थाको उल्लेख गरेको छ । विद्यालयमा पानी, शौचालय, वातावरणीय सरसफाइ, सफा र हरियाली वातावरण, स्वच्छता सुविधा, स्वच्छता शिक्षा, महिनावारी स्वच्छता व्यवस्थापन सुविधा, लगायतको व्यवस्थापनले विद्यालयको पोषण तथा सरसफाइमा मद्दत पुर्याएको छ ।बालबालिकाहरूको नियमित रूपमा स्वास्थ्य शिक्षा, स्वास्थ्य परीक्षण, नियमित खोप, भिटामिन, आइरन चक्की तथा शुक्ष्म पोषक तत्वहरूको वितरण जस्ता कार्यहरू समुदाय तथा विद्यालयमा नियमित हुनुपर्दछ र बालबालिकाको पहुँच सुनिश्चित हुनु पर्दछ।

सिद्ध कुमाख गाउँ पालिका रहेका २८ वटा सामुदायिक विद्यालयहरूमा रहेकामा प्रारम्भिक बालविकास र शिक्षादेखि कक्षा ५ सम्म रहेका सबै बालबालिकाका लागि दिवा खाजा कार्यक्रम संञ्चालन गरिएको छ । दिवा खाजा अन्तर्गत सबै सामुदायिक विद्यालयले खाजाको मेनु निर्माण गरी पत्रु (जङ्ग फुड) खाजा निरूत्साहित गर्नलागि स्थानीय स्तरमा उत्पादन भएका अर्गानीक खाजा खुवाउने व्यवस्था गरेको छ र अझै पनि यसको प्रभावकारी कार्यान्वयन गर्नुपर्ने देखिन्छ। अझै पनि कतिपय विद्यालयहरूले पत्रु (जङ्ग फुड) खाजा खुवाउने गरेकाले पालिकाले स्थानीय परिवेश अनुसारको खाजा मेनु तयार गरी कार्यान्वयन गर्न आवश्यक छ ।गाउँपालिकाले नै स्टान्डर्ड मेनु तयार गरी विद्यालयमा कार्यान्वयन गरेपछि एकरूपता भएको छ। स्थानीय

पोषणयुक्त खाजाको व्यवस्थापन प्रभावकारी भएको देखिन्छ ।कक्षा ६ भन्दा माथि अध्ययन गर्ने छात्राका लागि महिनावारी स्वच्छता व्यवस्थापनका लागि निःशुल्क सेनिटरी प्याड वितरण कार्यक्रमलाई थप प्रभावकारी बनाउँदै लगिएको छ। सबै विद्यालयका लागि प्राथमिक उपचार सामग्रीको व्यवस्थापन देखि सामुदायिक तथा संस्थागत विद्यालयहरूका सम्पूर्ण किशोरीका लागि निःशुल्क आइरन चक्की प्रदान गर्ने कार्य सञ्चालन हुँदै आएको छ।गाउँपालिकाअन्तर्गत रहेका २८ वटा सामुदायिक विद्यालयहरूमध्ये ६ माध्यमिक विद्यालयहरूमा विद्यालय नर्स कार्यक्रम सञ्चालन को लागि अगामी वर्षहरूमा आवश्यक बजेट विनियोजन गरी कार्यक्रमलाई प्रभावकारी बनाउने प्रयास गरिएको छ ।विद्यालय सरसफाइ अन्तरगत कक्षाकोठाको सरसफाइ, विद्यालयको वातावरणीय सरसफाइ, स्वच्छ खानेपानीका लागि फिल्टरको व्यवस्था लगायतका कार्य गर्न आवश्यक छ । यसका साथै विद्यालय स्वास्थ्य अन्तरगत सबै विद्यालयमा प्राथमिक उपचार किटको वितरण, नियमित स्वास्थ्य चेकजाँच, विद्यालयम पोषणका साथै माध्यमिक तहका सबै विद्यालयमा पोषणको महत्व तथा व्यवहार परिवर्तन, मानसिक स्वास्थ्य, लागु औषध दुर्वयसनी सम्बन्धी सचेतनामूलक कार्यक्रमहरू प्रभावकारी रूपमा सबै विद्यालयमा सञ्चालन गर्नु पर्ने देखिन्छ ।विद्यालय पोषण र स्वास्थ्य शिक्षाका कार्यक्रमहरूलाई प्रभावकारी रूपमा कार्यान्वयन गरी विद्यालय शिक्षाको सुधार गर्न पालिकाले अहम भूमिका निर्वाह गर्नु पर्ने देखिन्छ ।

### ४.४.२ उद्देश्य

(क) बालबालिकालाई स्वस्थ्य एवंम् पोषणयुक्त तथा रैथाने पौष्टिक खाना प्राप्तिको सुनिश्चितता र प्रबर्द्धन गर्नु साथै विद्यालयमा जङ्क फुड पूर्ण रूपमा निषेध गर्नु ,

(ख) विद्यालयमा बालबालिकाको स्वास्थ्य पोषण र सरसफाइ तथा स्वच्छताका सेवा तथा सुविधामा सहजता प्रदान गरी पोषण र स्वास्थ्यमा सुधार ल्याउनुनु,

(ग) विद्यालयमा अध्ययन गर्ने बालबालिकाहरूको स्वास्थ्य पोषण र सरसफाइ तथा स्वच्छता सम्बन्धी सकरात्मक व्यवहारलाई प्रोत्साहन गर्नु र सिकाइ उपलब्धिमा सुधार गर्नु ,

(घ) नियमित रूपमा विद्यालयमा नै स्वास्थ्य चेकजाँच, स्वास्थ्य सहायता तथा सहभागितमा सुधार गर्नु तथा स्वास्थ्य शिक्षा र सचेतनामूलक कार्यक्रमहरू सञ्चालन गर्नु ,

### ४.४.३ रणनीति

(क) गाउँपालिका भित्रका सबै विद्यालयहरूमा पूर्ण रूपमा पत्रु खाना निषेध गर्ने र स्थानीय उत्पादनमा आधारित पोषणयुक्त दिवा खाजालाई प्रभावकारी रूपमा कार्यान्वयन गर्ने,

(ख) दिवा खाजा कार्यक्रमलाई क्रमशः विस्तार गर्दै अभिभावकको सङ्लग्नतामा माध्यमिक तहसम्मका विद्यार्थीका लागि खाजाको प्रबन्ध गरिने छ यसका लागि कक्षा ६ भन्दा माथिको लागि पनि विद्यालयले पत्रु खाना बाहेकका स्थानीय उत्पादित खाजा मात्र प्रयोगका लागि सहजीकरण गर्ने,

(ग) विद्यालयमा विद्यार्थी सङ्ख्याको अनुपातमा पर्याप्त पानी, साबुन तथा सफाइ सामग्रीसहित आवश्यक सङ्ख्यामा छात्र र छात्राका लागि अलग अलग शौचालय तथा युरिनल, किशोरिहरूका लागि चेन्ज रूम, प्रयोग भइसकेका सामग्री व्यवस्थापन, स्वच्छ खानेपानी, कक्षाकोठा तथा विद्यालय परिसर सरसफाइको प्रबन्ध र घेराबारको व्यवस्था गरिनेछ साथै प्रयोग गरिएका स्यानीटरी प्याड व्यवस्थापनका लागि रातो बाल्टी तथा इन्सिनरेटरको व्यवस्थापन गर्ने,

(घ) विद्यालयहरूमा नियमित प्राथमिक उपचार किट वितरण, बालबालिकाहरूको आवधिक स्वास्थ्य जाँच, जुकाको औषधी तथा सूक्ष्म पोषक तत्त्व प्रदायक ट्याबलेटहरू (भिटामिन ए र आइरन फोलिक एसिड आदि) को वितरण र किशोरीहरूको महिनावारी स्वच्छताको लागि स्यानिटरी प्याड वितरणलाई स्वास्थ्य क्षेत्रको सहकार्यमा नियमित र प्रभावकारी बनाईने।

(ङ) विद्यालयमा स्वास्थ्य, खाद्य सुरक्षा, सफाइ तथा स्वच्छता, किशोरीहरूका लागि महिनावारी स्वच्छता र पोषणसम्बन्धी शिक्षा प्रदान गर्न स्वास्थ्य र कृषि क्षेत्रसँग समन्वय र सहयोगमा संयुक्त कार्य योजना निर्माण गरी कार्यान्वयन गर्ने,

(च) मानसिक स्वास्थ्यमा सुधारका लागि बालबालिकालाई मानसिक स्वास्थ्य शिक्षा तथा मनोसामाजिक परामर्शको व्यवस्था गर्ने,

(छ) विद्यालय स्वास्थ्य, पोषण तथा सरसफाइ र स्वच्छता सम्बन्धी कार्यक्रमको अनुगमन तथा मूल्याङ्कन साधन, संयन्त्र र प्रक्रियामा पुनरावलोकन गरी प्रभावकारी बनाउने।

(ज) माध्यमिक तहका सबै विद्यालयहरूमा विद्यालय नर्स कार्यक्रम लागु गरिने छ र उक्त माध्यमिक तहमा रहेका विद्यालय नर्सहरूलाई अन्य आधारभूत तहका विद्यालयहरूमा परिचालन गर्न अभिप्रेरित गरिनेछ।

### ४.४.४ **प्रमुख उपलब्धि तथा नतिजा**

**क) उपलब्धि**

(क) विद्यालयमा अध्ययन गर्ने सबै बालबालिकाको स्वास्थ्य तथा पोषणको अवस्थामा सुधार भएर सुरक्षित तथा रमाइलो सिकाइ वातावरणमा पूर्ण पहुँच तथा सहभागिता भएको हुनेछ ।

ख) प्रमुख नतिजाहरू

(क) विद्यालय स्वास्थ्य तथा पोषण व्यवस्थापनका लागि गाउँपालिकाले कार्यविधि तथा आवश्यक मापदण्ड निर्माण गरी कार्यान्वयन गरेका हुने,

(ख) सबै बालबालिकाहरूले स्थानीयस्तरमा उत्पादित रैथाने उत्पादनमा आधारित पोषणयुक्त दिवा खाजा प्राप्त गरेको हुनेछन् र पत्रु खानालाई पूर्णरूपमा निरूत्साहित गरिएको हुनेछ ।

(ग) सामुदायिक माध्यमिक विद्यालय र संस्थागत विद्यालयका सबै कक्षाका विद्यार्थीहरूलाई अभिभावकको सहभागितामा दिवा खाजा प्राप्त हुने व्यवस्थापन भएको हुनेछ ।

(घ) विद्यालयमा विद्यार्थी सङ्ख्याको अनुपातमा पर्याप्त पानी, साबुन तथा सफाइ सामग्रीसहित आवश्यक सङ्ख्यामा छात्र र छात्राका लागि अलग अलग शौचालय तथा युरिनल, किशोरिहरूका लागि चेन्ज रूम, प्रयोग भइसकेका सामग्री व्यवस्थापन, हात धुने ठाउँ, स्वच्छ खानेपानी, कक्षाकोठा तथा विद्यालय परिसर सरसफाइको प्रबन्ध र घेराबारको व्यवस्था भएको हुनेछ ।

(ङ) विद्यालयहरूमा प्राथमिक उपचार किट वितरण तथा प्रतिस्थापन, बालबालिकाहरूको स्वास्थ्य जाँच, जुकाको औषधि, आईरन चक्की तथा किशोरीहरूको मासिक महिनावारीमा स्यानिटरी प्याड वितरण र डिस्पोजेबल इन्सिनरेटरको व्यवस्था भएको हुनेछ ।

(च) विद्यालयमा विद्यर्थीलाई स्वास्थ्य, खाद्य सुरक्षा, सफाइ तथा स्वच्छता, किशोरीहरूका लागि महिनावारी स्वच्छता र पोषणसम्बन्धी आधारभूत शिक्षा प्राप्त हुनेछ ।

(छ) विद्यार्थी र विद्यालयको अगुवाइमा स्मार्ट विद्यालय कार्यक्रम लागु गरी पूर्ण सरसफाइका सूचकहरू पूरा हुने।

(ज) सबै बालबालिकाहरूले पूर्ण रूपमा खोप प्राप्त गरेका हुनेछन् र सबै बालबालिकाको न्यूनतम स्वास्थ्य चेक जाँच भएको हुनेछ ।

(झ) सबै माध्यमिक विद्यालयहरूमा विद्यालय नर्सको व्यवस्था भएको हुनेछ र अन्य विद्यालयमा परिचालित भएका हुनेछन्।

**नतिजा तथा परिमाणात्मक लक्ष्य**

| क्र.सं. | सूचक | आधार वर्ष २०८१ | २०८२ | २०८३ | २०८४ | २०८५ |
|---|---|---|---|---|---|---|
| १ | प्रारम्भिक बालविकास र कक्षा १मा भर्ना भएका बालबालिका मध्ये आवश्यक खोप प्राप्त गरेका बालबालिका | १०० | १०० | १०० | १०० | १०० |
| २ | पत्रु खाजा प्रतिवन्ध संस्थागत समेत | ३२ | ३२ | ३२ | ३२ | ३२ |
| ३ | वार्षिकरूपमा विद्यार्थीको नियमित स्वास्थ्य परीक्षण गर्ने विद्यालयको सङ्ख्या | ० | ३२ | ३२ | ३२ | ३२ |
| ४ | प्राथमिक स्वास्थ्य सेवाको पहुँच पुगेका विद्यालय सङ्ख्या | ० | ४ | ८ | १० | १५ |
| ५ | नर्सिङ् सेवा तथा सुविधा पुगेका विद्यालय सङ्ख्या | ० | १ | २ | ३ | ४ |

४.४.५प्रमुख क्रियाकलापहरू र लक्ष्य

| क्र.सं. | प्रमुख क्रियाकलाप हरू | एकाइ | लक्ष्य | परिमाणात्मक लक्ष्य ५ वर्ष | | | | | जम्मा | भौतिक लक्ष्य १० वर्ष |
|---|---|---|---|---|---|---|---|---|---|---|
| | | | | २०८१ | २०८२ | २०८३ | २०८४ | २०८५ | | |
| १ | प्रारम्भिक बालविकास कक्षा १मा भर्ना भएका बालबालिका लाई खोप तथा शुक्ष्म पोँषक तत्व वितरण | विद्यालय | ३२ | ३२ | ३२ | ३२ | ३२ | ३२ | ३२ | निरन्तर |
| २ | स्वस्थकर दिवा खाजाको व्यवस्था | विद्यालय | २८ | २८ | २८ | २८ | २८ | २८ | २८ | निरन्तर |
| ३ | वार्षिकरूपमा विद्यार्थीको नियमित स्वास्थ्य परीक्षण | विद्यालय | | ० | २८ | २८ | २८ | २८ | २८ | निरन्तर |
| ४ | प्राथमिक स्वास्थ्य सेवाको पहुँच पुर्याउने | विद्यालय | २८ | ० | २८ | २८ | २८ | २८ | २८ | निरन्तर |
| ५ | विद्यालय नर्सको व्यवस्था | विद्यालय | ६ | ० | १ | २ | ३ | ४ | ६ | निरन्तर |
| ६ | फोहोरमैला व्यवस्थापनका लागि डम्पिङ पिट निर्माण, प्रयोग गरेको स्यानीटरी प्याड व्यवस्थापनका लागि रातो बाल्टी, इन्सिनरेटर | विद्यालय | २८ | ० | ५ | ७ | ७ | ५ | २४ | ४ |
| ७ | स्यानीटरी प्याट वितरण तथा व्यवस्थापन | विद्यालय | ११ | ११ | ११ | ११ | ११ | ११ | ११ | शिक्षा शाखा |

| | | | | | | | | | | |
|---|---|---|---|---|---|---|---|---|---|---|
| ८ | सरसफाइमा उत्कृष्ठ कार्य गर्ने विद्यालयलाई पुरस्कृत गरिने | पटक | ५ | १ | १ | १ | १ | १ | ५ | निरन्तर |
| ११ | विद्यालयलाई प्राथमिक उपचारको किटको व्यवस्था | विद्यालय | २८ | ० | २८ | २८ | २८ | २८ | २८ | निरन्तर |
| १२ | मानसिक स्वास्थ्य तथा लागुऔषध सम्बन्धि सचेतनामूलक कार्यक्रम | पटक | ५ | १ | १ | १ | १ | १ | ५ | |
| १३ | विद्यालयमा आई ई सि सामग्री वितरण मा. वि तह | विद्यालय | ६ | ६ | ६ | ६ | ६ | ६ | ६ | ६ |
| १४ | पोषण र स्वास्थ्य सम्बन्धि सचेतनामूलक कार्यक्रम समुदायसँग जोडेर | विद्यालय | २८ | ० | २८ | २८ | २८ | २८ | २८ | निरन्तर |

## ४.५ विद्यालय सुरक्षा, विपत् तथा उत्थानशीलता

### ४.५.१. वर्तमान अवस्था

युद्ध, द्वन्द्व महामारी तथा प्राकृतिक प्रकोपको अवस्थामा पनि बालबालिकाको सिक्न पाउने अधिकारलाई संरक्षण गर्दै सिकाइलाई निरन्तरता दिने वैकल्पिक उपाय सहितका शैक्षिक कार्यक्रमहरूलाई आपतकालिन तथा सङ्कटपूर्ण अवस्थामा शिक्षाको रूपमा लिने गरिन्छ । यसको मुख्य उद्देश्य विभिन्न कारणले उत्पन्न सङ्कटकालिन अवस्थामा बालबालिका लगायत सम्वद्ध व्यक्तिहरूको जीवन रक्षा, प्रकोपबाट सिर्जित सङ्कटको व्यवस्थापन, सामाजिक द्वन्द तथा हिंशा र दुरूपयोगबाट बालबालिकालाई सुरक्षित राखुका साथै समग्र शिक्षा क्षेत्रलाई निर्वाद रूपमा क्रियाशिल हुने गरी शैक्षिक कार्यक्रमहरूको तयारी तथा सञ्चालन गर्नु हो। आपतकालिन तथा सङ्कटपूर्ण अवस्थामा शिक्षाको अवधारण बाल अधिकारको रूपमा स्वीकार गरिएको छ र हरेक बालबालिकाले सुरक्षित र भय रहित वातावरणमा विपत् को समयमा पनि निरन्तर रूपमा शिक्षा हासिल गर्ने अवसरहरू प्राप्त गर्ने वातावरण सिर्जना गर्नुपर्दछ । यसमा प्राकृतिक प्रकोप जोखिम न्यूनिकरण, महामारी, युद्ध, द्वन्द्व व्यवस्थापन आदि कुराहरू समावेश गरिन्छ। कोभिड १९ को विश्वव्यापी महामारीको अवस्थामा शैक्षिक क्षतिलाई न्यूनिकरण गर्न वैकल्पिक माध्यमबाट शिक्षण सिकाइ गर्न विभिन्न नीतिगत कार्यक्रहरू हुदै आएका छन् जसमध्ये सिकाइ सहजीकरण निर्देशिका २०७७, विद्यालय शिक्षा सम्बन्धि आकस्मिक कार्ययोजना २०७७, विद्यालय सञ्चालन कार्यढाँचा, पाठ्यवस्तु समायोजन ढाँचा २०७७, विपत जोखिम न्यूनिकरण तथा व्यवस्थापन, शिक्षा नियमावली कार्यविधी २०७४ ले विपत् को समयमा शैक्षिक गतिविधीहरू कसरी बढाउन सकिन्छ भन्ने बिषयहरू उल्लेख गरेका छन् ।

विपत् को समयमा शैक्षिक गतिविधिहरू कसरी निरन्तर बनाउन सकिन्छ भन्ने बिषयमा सिद्ध कुमाख गाउँपालिकाले पनि बिशेष महत्वको रूपमा लिएको छ र विगतका समयमा पनि बालबालिकाको सिकाइ निरन्तरताका लागि विभिन्न किसिमका वैकल्पिक सिकाइ सहजीकरणका कार्यहरू गरेको छ। गाउँपालिका उपप्रमख श्री राम बहादुर बस्नेतको संयोजकत्वमा शिक्षा समूह गठन भएको छ र शिक्षा समूहले विपत् शिक्षा योजना निर्माण थालेको छ । सिद्ध कुमाख गाउँपालिकामा विशेष गरी हावाहुरी, बाढी तथा पहिरोको जोखिम, चट्याङ र विभिन्न समयमा अन्य भाइरल ज्वरो लगायतका रोगहरूले वालवालिकाको पठनपाठनमा समस्या निम्ताएको हुन्छ । यस्तो अवस्थामा वालवालिकाको पढाइलाई निरन्तरताका लागि विद्यालय सुधार योजनामार्फत विभिन्न किसिमका सिकाइ क्षति परीपुरणका कार्यहरू राखिएका छन् । विपत् को समयमा विद्यालयमा हुने भौतिक तथा शैक्षिक क्षति न्यूनिकरणका लागि गाउँपालिकाले आपतकालिन सहयोगको योजनाहरू बनाएको र सोही अनुसार कार्य गर्ने गरी योजना निर्माण गरेको छ । सिद्ध कुमाख गाउँपालिकाले कोभिड १९ को महामारीको अवस्थामा शिक्षण सिकाइलाई भर्चुअल कक्षा तथा रेडियोमार्फत कक्षाहरूका सञ्चालका साथै अभिभावक सहायता किताबमार्फत विद्यार्थीको सिकाइ कार्य सञ्चालन गरिएको थियो । जोखिमका हिसाबमा सिद्ध कुमाख गाउँपालिका पनि भुकमपको जोखिममा अन्य पालिका जस्तै रहेको छ यौपी यहाँ रहेका शैक्षिक संस्थाहरू भुकम्प प्रतिरोधी छैनन् । हरित विद्यालय अवधारणा लिएको भए तापनि विद्यालयहरू हरित र सुरक्षित अवस्थामा लिन आवश्यक देखिन्छ । विपत् को समयमा भर्चुअल कक्षाहरू सञ्चालनका तथा रेडियो शिक्षा शिक्षण अनुभव हासिल गरेकाले अबका दिनमा यस्ता विपत् का घटना भएमा भर्चुअल माध्यमबाट निरन्तर सिकाइका अभ्यासहरू गर्न सकिन्छ । विद्यालयमा विपत् व्यवस्थापन सम्बन्धी तालिम र क्षमता विकास प्राप्त शिक्षक नहुनु चुनौतीका रूपमा लिइएको

छ । साथै आपतकालिन अवस्थामा कार्यान्वयन हुने वैकल्पिक सहजीकरणका उपायहरू तथा दिगोपना र कार्यान्वयन पनि चुनौतिका रूपमा रहेको छन् ।

### ४.५.२ उद्देश्य

(क) औपचारिक तथा अनौपचारिक शिक्षाको माध्यमबाट सम्भावित विपत् तथा जोखिम पूर्व सावधानी र तयारीको वातावरण तयार गर्नु र पालिका तह तथा विद्यालय तहमा विपत् प्रतिकार्य योजना निर्माण गर्नु ,

(ख) सम्भावित विपत् को व्यवस्थापन तथा उत्थानशीलता प्रणाली विकासको लागि भौतिक, मानवीय तथा आर्थिक स्रोतको तयारी गर्नु ,

(ग) विपत् व्यवस्थापन प्रतिकार्यको योजना, संयन्त्र र कार्यढाँचा विकास गर्ने र पूर्व तयारीका लागि आधार तय गर्नु ,

(घ) विपत् बाट बालबालिकामा पर्ने शैक्षिक क्षति न्यूनिकरण गरी उनीहरूको सिकाइ निरन्तरता दिनु

(ङ) विपत् का समयमा हुने शैक्षिक क्षति न्यूनिकरणका लागि क्षमता विकास र परिचालन गर्नु साथै बालबालिका लाई विपत् को क्षतिबाट अल्पकालीन र दीर्घकालीन रूपमा पुनर्स्थापना गर्नु ,

### ४.५.३ रणनीति

क) विपत् को समयमा शिक्षण सिकाइका गतिविधिहरूलाई निरन्तरता दिन पूर्वतयारी, व्यवस्थापन, प्रतिकार्य र पूर्नस्थापना सम्बन्धी आवश्यक नीति, मार्गदर्शन तथा कार्यविधिहरू तयार गरी कार्यान्वयन गर्ने,

(ख) सम्भावित प्रकोप तथा विपत् सम्बन्धी पूर्वसावधानी, प्रकोपबाट बच्ने उपायहरूको बारेमा जानकारी तथा सीप विकास गर्ने,

(ग) महामारीका समयमा शिक्षण सिकाइलाई निरन्तरता दिन वैकल्पिक उपायहरूको खोजी र प्रयोग गर्ने,

(घ) सम्पूर्ण विद्यालयहरूको विपत जोखिमको अवस्था मूल्याङ्कन गर्ने र प्राथमिकिकरण गर्ने साथै विद्यालयमा विपत् प्रतिकार्य योजना निर्माण गरी कार्यान्वयन गर्ने,

(ङ) गाउँपालिकामा रहेको शिक्षा समूहको प्रभावकारी परिचालन गर्ने,

(च) विपत प्रतिकार्यका लागि आवश्यक सीप, ज्ञान र स्रोत तयारी गर्ने,

(छ) गाउँपालिकामा विद्यालय शिक्षाका लागि विपत् सुरक्षा डेस्क स्थापना गरी विद्यालय तहमा पनि कार्यान्वयन गर्ने,

(ज) शिक्षा क्षेत्रमा प्रभाव पार्न सक्ने विपत् वा सङ्कटहरूको पूर्वानुमान तथा त्यसको प्रभावको मूल्याङ्कन तथा विश्लेषण गर्ने तथा संकटासन्नता (Vulnerability) को मूल्याङ्कनका आधारमा पूर्वानुमान तथा प्रतिकार्यको वृहत योजना तयार गर्ने,

(झ) विद्यालय भौतिक पूर्वाधार सम्बन्धी मापदण्ड २०८० को प्रभावकारी कार्यान्वयन गर्ने र प्रभावकारी अनुगमन प्रणालीको विकास गर्ने,

(ञ) विपत् तथा प्रकोप र शान्ति सुरक्षा र अधिकारको क्षेत्रमा काम गर्ने सरकारी तथा अन्य सरोकारवाला निकायहरू बिचको समन्वय र सहकार्यमा जोड दिने,

(ट) हरित विद्यालय अभियान, जलवायु परिवर्तन, शिक्षा तथा दिगो विकासका निम्ति शिक्षा जस्ता कार्यक्रमहरू कार्यान्वयन गर्ने,

### ४.५.४ प्रमुख उपलब्धि तथा नतिजा

**उपलब्धि तथा नतिजा**

(क) विपत् व्यवस्थापनका लागि गाउँपालिकामा भएको शिक्षा समूहको प्रभावकारी परिचालन तथा विपत् शिक्षा योजना निर्माण भै कार्यान्वयन भएको र विभिन्न विपत् प्रतिकार्य संयन्त्रहरू निर्माण र क्षमतावान भएको हुनेछन् ।

(ख) सम्भावित विपत् को व्यवस्थापन तथा उत्थानशिलता प्रणाली विकासका लागि भौतिक, मानवीय तथा आर्थिक स्रोतको व्यवस्थापन भएको हुने,

(ग) आपतकालिन अवस्थामा वैकल्पिक सिकाइका विधीहरूको प्रयोग भै बालबालिकाको सिकाइ सहजीकरण नियमित भएको हुनेछ ।

(घ) सबै विद्यालयले हरित र सुरक्षित विद्यालयको नीति अवलम्बन गरी कार्यान्वयन गरेका हुनेछन्

(ङ) विपत् पुर्व तयारी स्वरूप आवश्यक सामग्री व्यवस्थापन भएको हुनेछ।

(च) गाउँपालिका तथा प्रत्येक विद्यालयले विपत् प्रतिकार्य योजना तयार गरेका हुनेछन्।

**नतिजा तथा परिमाणात्मक लक्ष्य**

| क्र.सं. | सूचक | आधार वर्ष २०८१ | २०८२ | २०८३ | २०८४ | २०८५ |
|---|---|---|---|---|---|---|
| १ | बालबालिका लाई आधारभूत जीवन- सीपसहित कोभिड जस्ता महामारी तथा जोखिम न्यूनिकरण सम्बन्धि अभिमुखीकरण कार्यक्रम सञ्चालन गर्ने विद्यालय सङ्ख्या | ० | ५ | १० | १५ | २५ |
| २ | हरित विद्यालय सङ्ख्या | ० | ५ | १० | १५ | २० |
| ३ | जलवायू परिवर्तन तथा दिगो विकासका निम्ति शिक्षा जस्ता कार्यक्रम कार्यन्वयन गर्ने विद्यालय सङ्ख्या | ० | ० | ० | ५ | १० |
| ४ | विपत् प्रतिकार्य योजना निर्माण गर्ने विद्यालय सङ्ख्या | ० | ६ | १४ | २८ | २८ |
| ५ | गाउँपालिकामा विपत् शिक्षा योजना निर्माण | ० | १ | | | |

सिद्ध कुमाख गाउँपालिकाको १० वर्षे शिक्षा योजना

### ४.५.५ प्रमुख क्रियाकलाप र परिमाणात्मक लक्ष्य

| क्र.सं. | प्रमुख क्रियाकलाप | एकाइ | लक्ष्य | परिमाणात्मक लक्ष्य ५ वर्ष | | | | | जम्मा | भौतिक लक्ष्य १० वर्ष |
|---|---|---|---|---|---|---|---|---|---|---|
| | | | | २०८१ | २०८२ | २०८३ | २०८४ | २०८५ | | |
| १ | विपत् तथा प्रकोप व्यवस्थापन नीति तथा मापदण्ड पुनरावलोकन तथा विपत् शिक्षा योजना निर्माण | पटक | १ | ० | १ | ० | ० | ० | १ | |
| २ | विपत् तथा प्रकोप स्थानीय तह र विद्यालयको क्षमता विकास तालिम र अभिमुखीकरण | पटक | ५ | ० | १ | १ | १ | १ | ४ | निरन्तर |
| ३ | विद्यालयमा विपत् प्रतिकार्य योजना निर्माण र कार्यान्वयन | विद्यालय | २८ | ० | २८ | २८ | २८ | २८ | २८ | निरन्तर |
| ४ | विपत् पूर्वतयारी, प्रतिकार्य, पुनर्स्थापन तथा उत्थानशीलताका लागि सचेतना शिक्षक तथा वि व्य स तालिम | पटक | ५ | १ | १ | १ | १ | १ | ५ | निरन्तर |
| ५ | हरित विद्यालय अवधारणाको कार्यान्वयन | विद्यालय | २८ | ५ | ५ | ५ | ५ | ८ | २८ | निरन्तर |
| ६ | विपत् मा शैक्षिक क्रियाकलाप सञ्चालनका लागि सिकाइ सहजीकरणका सामग्रीको तयारी र व्यव्थापन | पटक | ५ | १ | १ | १ | १ | १ | ५ | निरन्तर |

## ४.६ विद्यालय भौतिक पूर्वाधार विकास

### ४.६.१ वर्तमान अवस्था

बालबालिकाको शैक्षिक वातावरण निर्माणका लागि विद्यालयको भौतिक पूर्वाधार निर्माण र व्यवस्थापन एक महत्वपूर्ण र अनिवार्य क्षेत्र हो । बालबालिकाको विद्यालयमा पहुँच सुनिश्चित गर्न तथा सिकाइ वातावरणका लागि सुरक्षित विद्यालय, पढ्नका लागि कक्षाकोठा, खेल्नका लागि खेलमैदान, शौचका लागि शौचालय, सफाइ र पिउनका लागि पानी लगायतका भौतिक पूर्वाधार विद्यालयका आधारभूत संरचना भित्र पर्दछन् । शिक्षा नियमावली २०५९ अनुसार विद्यार्थीका लागि सुविधाजनक रूपमा पठनपाठनमा सहभागी बन्न प्रारम्भिक बालविकास तथा आधारभूत तहका प्रारम्भिक कक्षाका लागि प्रति विद्यार्थी ०.७५ वर्ग मिटर र उच्च आधारभूत तह तथा माध्यमिक तहका लागि प्रति विद्यार्थी १.०० वर्गमिटर बराबरको क्षेत्रफलको आवश्यक पर्ने उक्त नियमावलीको नियममा उल्लेख गरिएको छ । राष्ट्रिय शिक्षा नीति, २०७६ मा विद्यालयहरूमा भवन, कक्षाकोठा, फर्निचर, प्रयोगशाला, शौचालय, पानी, पुस्तकालय, बुक –कर्नर जस्ता भौतिक पूर्वाधार तयार गर्ने, विद्यालय भवनलगायत सम्पूर्ण भौतिक पूर्वाधार विपत् जोखिममुक्त बनाउँदै सबै विद्यालयलाई सुरक्षित एवम् बालमैत्री, हरित विद्यालयको रूपमा विकास गर्ने लगायतका नीतिगत व्यवस्था गरिएको छ। राष्ट्रिय शिक्षा नीतिले आत्मसात् गरेको सबैका लागि सुरक्षित भौतिक पूर्वाधार विकास एवम् विस्तारको नीति र हालसम्मको अभ्यासका आधारमा भएको सिकाइ अनुभवका आधारमा यस गाउँपालिकाले पनि सुरक्षित भौतिक पूर्वाधार निर्माण र व्यवस्थापन गर्ने गरी कार्यक्रमहरू कार्यान्वयन गरेको छ ।

गाउँपालिका भित्रका विद्यालयहरूको भौतिक संरचनाहरू सबै तवरले मैत्रीपूर्ण हुनुपर्ने र सोही बमोजिम विभिन्न पूर्वाधारहरू निर्माण र व्यवस्थापन गर्नुपर्ने हुन्छ । यद्यपी प्राथमिकता प्राप्त सक्षमताभित्र रहेको कक्षाकोठा, छात्राका लागि बेग्लै शौचालय लगायतका संरचनाहरू लाई मापदण्डबमोजिम कार्नयान्वयन गर्न सकिएको छैन । विद्यालयका भौतिक संरचना निर्माणका लागि हालसम्म अवलम्बन गरिएका पद्धतिमा लागत अनुमानमा एकरूपता कायम हुन सकेको छैन र सबै विद्यालयमा पूर्वाधारहरू समान रूपमा कार्यान्वयन भएको छैन। गाउँपालिकाका सबै विद्यालयका भौतिक संरचनाहरूमा सङ्घ तथा प्रदेश सरकारबाट प्राप्त भौतिक पूर्वाधारसम्बन्धी कार्यक्रमहरू मागमा आधारित नहुँदा झनै समस्या भएको छ। विद्यालयमा भवन निर्माण गर्ने सिलसिलामा भवन आचार संहिताको पूर्ण रूपमा पालना नभएका कारण धेरैजसो विद्यालयहरू अपाङ्गमैत्री र विपत् प्रतिरोधी बन्न सकेका छैनन् । समग्रमा विद्यालयको पूर्वाधार विकासमा तीन तहका सरकार र विकास साझेदार निकायहरूबिचको समन्वय र सहकार्य अपेक्षित रूपमा प्रभावकारी र नतिजामूलक बन्न सकिरहेको छैन। शिक्षाको गुणस्तर वृद्धि गर्न तथा सबैका लागि शिक्षा, शिक्षामा समान पहुँच र सहभागिता वृद्धि गर्ने, शिक्षामा समानता विरूद्ध समता जस्ता नाराहरूलाई मूर्तरूप दिन गाउँपालिकाले विद्यालयहरूमा भौतिक पूर्वाधार विकास निर्माण सम्बन्धी मापदण्ड २०७७ अनुसार कार्यान्वयन गर्नुपर्ने देखिन्छ । सिद्ध कुमाख गाउँपालिकामा संचालित २८ वटा सामुदायिक विद्यालयहरू तथा ४ वटा संस्थागत विद्यालयहरू गरी जम्मा ३२ वटा विद्यालयहश्रु सञ्चालनमा रहेका छन् । शैक्षिक शत्र २०८१ असोज महिना सम्म सिद्ध कुमाख गाउँपालिका भित्र रहेका २८ वटा सामुदायिक विद्यालयहरूमा भएका भौतिक विवरण निम्नानुसार रहेको छः

| क्र.सं. | भौतिक विवरण | एकाइ | कैफियत |
|---|---|---|---|
| १ | पक्की भवन | २७ | |
| २ | कच्चि भवन | ३१ | |
| ३ | शौचालय | ३५ | |
| ४ | पुस्तकालय | ५ | |
| ५ | विज्ञान प्रयोगशाला | ६ | |
| ६ | कम्प्युटर कक्ष | ११ | |
| ७ | खानेपानी धारा | २३ | |
| ८ | घेराबार | ५ | |
| ९ | खेलमैदान | २८ | कतिपय विद्यालयमा पर्याप्त नभएको |
| १० | चमेना गृह | २ | |
| ११ | विद्युत | ८ | |
| १२ | इन्टरनेट | ११ | |

**स्रोतः शिक्षा युवा तथा खेलकुद शाखा सिद्ध कुमाख गाउँपालिका सल्यान**

अधिकांश विद्यालयहरूमा छात्र र छात्राको लागि छुट्टाछुटै शौचालयको व्यवस्था गरीएको छैन साथै शौचालयहरू अपाङ्गतामैत्री छैनन्।सबै विद्यालयहरूमा सुरक्षित र स्वच्छ पिउने पानीको अभाव पनि रहेको छ र खानेपानीको पहुँच पनि प्रभावकारी र मैत्रीपूर्ण बनाउन आवश्यक देखिन्छ । यसै गरी खेलमैदान तथा विद्यालय घेरबार पनि प्रभावकारी हुन आवश्यक देखिन्छ । सिद्ध कुमाख गाउँपालिकामा विषेश गरी आधारभूत तहका विद्यालयहरूमा कच्ची भौतिक संरचनाहरू हुँदा तिनीहरूलाई विस्थापन गरी पक्की, भुकम्प प्रतिरोधात्मक, अपाङ्गमैत्री भौतिक संरचनाहरू निर्माण गर्नुपर्ने अनिवार्य छ। माथि उल्लेखित् भौतिक संरचनाहरू निर्माण गर्दा सिद्ध कुमाख गाउँपालिकाको एकल प्रयासले मात्र सम्भव नभएकोले सङ्घीय सरकार, प्रदेश सरकार, समुदाय विभिन्न सङ्घ संस्थाहरूको समेत सहयोग लिन सकेमा भौतिक संरचनालाइ मजबुद बनाइ शिक्षण सिकाइमा प्रभावकारी भूमिका निर्वाह गर्न र विद्यार्थीहरूको सिकाइसिकाइ उपलब्धिमा सुधार गर्न सकिन्छ ।

### ४.६.२ उद्देश्य

(क) सुरक्षित विद्यालय पूर्वाधार विकास गरी गुणस्तरीय शिक्षा व्यवस्थापनमा सहयोग गर्नु,
(ख) विद्यालय शिक्षा पूर्वाधारका लागि आवश्यक मापदण्ड सहितको गुरूयोजनाको विकास र कार्यान्वयन गर्नु.
(ग) गुणस्तरीय पूर्वाधार विकास एवम् विस्तारका लागि पारदर्शी एवम् जवाफदेही प्रणालीको विकास गर्नु ,
(घ) भुकम्प प्रतिरोधि तथा टिनको छाना मुक्त विद्यालय भवनहरू निर्माण गर्नु ,
(ङ) अपाङ्ग तथा वालमैत्री पूर्वाधारहरू निर्माण गर्नु ,गर्नु,
(च) हरेक विद्यालयमा वाल उद्यानको ब्यवस्था गर्नु ,गर्नु,

### ४.६.३ रणनीति

(क) विद्यालयको तह, विद्यार्थी सङ्ख्या र लागतका आधारमा विद्यालयमा आवश्यक पर्ने पूर्वाधार विकासको मापदण्ड र गुरूयोजना अनुसार कार्य गर्ने,
(ख) विद्यालयको समग्र पक्षमा सुधार ल्याउन प्राथमिकताका आधारमा भौतिक पूर्वाधारको निर्माण, मर्मत सम्भार तथा सवलिकरण गर्ने,

(ग) गाउँपालिकामा सञ्चालन भएका विद्यालयहरूमा पूर्वाधार विकासका लागि सङ्घीय सरकार, प्रदेश सरकार, विकास साझेदार एवम् गाउँपालिकाको लागत साझेदारीका आधारमा स्रोत व्यवस्थापन गर्ने,

(घ) सबै विद्यालयमा एक पुस्तकालय, एक विज्ञान प्रयोगशाला, एक गणित प्रयोगशाला र शैक्षिक सूचना व्यवस्थापन प्रणाली प्रबद्धनमा जोड दिने,

(ङ) विद्यालयहरूको भौतिक संरचनाहरूको अवस्था पहिचान र प्रोफाईल तयार गरी उक्त प्रोफाईलका आधारमा कार्यान्वयन प्रक्रिया अगाडि बढाउने,

(च) पूर्वाधार निर्माण संगै सुरक्षित विद्यालय एवम् वातावरणीय पक्षलाई एकीकृत प्रणालीको विकास गरी संस्थागत क्षमता अभिवृद्धि गर्ने,

(छ) विद्यालयको भौतिक पक्षमा सुधा र गर्नका लागि स्थानीय समुदाय र लगानीकर्ताहरूलाई प्रोत्साहन एवम् परिचालन गर्ने कार्यमा आवश्यक सहजीकरण र समन्वय गर्ने,

(ज) हरेक विद्यालयमा भुकम्प प्रतिरोधी तथा  टिनको छाना मुक्त विद्यालय निर्माण गर्ने,

(झ) भौतिक संरचनाहरू अपाङ्ग तथा बालमैत्री बनाउनुका साथै हरेक विद्यालयमा बाल उद्यानको निर्माण गर्ने,

### ४.६.४ प्रमुख उपलब्धि तथा नतिजा

**क) उपलब्धि**

सबै विद्यार्थीहरूलाई सुरक्षित र उपयुक्त भौतिक अवस्था सुविधा सहितको विद्यालयमा अध्ययन गर्ने अवसर हुने,

**ख) नतिजा**

(क) विद्यालय शिक्षाअन्तर्गत विकास एवम् विस्तार गर्नुपर्ने भौतिक मापदण्ड तथा गुरूयोजना निर्माण भएको हुने,

(ख) गाउँपालिकाका सबै विद्यालयहरूमा आवश्यक भौतिक पूर्वाधार विकास र विस्तार भएको हुने,

(ग) सबै विद्यालयहरूमा पुस्तकालय र प्रयोशालाहरूको स्थापना तथा विस्तार भएको हुने,

(घ) विद्यालयहरूमा बनेका संरचनाको सम्बर्द्धन तथा मर्मत सम्भार तथा सवलिकरणका लागि नियमित पद्धति विकास भएको हुने,

**नतिजा तथा परिमाणात्मक लक्ष्य**

| क स | सूचक | आधार वर्ष २०८१ | २०८२ | २०८३ | २०८४ | २०८५ |
|---|---|---|---|---|---|---|
| १ | बाल मैत्री, फरक क्षमता मैत्री तथा भुकम्प प्रतिरोधी विद्यालय % | १५ | २० | ३० | ४० | ६० |
| २ | खेल मैदान व्यावस्थापन तथा खेलकुद सामग्री व्यावस्थापन % | ३० | ४० | ५० | ६० | ७५ |
| ३ | भुकम्प प्रतिरोधि कक्षाकोठा सङ्ख्या % | १५ | २० | ३० | ४० | ६० |
| ४ | मैत्रीपूर्ण शौचालय भएको विद्यालय % | १५ | २० | ३० | ४० | ६० |
| ५ | स्वच्छ र मैत्रीपूर्ण पिउने पानीको व्यवस्थापन भएको विद्यालय % | १५ | २० | ३० | ४० | ६० |
| ६ | वि.व्य.स र शि.अ.स लाई भौतिक पूर्वधार संरक्षण र मापदण्ड सम्वन्धि अभिमुखीकरण | ० | १ | १ | १ | १ |

### ४.६.५ प्रमुख क्रियाकलाप तथा लक्ष्य

| क्र.सं. | प्रमुख क्रियाकलाप | एकाइ | लक्ष्य | परिमाणात्मक लक्ष्य ५ वर्ष | | | | | जम्मा | भौतिक लक्ष्य १० वर्ष |
|---|---|---|---|---|---|---|---|---|---|---|
| | | | | २०८१ | २०८२ | २०८३ | २०८४ | २०८५ | | |
| १ | बालमैत्री, अपाङ्गमैत्री तथा भुकम्प प्रतिरोधि भवन तथा पूर्वाधार निर्माण, मर्मत तथा सवलिकरण | पटक | १८ | ० | ६ | ३ | ३ | ३ | १८ | निरन्तर |
| २ | भौतिक पूर्वाधार व्यवस्थापनका लागि अभिमुखीकरण तथा क्षमता विकास | पटक | ५ | १ | १ | १ | १ | १ | ५ | निरन्तर |
| ३ | भौतिक पूर्वाधारको अवस्था बिश्लेषण तथा प्रोफाईल तयारी तथा पूर्वाधार कार्यान्यन मार्गदर्शन निर्माण | पटक | १ | - | १ | - | - | - | १ | |
| ४ | खेलमैदानहरूको विस्तार र व्यवस्थापन | पटक | ५ | १ | १ | १ | १ | १ | ५ | निरन्तर |
| ५ | शौचालय, खानेपानी तथा फर्निचरहरूको निर्माण तथा मर्मत सम्भार | पटक | ५ | १ | १ | १ | १ | १ | ५ | निरन्तर |
| ६ | विद्यालयमा बालउद्यानको स्थापना र व्यवस्थापन | विद्यालय | २८ | ५ | ५ | ५ | ५ | ८ | २८ | निरन्तर |

## ४.७ विद्यालय सूचना तथा सञ्चार प्रविधि

### ४.७.१ परिचय

सबै नागरिकहरूमा सूचना तथा सञ्चाल प्रविधिको पहुँच सुनिश्चित गर्नु तथा यसका लागि आवश्यक ज्ञान तथा सीप विकास गराउनु र समयानुसार बालबालिकाहरूलाई विश्वव्यापी समुदायमा आवद्ध गराउनु सूचना तथा सञ्चार प्रविधिको उद्धेश्य रहेको छ । विश्व प्रतिस्पर्धी, श्रमबजारको माग अनुरूपको जनशक्ति उत्पादनको लागि विद्यालय शिक्षामा सूचना तथा सञ्चार प्रविधिमा जोड दिनु अपरिहार्य छ। विद्यालय शिक्षाको गुणस्तर सुधार गरी सहरी तथा ग्रामीण, सुगम तथा दुर्गम र निजी तथा सामुदायिक विद्यालयहरूबिच देखिएको शैक्षिक गुणस्तरको दुरी घटाउन एवम् विश्व ज्ञानभण्डारमा विद्यार्थीको पहुँच विस्तार गरी उनीहरूको सिकाइको दायरा फराकिलो पार्न, विशेष गरी शिक्षण सिकाइ क्रियाकलापमा सुधार गर्न, सिकाइ सामग्रीको प्रयोगमा पहुँच बढाउन र शैक्षिक प्रशासन र व्यवस्थापनलाई सुदृढ तुल्याउन वर्तमान समयमा सूचना तथा सञ्चार प्रविधि अपरिहार्य रहेको छ ।

नेपालको संविधान, २०७२ ले सूचनाको हकमा प्रत्येक नागरिकको आफनो वा सार्वजनिक सरोकारको कुनै पनि विषयको सूचना माग्ने र प्राप्त गर्ने हक हुनेछ भनि मौलिक हकमा उल्लेख गरेको छ। शिक्षामा सूचना तथा सञ्चार प्रविधिको विकास तथा प्रयोगले सबै विद्यार्थीका लागि सूचना तथा सञ्चार प्रविधिको आधारभूत पहुँच पुर्याइ डिजिटल भिन्नता कम गर्ने, सूचना तथा सञ्चार प्रविधिलाई शिक्षा सिकाइको साधनका रूपमा प्रयोग गरी सिकाइ सुधार गर्ने सबैका लागि शिक्षामा पहुँच पुर्याउने र शिक्षाको व्यवस्थापकीय तथा शासकीय पद्धतिलाई कुशल र प्रभावकारी बनाइ सुशासनको प्रत्याभूतिका लागि सूचना तथा सञ्चार प्रविधिको प्रयोगलाई सहयोग पुर्याउनु पर्दछ । त्यसैगरी नेपालको सूचना तथा सञ्चार प्रविधि नीति, २०७२ ले सूचना तथा सञ्चारका संरचनामा पहुँच पुर्याउने विषयमा नीति निर्धारण गरेको छ । शिक्षामा सूचना तथा सञ्चार प्रविधिसम्बन्धी गुरू योजना कार्यान्वयन गर्ने लगायतका नीतिहरू उल्लेख गरेको छ । डिजिटल नेपालको कार्यढाँचा, २०७६ ले विद्यालय तथा क्याम्पसहरूमा सूचना तथा सञ्चार प्रविधि शिक्षा, जियोस्प्यासियल र जिआइएस (Geospatial/GIS) शिक्षा प्रदान गर्ने र शिक्षा क्षेत्रको सूचना तथा सञ्चार प्रविधि शिक्षासम्बन्धी क्षमता विकास गर्ने र सबैका लागि सूचना प्रविधिसम्बन्धी साक्षरता प्रदान गरेको छ ।

नेपाल सरकारले २०७६ सालमा स्वीकृत गरेको राष्ट्रिय शिक्षा नीति र विज्ञान तथा प्रविधि प्रबर्द्धन नीतिमा पनि शिक्षामा सूचना तथा सञ्चार प्रविधिको प्रयोग सम्वन्धी नीतिहरू उल्लेख गरिएको छ । उक्त शिक्षा नीतिमा सबै विद्यालय तथा शिक्षण संस्थाहरूमा सूचना तथा सञ्चार प्रविधि सम्बन्धी संरचना तयार गर्ने, कनेक्टिभिटी पुर्याउने, तालिम, शिक्षण सिकाइ तथा व्यवस्थपनमा सूचना तथा सञ्चार प्रविधिको प्रयोग गर्नका लागि आवश्यक सामग्रीको व्यवस्थापन र जनशक्ति संरचना तयार पार्ने जस्ता विषय उल्लेख गरिएको छ । शिक्षामा सूचना तथा सञ्चार प्रविधिसम्बन्धी गुरू योजना, २०१३-२०१७ ले १० हजार विद्यालयमा शिक्षण सिकाइका लागि इनटरनेट कनेक्टिभिटीसहित सूचना प्रविधका संरचनाका विकास तथा प्रयोग गर्ने, शिक्षक तथा शिक्षा क्षेत्रको अन्य जनशक्तिका लागि सूचना तथा सञ्चार प्रविधिको प्रयोग गर्ने, सबै स्रोत केन्द्रहरूमा डिजिटल डाटा केन्द्र स्थापना गर्ने, निरन्तर सिकाइको प्रबन्ध गर्ने, सूचना प्रविधि विषय पाठ्यक्रम समावेश गर्ने, अन्तरक्रियात्मक डिजिटल सामग्री तयार गर्ने, सबै स्रोत केन्द्रहरूमा डिजिटल सामग्री आदान-प्रदान गर्न प्लेटफर्म बनाउने उल्लेख गरेको छ । त्यसैगरी

निरन्तर सिकाइको प्रबन्ध गर्ने, सूचना प्रविधि विषयवस्तु पाठ्यक्रममा समावेश गर्ने, अन्तरक्रियात्मक डिजिटल सामग्री तयार गर्ने, शैक्षिक सूचना तथा व्यवस्थापन प्रणालीलाई डिजिटलाइज गर्ने, स्रोत केन्द्रलाई सूचना प्रविधिको केन्द्रका रूपमा विकास गर्ने लगायतका कार्यक्रमहरू निर्धारण गरिएका थिए ।

आधारभूत शिक्षा (कक्षा ४-८) माध्यमिक (कक्षा ९-१०) मा पाठ्यक्रम २०७७ विज्ञान तथा प्रविधि विषयमा सूचना र विचारहरूको आदान-प्रदान, विश्लेषण तथा सूचना प्रविधिको समुचित प्रयोग गर्न सक्ने सक्षमता निर्धारण गरी सूचना तथा सञ्चार प्रविधि ३० कार्य घण्टाको समय निर्धारण गरेको छ । माध्यमिक तहमा ऐच्छिक विषयका रूपमा कम्प्युटर अध्ययन गर्न सकिन्छ । सोही बमोजिम यस पलिकाले पनि सूचना तथा सञ्चार प्रविधिको क्षेत्रमा कार्य गरिरहेको छ । सिद्ध कुमाख गाउँपालिकामा शिक्षण सिकाइ गर्न सहज होस भनेर आधारभूत र छ माध्यमिक विद्यालयहरूमा इन्टरनेट, कम्प्युटर, प्रिन्टर र प्रोजेक्टर जडान तथा प्रदान गरीएको छ ।हाल यस गाउँपालिकाका ११ वटा विद्यालयहरूमा इन्टरनेटको व्यवस्था छ भने सबै विद्यालयहरूमा एनटिसि ४ जि नेटवर्कको व्यवस्था रहेको छ । १२ वटा केहि विद्यालयमा विद्यूत सेवाको पहुँच पुगेको छ भने ११ वटा विद्यालयमा इहाजिरीको व्यवस्था गरिएको छ । यसै गरी ११ वटा विद्यालयमा कम्प्यूटर ल्यावको व्यवस्था गरिएको छ भने २३ वटै विद्यालयहरूमा कामकाजको लागि कम्प्यूटर व्यवस्थापन भएको छ । ५ वटा प्रारम्भिक बालविकास र शिक्षा केनद्रहरूमा भने कम्प्यूटरको व्यवस्थापन गर्न आवश्यक देखिन्छ । यसै गरी माध्यमिक तहका सबै विद्यालयहरूमा स्मार्ट बोर्डको व्यवस्थापन भएको र प्रयोग भएको अबस्थ छ । यसका साथै रेडियो र एफ एमको पहुँच सबै विद्यालय र समुदायमा पुगेको छ भने कुनै पनि विद्यालयमा इलाइबेरीको व्यवस्थापन छैन । विद्यालयमा कम्पयूटर शिक्षणको लागि विज्ञान शिक्षकले सहजीकरण गर्दै आएको अवस्था तथा इमिस अधावधि निरन्तर रूपमा भएको छ । विद्यालयहरूमा सूचना र प्रविधिको क्षेत्रमा थप सुधार र पहुँच अभिवृद्धि गर्न आवश्यक छ ।

### ४.७.२ उद्देश्य

बालबालिकाहरूमा सूचना तथा सञ्चार प्रविधिमा सरल र प्रभावकारी पहुँच अभिवृद्धि गरी सिकाइ उपलब्धिमा सुधार ल्याउन निम्नानुसारका उद्देश्यहरू किटान गरिएको छ ।

(क) सबै विद्यालयहरूमा बिधुत सेवाको पहुँच सुनिश्चित गरी सूचना तथा सञ्चार प्रविधिको प्रयोगमा विस्तार गर्ने,

(ख) विभिन्न किसिमका अपाङ्गता भएका बालबालिका हरू लगायत सबैमा सूचना तथा सञ्चार प्रविधिमा आधारित शिक्षामा पहुँच पु-याउनुनु,

(ग) शिक्षासम्बन्धी विभिन्न सेवामा सूचना तथा सञ्चार प्रविधि प्रयोग गरी सहज र छिटोछरितो तथा प्रभावकारी बनाउनु,

### ४.७.३ रणनीति

सूचना तथा सञ्चार प्रविधिमा लक्षित माथि उल्लेखित उद्देश्यहरू पूरा गर्न निम्नानुसारका रणनीतिहरू अवलम्बन गरिनेछ ।

(क) सबै विद्यालयहरूमा सूचना तथा सञ्चार प्रविधिका आधारभूत संरचना तथा उपकरणको प्रबन्ध गरिनेछ र सुरक्षित भौतिक र प्राविधिक प्रबन्ध मिलाइने यसका लागि विद्युत सेवाको पहुँचको सुनिश्चितता गरिनेछ ।

(ख) विभिन्न कक्षा र विषयका लागि उपयोगी हुने डिजिटल सामग्रीहरूको विकास गरिने छ ।

(ग) विभिन्न किसिमका अपाङ्गता भएका व्यक्तिहरूका लागि उपयोगी हुने गरी डिजिटल सामग्री विकास गर्ने (घ) विद्यालयमा शैक्षिक स्रोत सामग्रीहरू इन्टरनेटको सुविधा विस्तार गरी विद्यार्थीहरूको पहुँचमा विस्तार गर्ने र क्षमता विकास गर्ने,

(ङ) सामुदायिक सिकाइ केन्द्रहरूलाई सूचना तथा सञ्चार प्रविधिको क्षेत्रमा सेवा प्रदान गर्न परिचालन गरिनेछ,

(च) सङ्घ र कर्णाली प्रदेशसँग समन्वय गरी गाउँपालिका र इन्टरनेट प्रदायक संस्थाहरूबिच समन्वय र सहकार्य वृद्धि गर्ने,

(छ) अफलाईन माध्यमबाट पनि चलाउन सकिने इ पुस्तकालयको व्यवस्थापन गर्ने,

(ज) सबै विद्यालयका शिक्षक तथा कर्मचारीहरूको आधारभूत सूचना तथा सञ्चार प्रविधिसँग सम्बन्धित आधारभूत सीपमा क्षमता विकास गर्ने,

(झ) विपत् तथा सङ्कटको समयमा समेत विद्यार्थीको सिकाइलाई निरन्तरता दिन सक्ने गरी सिकाइका वैकल्पिक विधिको रूपमा प्रविधिलाई प्रयोग गर्न सक्ने गरी कार्यक्रम सञ्चालन गर्ने,

(ञ) स्थानीय एफ.एम. रेडियो सँग समन्वय गरेर शैक्षिक कार्यक्रम नियमितरूपमा उत्पादन र प्रसारण गर्ने,वेभसाइट,विद्युतीय हाजिरी र सी.सी. क्यामेराको व्यवस्था गरिने छ,

(ट) एक शिक्षक एक ल्याप्टप अवधारणा कार्यान्वयन गर्ने तथा कम्प्युटर र सूचना प्रविधी प्रशिक्षकको व्यवस्था र परिचालन गर्ने,

### ४.७.४ प्रमुख उपलब्धि तथा नतिजा

#### उपलब्धि

क) विद्यालयमा सूचना तथा सञ्चार प्रविधिको विस्तार भई सिकाइलाई प्रभावकारी,गुणस्तरीय र सान्दर्भिक बनाउन सहयोग पुग्नका साथै विद्यालय शिक्षाको व्यवस्थापनमा सुधार आई सुशासन प्रबर्द्धन भएको हुने,

ख) विद्यालयमा सूचना तथा सञ्चार प्रविधिको विस्तारले सिकाइ उपलब्धिमा सुधार भएको हुनेछ ।

#### ख) नतिजा

(क) गाउँपालिकामा शिक्षामा सूचना तथा सञ्चार प्रविधिको प्रभावकारी प्रयोगका डिजिटल सिकाइ सहजीकरण केन्द्र स्थापना र सञ्चालन भएको हुने,

(ख) गाउँपालिकाभित्रका सबै विद्यालयमा सूचना तथा सञ्चार प्रविधिको पूर्वाधार विकास भई सबैको सहज पहुँच पुगेको हुने,

(ग) विभिन्न कक्षा र विषयका लागि आवश्यक पर्ने अन्तरक्रियात्मक डिजिटल सामग्री विकास भई ती सामग्रीमा विद्यार्थीको सहज पहुँच भएको हुने,

(घ) सबै सामुदायिक विद्यालयहरू र विद्यार्थीहरूमा सूचना र सञ्चार प्रविधिसम्बन्धी आधारभूत सुविधामा पहुँच पुगेको हुने,

(ङ) सबै शिक्षकमा ल्यापटपको व्यवस्था र प्रयोग भै विद्यालयमा शिक्षक तथा कर्मचारीहरूबाट प्रविधिको बढीभन्दा बढी प्रयोग गरिएको हुने,
(च) विद्यार्थीको सिकाइ सहजीकरणमा स्थानीय रेडियो प्रभावकारी रूपमा परिचालन भएको हुने,
(छ) सबै माध्यमिक तथा आधारभूत विद्यालयहरूमा विद्यूतीय हाजिरी र सी.सी. क्यामेराको प्रयोग गरिएको हुने,

**नतिजा तथा परिमाणात्मक लक्ष्य**

| क.सं. | सूचक | आधार वर्ष २०८१ | २०८२ | २०८३ | २०८४ | २०८५ |
|---|---|---|---|---|---|---|
| १ | इन्टरनेट जडान भएका विद्यालयको सङ्ख्या | ११ | ११ | १५ | १५ | २० |
| २ | शिक्षण सिकाइ क्रियाकलापमा कम्प्यूटर लगायतको प्रविधिको उपयोग भएका विद्यालयको सङ्ख्या | ६ | ८ | १५ | २० | २८ |
| ३ | मुख्य विषयमा डिजिटल पाठ्यसामग्री प्रयोग गर्ने विद्यालय सङ्ख्या | ६ | ८ | १५ | २० | २८ |
| ४ | व्यवस्थापकीय कार्यमा सूचना तथा सञ्चार प्रविधिको प्रयोग गर्ने विद्यालय सङ्ख्या | २३ | २३ | २८ | २३ | २८ |
| ५ | विद्युतको पहुँच पुगेका विद्यालय सङ्ख्या | १२ | १५ | २० | २८ | २८ |
| ५ | विद्यालयलेआफ्नो सूचना, जानकारी को लागि डिजिटल माध्यम प्रयोग (फेसबुक पेज, वयव पेज) (%) | २० | ३० | ५० | ७५ | ९० |
| ६ | IEMIS Web प्रयोगमा दक्षता(%) | १०० | १०० | १०० | १०० | १०० |

### ३.४.५ प्रमुख क्रियाकलाप तथा लक्ष्य

| क्र.सं. | प्रमुख क्रियाकलाप | एकाइ | लक्ष्य | परिमाणात्मक लक्ष्य ५ वर्ष | | | | | जम्मा | भौतिक लक्ष्य १० वर्ष |
|---|---|---|---|---|---|---|---|---|---|---|
| | | | | २०८१ | २०८२ | २०८३ | २०८४ | २०८५ | | |
| १ | विद्यालयमा ICTसंरचना विस्तार गरी इलाइब्रेरी स्थापना | विद्यालय | २८ | ० | २८ | २८ | २८ | २८ | २८ | निरन्तर |
| २ | प्रत्येक विद्यालयमा Internet Connectivity को व्यवस्था | सङ्ख्या | २८ | ० | १० | १० | ८ | २८ | २८ | निरन्तर |
| ३ | पठनपाठनमा डिजिटल माध्यमको प्रयोग | विद्यालय | २२ | ० | २ | ७ | ५ | ८ | २२ | निरन्तर |
| ४ | शिक्षकको क्षमता विकास कम्प्यूटर र सूचना प्रणाली व्यवस्थापनमा | पटक | ५ | १ | १ | १ | १ | १ | ५ | निरन्तर |
| ५ | सूचना प्रविधि प्रशिक्षकको व्यवस्था | सङ्ख्या | १ | ० | १ | - | - | - | १ | निरन्तर |
| ६ | IEMISव्यवस्थापन तालिम | पटक | ५ | १ | १ | १ | १ | १ | ५ | निरन्तर |
| ७ | विद्यालयहरूमा वेभसाइट, विद्युतीय हाजिरी र सी.सी. क्यामेराको व्यवस्था | विद्यालय | २८ | ० | १० | ८ | ८ | २ | २८ | निरन्तर |
| ८ | सामुदायिक केन्द्रमा सूचना, सञ्चार प्रयोग सम्वन्धि प्राविधिक सीप प्रदान गर्ने | पटक | ५ | १ | १ | १ | १ | १ | ५ | निरन्तर |
| ९ | सूचना सञ्चार सही प्रयोग विषयमा रेडियो कार्यकम | मासिक | ६० | १२ | १२ | १२ | १२ | १२ | ६० | निरन्तर |
| १० | पालिका शैक्षिक लर्निङ पोर्टलको विकास र प्रबर्द्धन | पटक | ५ | १ | १ | १ | १ | १ | ५ | निरन्तर |
| ११ | अनलाइन सिकाइ आदान-प्रदान बैठक | पटक | ५ | १ | १ | १ | १ | १ | ५ | निरन्तर |

# परिच्छेद-- ५ अन्य उपक्षेत्र

## ५.१ सामुदायिक पुस्तकालय

५.१.१ सामुदायिक पुस्तकालय" भन्नाले स्थानीय समुदाय, समाजसेवी वा सामुदायिक संस्था, गैरसरकारी तथा अन्तराष्ट्रिय गैरसरकारी निकायको सहयोगमा स्थापना र सञ्चालन भएका समुदायमा रहेका वा समुदायस्तरले समेत सहज रूपमा प्रयोग गर्न पाउने पुस्तकालय सम्झनु पर्छ । यसले बाल पुस्तकालय, वाचनालय, विद्यूतीय पुस्तकालय समेतलाई जनाउँछ ।समुदायमा स्थापना हुने र समुदायका लागि लक्षित गरिएका पुस्तकालय स्थानीय तह वा प्रदेश सरकारको सहयोगमा समुदायका सबै वर्ग, धर्म, लिङ्ग, जातजाति, भाषाभाषी लगायतका सबै उमेर र पेसा व्यवसायमा सङ्लग्न नागरिकलाई बिना भेदभाव सदस्यता प्राप्त गरी वा नगरी पुस्तकहरूको आदान-प्रदान वा निश्चित स्थानमा बसी अध्ययन वा प्रयोग गर्न पाउने गरी सञ्चालन भएको पुस्तकालय हुन जुन सार्वजनिक रूपमा प्रयोगमा हुन्छन । विभिन्न पेसा व्यवसाय, वर्ग र सबै क्षेत्रकै लागि अति आवश्यक बिषयबस्तुहरू र सन्दर्भ सामग्रीहरू पुस्तकालयमा उपलब्ध गरी पठन सस्कृतिको विकास र प्रबर्द्धन गर्न सकिन्छ ।

यस सिद्ध कुमाख गाउँपलिकामा हाल १ वटा सामुदायिक सिकाइ केन्द्र रहेको छ । सामुदायिक केन्द्र बालयसँग समन्वय गरेर अगाडि बढेको अवस्था छ । सामुदायिक सिकाइ केन्द्रमार्फत विद्यालयमा पुस्तकालय स्थापना र सञ्चालन भएको छ र सहजकर्ताले पनि विद्यालयमा सहयोग गरेको अवस्था छ । यद्यपी सामुदायिक सिकाइ केन्द्र समुदायमा लक्षित गरेर लक्ष्य अनुसार काम गर्नु पर्ने अवस्था देखिन्छ ।सामुदायिक सिकाइ केन्द्रहरूले समुदाय तहमा सिकाइ निरन्तरताका लागि कार्य गर्न पर्ने अवस्थामा समुदाय तहमा पुस्तकालय स्थापना र सञ्चालन गर्न सकेमा सिकाइ र साक्षरता समुदाय तहमा पनि बढाउन मद्दत पुग्दछ । यस गाउँपालिकामा समुदाय तहमा कुनै पनि स्थानमा पुस्तकालयहरू स्थापना भएको छैन । आम नागरिकमा पठन संस्कृतिको विकासका र प्रवर्द्धनका लागि पुस्तकालयको स्थापना र प्रयोग यहाँका लागि आवश्यक देखिन्छ । समुदाय तवरमा पुस्तकालयको स्थापना र प्रयोगमार्फत पठन क्षमताको विकास र आवश्यक विभिन्न सामग्रीहरूको प्रयोगमा मद्दत पुर्याउन सहयोग मिल्दछ ।समुदाय तहमा विशेष गरी अफलाइन माध्यमबाट चल्ने ई पुस्तकालयको स्थापनाले समुदायस्तरका पाठकलाई आवश्यकताका आधारमा विभिन्न सामग्रीहरू प्रयोग गर्न मद्दत पुग्दछ । यसर्थ यस गाउँपालिकाले समुदायस्तरमा पुरस्तकालय स्थापना र व्यवस्थापनका लागि प्रयास थाल्ने योजना लिएको छ ।

### ५.१.२ उद्देश्यहरू

(क) सामुदायिक पुस्तकालयको स्थापना र व्यवस्थापनमार्फत समुदायस्तरमा पठन संस्कृतिको विकास र प्रबर्द्धन गर्नु ,

(ख) पाठकलाई विभिन्न किसिमका आवश्यक पठन सामग्रीहरूको सरल र सहज उपलब्ध गराउनु तथा सबै वर्गको समतामूलक पहुँच सुनिश्चित गर्नु ,

### ५.१.३ रणनीतिहरू

- सबैको पहुँच पुग्ने गरी सामुदायिक पुस्तकालयको स्थापना गर्ने ।
- सामुदायिक सिकाइ केन्द्रहरूको क्षमता विकास र परिचालनमार्फत समुदाय तहमा पुस्तकालय व्यवस्थापन र प्रयोगमा जोड दिने,
- पठन संस्कृतिको विकासका लागि समुदायस्तरमा सचेतनामूलक कार्यक्रमहरू गर्ने तथा समुदायको आवश्यकतामा आधारित पुस्तक तथा सामग्रीहरू व्यवस्थापन गर्ने,

५.१.४ उपलब्धि तथा नतिजा

- सामुदायिकस्तरमा पुस्तकालय स्थापना भएको हुनेछ ।
- समुदायस्तरमा रहेका आम नागरिकको पठन संस्कृतको विकास भएको हुनेछ ।

नतिजा तथा परिमाणात्मक लक्ष्य

| क्र.सं. | सूचक | आधार वर्ष २०८१ | २०८२ | २०८३ | २०८४ | २०८५ |
|---|---|---|---|---|---|---|
| १ | पुस्तकालयको स्थापना | ० | | १ | | |
| २ | सामुदायिक सिकाइ केन्द्रमा पुस्तकालय | १ | | | | १ |

### ५.१.५ प्रमुख क्रियाकलाप र परिमाणात्क लक्ष्यः

| क्र.सं. | प्रमुख क्रियाकलपा | एकाइ | लक्ष्य | परिमाणात्मक लक्ष्य ५ वर्ष | | | | | जम्मा | भौतिक लक्ष्य १० वर्ष |
|---|---|---|---|---|---|---|---|---|---|---|
| | | | | २०८१ | २०८२ | २०८३ | २०८४ | २०८५ | | |
| १ | पुस्तकालयको स्थापना इ लाइब्रेरी सहित | वटा | १ | - | - | १ | - | - | १ | |
| २ | समुदाय तहमा पठन संस्कृतिको लागि सचेतनामूलक कार्यक्रम | पटक | ५ | १ | १ | १ | १ | १ | ५ | निरन्तर |
| ३ | पुस्ताकालयको क्षमता विकास | पटक | ५ | ० | १ | १ | १ | १ | ४ | १ |

## ५.२ युवा तथा खेलकुद विकास

### ५.२.१ वर्तमान अवस्था

युवा तथा खेलकुद पनि शिक्षाको एक अभिन्न अङ्ग भएको र यसले समग्र शैक्षिक सिकाइमा महत्वपूर्ण भूमिका खेलने भएकाले पनि विद्यालयको खेलकुद विकासमा ध्यान पुर्याउन आबश्य देखिन्छ । नेपालके संविधानकोबमोजिम स्थानीय तहले युवा तथा खेलकुदका लागि आवश्यक संरचना पूर्वाधार निर्माण सञ्चालन तथा विकासका कार्यक्रमहरू गर्ने प्रावधान रहेको छ । सोही अनुरूप स्थानीय सरकार सञ्चालन ऐन २०७४ को दफा ११ उपदफा ४ (क) मा गाँउ तथा गाउँपालिका को खेलकुद तथा पत्रपत्रिका सम्बन्धि अधिकार सुनिश्चित गरेको छ । गाँउ तथा गाउँपालिका अन्तरगत कार्यपालिका सचिवालयमा रहने विभिन्न विषयगत शाखा मध्य शिक्षा युवा तथा खेलकुद शाखाले नै युवा तथा खेलकुद सम्बन्धि प्रचलित ऐन नियम एवम् स्थानीय तहबाट निर्माण भई कार्यान्वयनमा आएका कार्यविधीहरू अनुरूप युवा तथ खेलुकदका निम्न कार्यहरू गर्ने व्यवस्था रहेको छ ।यस अन्तरगत स्थानीय तहले स्थानीयस्तरका खेलकुद संरचनाको पूर्वाधार निर्माण सञ्चालन तथा विकास, स्थानीयस्तरमा खेलकुद प्रशासन तथा सङ्ग-संस्थाको नियमन र समन्वय, खेलकुदको विकास र प्रबर्द्धन, खेलकुद प्रतियेगिता आयोजना र सहभागिता,खेलकुद सम्बन्धि पूर्वाधार विकास तथा सङ्घीय युवा तथा खेलकुद मन्त्रालयको युवा स्वरोजगार कार्यक्रमको कार्यान्वयनका लागि आवश्यक व्यवस्थापन गर्न पहल गरिने जस्ता विषयहरू उल्लेख गरेको छ ।

यसै सन्दर्भमा सिद्ध कुमाख गाउँपालिकाको विद्यालय तथा युवाहरूले खेलकुद कार्यक्रमहरूलाई शिक्षा युवा तथा खेलकुद शाखामार्फत शिक्षा समितिले संयोजन गर्दै आएकोछ । यस अन्तरगत विद्यालयस्तरका अन्तरविद्यालय खेलकुद सञ्चालन, राष्ट्रपति रनिङ शिल्ड, अध्यक्ष कप तथा अतिरिक्त जस्ता कार्यक्रमहरू सञ्चालन गरिरहेको छ ।प्रतियोगिताको लागि आवश्यक अन्तर्विद्यालय खेलकुद प्रतियोगिता कार्यक्रम तथा युवा खेलकूलका लागि खेलकुद सामग्री र आवश्यक स्रोत व्यवस्थापन गर्दै आएकोछ ।विद्यालय तहमा खेलकुद विकासका लागि विभिन्न खेल सामग्रीहरूको वितरण र सहयोग भए तापनि खेल प्रशिक्षकको व्यवस्थापन तथा खेलकुदका गतिविधीहरू प्रभावकारी रूपमा बढाउन अति आवश्यक देखिन्छ । विद्यालय तहमा नै विभिन्न खेलमा बालबालिकालाई अभ्यस्त बनाइ उनीहरूलाई खेलकुदमा सक्षम र प्रतिस्पर्धी बनाउन यस गाउँपालिका निरन्तर रूपमा लाग्न पर्ने देखिन्छ ।

### ५.२.२ उद्देश्य

- स्थानीयस्तरका खेलकुद संरचनाको पूर्वाधार निर्माण सञ्चालन तथा विकास गरी खेलकुदको विकास र प्रबर्द्धन गर्नु ,
- स्थानीयस्तरमा खेलकुद प्रशासन तथा सङ्घसंस्थाको नियमन र समन्वय गर्नु तथा खेलकुद प्रतियेगिता आयोजना र सहभागिता सुनिश्चित गर्नु ,
- विद्यालयस्तरमा विविध प्रकारका खेलकुद प्रतियोगिता सञ्चालन व्यवस्थापन एवम् राष्ट्रपति रनिङ्ग शिल्ड र अध्यक्ष कप तथा अतिरिक्त प्रतियोगिताको लागि तयारी गर्नु ,

- युवा स्वरोजगार सम्बन्धि तालिम तथा रोजगार व्यवस्थापन गर्नु ,

५.२.३ रणनीतिहरू

- गाउँपालिका क्षेत्रमा खेलकुद समिति गठन र परिचालन गर्ने,
- खेलकुद संरचनाका लागि पूर्वाधार निर्माण गर्ने ।
- खेलकुदको सञ्चालन र विकास गर्ने,
- स्थानीयस्तरमा खेलकुद सम्बन्धि सङ्घ प्रदेश र गैससहरूको समन्वय र सहकार्य गर्ने ।
- सङ्घ र प्रदेशबाट जारी खेलकुद सम्बन्धि कानुनको अधिनमा रही कार्यविधी निर्माण र कार्यान्वयन गर्ने,
- विद्यालय तथा युवास्तरका खेलकुद प्रतियोगिता आयोजना र सहभागिता सुनिश्चित गर्ने,
- गाउँपालिकामार्फत आयोजना तथा सहभागिता हुने खेलकुद कार्यक्रममा आवश्यक सामग्री तथा स्रोतको व्यवस्थापन गर्ने,
- युवा स्वरोजगार कार्यक्रम कार्यान्वयन मा साझेदारी विकास गर्ने,

५.२.४ मुख्य उपलब्धि, र नतिजा

उपलब्धि

विद्यालयस्तरका विद्यार्थी तथा समुदायस्तरका युवाहरूलाई खेलकुद प्रति उत्प्रेरित गर्दै सक्रिय सहभागिता र प्रतिस्पर्धाको विकास भएको हुने,

नतिजा

क) गाउँपालिका स्तरमा विभिन्न खेल सम्बन्धि सहजकर्ता तथा सहभागि तयार भएको हुने,

ख) खेलकूलका लागि पूर्वाधारको निर्माण र व्यवस्थापन भएको हुने,

ग) खेलकुद सम्बन्धि स्थानीय नीति तथा कार्यविधीहरू तयारी र कार्यान्वयन भएको हुने,

घ) खेलकुद सम्बन्धमा जिल्ला तथा प्रदेशस्तरका निकायसँग समन्वय र सहकार्य भएको हुने,

ङ) खेलकुदको विकास र प्रबर्द्धन सम्बन्धमा विद्यार्थी र युवाहरूलाई अभिमुखीकरण भएको हुने ।

च) विभिन्न खेलहरूमा उत्कृष्ट खेलाडी तथा प्रशिक्षकहरूलाई सम्मान भएको हुने,

छ) युवा स्वरोजगार कार्यक्रम कार्यान्वयन भएको हुने,

### ५.२.५ प्रमुख क्रियाकलाप तथा परिमाणात्मक लक्ष्यः

| क्र.सं. | प्रमुख क्रियाकलाप | एकाइ | लक्ष्य | परिमाणात्मक लक्ष्य ५ वर्ष | | | | | जम्मा | भौतिक लक्ष्य १० वर्ष |
|---|---|---|---|---|---|---|---|---|---|---|
| | | | | २०८१ | २०८२ | २०८३ | २०८४ | २०८५ | | |
| १ | स्थानीयस्तरको खेलकुदको विकासका लागि कार्यविधि तथा संरचना विकास | पटक | १ | ० | १ | ० | ० | ० | १ | निरन्तर |
| २ | विभिन्न खेलकुद सम्बन्धि निकायहरूसँग सहकार्य र समन्वय | पटक | ५ | १ | १ | १ | १ | १ | ५ | निरन्तर |
| ३ | विद्यालय तथा अन्तर विद्यालय खेलकुद प्रतियोगिता | पटक | ५ | १ | १ | १ | १ | १ | ५ | निरन्तर |
| ४ | समुदायस्तरमा युवा खेलकुद प्रतियोगिता | पटक | ५ | १ | १ | १ | १ | १ | ५ | निरन्तर |
| ५ | युवा लक्षित क्षमता विकास तालिम सञ्चालन | पटक | ५ | ० | १ | १ | १ | १ | ४ | १ |
| ६ | खेलकुद सामग्री व्यवस्थापन र वितरण | पटक | ५ | १ | १ | १ | १ | १ | ५ | निरन्तर |
| ७ | उत्कृष्ट खेलाडी तथा प्रशिक्षकहरूलाई सम्मान | पटक | ५ | १ | १ | १ | १ | १ | ५ | निरन्तर |
| ८ | पालिकामार्फत विद्यालयमा खेलकुद प्रशिक्षकको व्यवस्थापन | जना | ६ | २ | २ | ० | २ | ० | ६ | निरन्तर |
| ९ | अध्यक्ष कप सञ्चालन | पटक | ५ | १ | १ | १ | १ | १ | ५ | निरन्तर |

## परिच्छेद- ६ : सुशासन तथा व्यवस्थापन

### ६.१ शिक्षाको व्यवस्थापन तथा संस्थागत क्षमता विकास

### ६.१.१ वर्तमान अवस्था

शिक्षा पद्धतिमा पारदर्शिता, जवाफदेहीता, कानुनको शासन, उत्तरदायीत्व, सहभागिता, समानता र समावेशीता, प्रभावकारीता र दक्षता, निष्ठा लगायतका बिषयहरूलाई प्रभावकारी रूपमा कार्यान्वन का साथै कानुनि अधारमा रहि सही निर्णय गर्ने प्रकृयालाई सुशासन भनेर बुझिन्छ । सुशासन तथा व्यवस्थापनमा संरचना तथा प्रक्रिया दुवै पर्दछन् । विद्यालय क्षेत्रमा सुशासन तथा व्यवस्थापन प्रभावकारी राख्ने उद्देश्यले सबै विद्यालयलाई समुदायमा हस्तान्तरण गरिएको छ । प्रभावकारी सुशासन र व्यवस्थापनले शिक्षा क्षेत्रमा सुधार ल्याउनका साथै बालबालिकाको सहभागिता र सिकाइमा सुधार गर्न आवश्यक संरचना निर्माण, योजना तर्जुमा र कार्यन्वयनमा महत्वपूर्ण भूमिका खेल्दछ । यस्ता संरचना तथा कार्य प्रक्रियाहरूले सहभागिता तथा सहमतिमा निर्णय गर्नु तथा निर्णय कार्यान्वयन गर्नु, निश्चित दृष्टिकोण वा उद्देश्यमा आधारित हुनु, कार्यसम्पादनमा प्राथमिकता दिई उत्तरदायी हुनु, कार्यसम्पादनमा प्रभावकारिता तथा कार्यकुशलता कायम गर्नु, विद्यार्थीको सिकाइप्रति जवाफदेही भई पारदर्शी हुनु र विधिको सर्वोच्चता तथा समतालाई प्रोत्साहन गर्नु ले सुशासनको प्रत्याभूति गराउन मद्दत गर्दछ ।सुशासन र प्रभावकारी व्यवस्थापन गर्न स्थानीय सरकार र स्वयम् विद्यालयमा अधिकार विकेन्द्रीकृत गरेको छ । शैक्षिक सुशासन स्थापना गर्न स्थानीय सरकार, विद्यालय तथा समुदाय, गैरसरकारी निकाय तथा विकास साझेदारहरूको भूमिका रहनका साथै स्रोत साधनको उचित व्यवस्थापन संस्थागत क्षमता विकासमा पनि योगदान रहन्छ । सुशासनले आर्थिक पारदर्शीता, निति तथा योजना निर्माण प्रकृया विद्यालय सञ्चालन पद्दति निर्णायक निकाय आदिलाई समेट्दछ । सुशासन हासिल गर्नका लागि आवश्यक संस्थागत संरचना सहित क्षमता विकास, योजना कार्यान्वयनको जिम्मेवारी सहितको प्रबन्ध र उपयुक्त अनुगमन तथा मूल्याङ्कन प्रणाली स्थापित गर्नु पर्दछ।

नेपालमा आर्थिक सुशासन तथा व्यवस्थापन गर्न आर्थिक ऐन २०७७ आर्थिक कार्यविधि तथा बितिय उत्तरदायित्व ऐन २०७६ र लेखा परीक्षण ऐन तथा कार्यविधि समेत जारी भएको छ । विद्यालयको हकमा अर्थिक सुशासन कायम गर्न शिक्षा ऐन २०२८ मा अनिवार्य सामाजिक लेखापरीक्षण गर्नुपर्ने ब्यवस्था छ ।विद्यालय सञ्चालन पद्दति र निर्णय प्रकृयामा विद्यालय व्यवस्थापन समिति समेत रहने व्यवस्था छ । स्थानीय सरकारका अधिकार तथा दायित्व बमोजिम स्थानीय सरकार सञ्चाल ऐन २०७४, नेपालका सविधान, शिक्षा निति लगायतको आधारमा स्थानीय तहले पनि नीति निर्माण गर्ने, शैक्षिक कार्यविधीहरू तयार गर्ने तथा शिक्षासँग सम्बन्धित विभन्न कार्यक्रमहरू र बजेट तय गरी कार्यान्वयन गर्नु पर्दछ । यसै गरी नियमित रूपमा लेखा परीक्षण, सामाजिक परीक्षण, अनुगमन तथा मूल्याङ्कन जस्ता कार्य गर्नुपर्दछ ।

सिद्ध कुमाख गाउँपालिकामा शिक्षा, युवा तथा खेलकुद शाखा अन्तर्गत २ जना कर्मचारी रहेका छन्। गाउँपालिकामा पालिका प्रमुखको नेतृत्वमा गाउँ शिक्षा समिति तथा वडा तहमा वडा शिक्षा समितिहरू रही कार्यान्वयनमा रहेका छन् ।सिद्ध कुमाख गाउँपालिकाले सिद्ध कुमाख गाउँपालिका शिक्षा ऐन २०७४, र नियमावली, २०७४, ।सिद्ध कुमाख गाउँपालिका सामुदायक शिक्षक अनुदान कार्यविधि २०८०, सिद्ध कुमाख गाउँपालिका शिक्षक दरबन्दी मिलान तथा पदस्थापना कार्यविधी २०८०, सिद्ध कुमाख गाउँ पालिका छात्रवृत्ति कार्यविधी २०७७, अध्यक्ष कप प्रतियोगिता सञ्चालन कार्यविधि २०८०, बाल अधिकार संरक्षण तथा प्रबोधन

सम्बन्धी कार्य विधी २०८० तयार गरी कार्यान्वयन गरिरहेको छ । यसका साथै हरेक वर्ष शिक्षा क्षेत्रको बजेट तथा कार्यक्रम र नीति निर्माण गर्ने तथा कार्यान्वयन गर्ने गरेको छ ।

गत आर्थिक वर्षमा सिद्ध कुमाख गाउँपालिका सबै तहका विद्यालयले लेखापरीक्षण, सामाजिक परीक्षण तथा विद्यालय सुधार योजनाको अध्यावधिक  सम्पन्न गरेका छन् ।सिद्ध कुमाख गाउँपालिका कुनै पनि विद्यालयमा गुनासो सुनुवाइ सयन्त्रको व्यवस्था छैन । सुशासन कायम गर्नका लागि विद्यालयमा सूचना अधिकारि माध्यमिक तहका केही विद्यालयमा, लैङ्गिक सम्पर्क व्यक्ति कुनै पनि विद्यालयमा नरहेकोले मा.वि. विद्यालयमा सुशासनका लागि सयन्त्रहरू विकास गर्नुपर्ने देखिन्छ । विद्यालयहरूमा रहेका वि. .व्य.स.को बैठक औषत रूपमा ४ पटक, शि .अ .स .को बैठक २ पटक, शिक्षक कर्मचारीको बैठक ८ पटक भएको देखिन्छ । विगतका शैक्षिक सत्रहरूमा भन्दा निरन्तर सुधार भएको अवस्था छ । यसै गरी विद्यालयका गतिविधिहरूको बारेमा जानकारी गराउनका लागि सार्वजनिक सुनुवाइ गर्ने गरेका छन् साथै सार्वजनिक सुनुवाइ पश्चात मात्र बजेट निकास गर्ने परिपाटीको विकास भएको छ । समग्रमा पालिकाको शैक्षिक सुशासनका लागि पालिका तहमा शैक्षिक वहस गर्न तथा शैक्षिक संस्थाहरूको थप क्षमता विकास र नियन्त्रण गर्न आवश्यक देखिन्छ । विशेष गरी विद्यालय व्यवस्थापन समिति र शिक्षक अभिभावक सङ्घ लगायतका संस्थाहरूको क्षमता विकास गरी उनीहरूको काम कर्तव्यसँग सम्बन्धित विषयहरूमा क्षमता विकास र परिचालन गर्न सकेमा सुशासन कायमा गर्न मद्दत पर्दछ ।

६.१.२ उद्देश्य

क) शैक्षिक सुशासन तथा प्रभावकारी व्यवस्थापन गर्न शैक्षिक नीति, कार्यविधी, कार्यक्रमहरू तय गर्नु तथा संस्थागत क्षमता विकास गर्नु ,

ख) विद्यालयका दक्ष जनशक्ति व्यवस्थापनका लागि संस्थागत क्षमता विकास गर्नुका साथै भौतिक तथा सांङ्गठनिक संरचनाको निर्माण गर्ने र संयन्त्रको क्षमता अभिवृद्धि गर्नमा जोड दिने साथै स्रोत साधनको व्यवस्थापनमा जोड दिने।

ग) विद्यालयमा सुशासन स्थापना गर्न सहअस्तित्व र सहकार्यको प्रत्याभूतिका लागि संयन्त्र र संस्थागत रूपमा समन्वय गर्दै प्रबिधिलाई समेत प्रयोगमा ल्याउनु

घ) विद्यार्थीको सिकाइ उपलब्धिको न्यून नतिजा सम्बोधनको लागि स्थानीय तहमा गुणस्तर अभिवृद्धि गर्न संरचना र जनशक्तिको व्यवस्था गर्नु साथै स्रोत व्यवस्थापन गर्नु ,

ङ) शैक्षिक क्षेत्रमा असल शासन कायम गर्न निरन्तर रूपमा सामाजिक परीक्षण, लेखा परीक्षण, गुनासो सुनुवाइ जस्ता संयन्त्रहरूको स्थापना तथा क्षमता विकास र परिचालन कार्य प्रभावकारी रूपमा गर्नु ,

च) कार्यसम्पादन प्रति उत्तरदायी तथा नतिजा प्रतिको जवाफदेही र विद्यालयको निर्णय प्रकृयामा समता तथा समावेशीतालाई प्रोत्साहन गरी शिक्षामा सुशासन व्यवस्था गर्नु ,

### ६.१.३ रणनीतिहरू

(क) शैक्षिक व्यवस्थापनलाई प्रभावकारी रूपमा कार्यान्वयन गर्न विभिन्न नीति तथा कार्यबिधि निर्माण गरिने र प्रभावकारी रूपमा कार्यान्वयन गर्ने साथै संस्थागत क्षमता विकासको लागि नीति तथा निर्देशिका तयार गर्ने,

(ख) संस्थागत संरचना बमोजिमको जनशक्तिको व्यवस्थापन तथा क्षमता विकास गर्ने साथै विद्यालयको निर्णय प्रकृयामा समता तथा समावेशीतालाई प्रोत्साहन गर्ने,

(ग) विद्यार्थीको सिकाइ उपलब्धिको न्यून नतिजा सम्बोधनको लागि स्थानीय तहमा गुणस्तर अभिवृद्धि गर्न भौतिक तथा सांङ्गठनिक संरचनाको सुधार गर्ने र पर्याप्त र तालिमप्राप्त जनशक्तिको व्यवस्थापनमा जोड दिने,

(घ) विद्यालय व्यवस्थापन समिति, शि.अ.स, प्रधानाध्यापकको क्षमता विकास र थप जिम्मेवार बनाउने तथा परिचालन र प्रोत्साहन गर्ने,

## ६.१.४ प्रमुख उपलब्धि र नतिजा

*उपलब्धि*

शिक्षामा संस्थागत विकास सुशासन प्रबर्द्धनले शैक्षिक निकाय तथा विद्यालयमा सुशासन प्रबर्द्धन भई विद्यालयको सेवा तथा बालबालिकाको सिकाइको गुणस्तरका साथै समावेसी शिक्षा प्रणालीमा विकास भएको हुने र संस्थागत क्षमता अभिवृद्धि भई परिचालित भएको हुने,

***प्रमुख नतिजाहरू***

*(क)* गाउँपालिकाले शिक्षासँग सम्बन्धित विभिन्न नीति तथा कार्य विधिहरू तय गरी प्रभावकारी रूपमा कार्यान्वयन गरेको हुनेछ ।

*(ख)* शिक्षाका संरचनाबमोजिमको जनशक्ति व्यवस्थापन र क्षमता विकास भै परिचालन भएको हुने,

*(ग)* शिक्षाका संस्थागत सयन्त्रहरूको क्षमता विकास भई प्रधानाध्यापक, विद्यालय व्यवस्थापन समिति, शिक्षक अभिभावक सङ्घ, क्लबबाल क्लब लगायतले जिम्मेवारीबोध भएको हुने र सुशासन कायम भएको हुने,

*(घ)* प्रभावकारी रूपमा आवश्यक स्रोत व्यवस्थापन र परिचालन तथा प्रभावकारी कार्य सम्पादन भएको हुनेछ ।

**नतिजा तथा परिमाणात्मक लक्ष्य**

| क्र.सं. | सूचक | आधार वर्ष २०८१ | २०८२ | २०८३ | २०८४ | २०८५ |
|---|---|---|---|---|---|---|
| १ | शिक्षा ऐन, नीति निर्माण र परिमार्जन तथा अन्य कार्यविधिहरू निर्माण | १ | १ | १ | १ | १ |
| २ | सामाजिक परीक्षण | २८ | २८ | २८ | २८ | २८ |
| ३ | लेखा परीक्षण | २८ | २८ | २८ | २८ | २८ |
| ४ | विद्यालय सुधार योजना | २३ | २३ | २३ | २३ | २३ |
| ५ | विव्यसको बैठक शिअसको बैठक | पटक | १२ | १२ | १२ | १२ |

६.१.५ प्रमुख क्रियाकलाप तथा परिमाणात्मक लक्ष्य :

| क.सं. | प्रमुख क्रियाकलाप | एकाइ | लक्ष्य | परिमाणात्मक लक्ष्य ५ वर्ष | | | | | जम्मा | भौतिक लक्ष्य १० वर्ष |
|---|---|---|---|---|---|---|---|---|---|---|
| | | | | २०८१ | २०८२ | २०८३ | २०८४ | २०८५ | | |
| १ | शिक्षामा आबश्य थप नीति, मापदण्ड कार्यविधीहरूनिर्माण | पटक | २ | ० | १ | ० | १ | ० | २ | निरन्तर |
| २ | संस्थागत सुशासनका लागि क्षमता विकास | पटक | ५ | ० | १ | १ | १ | १ | ४ | १ |
| ३ | सबै विद्यालयको कार्यसम्पादन करार सम्झौता र स्वमूल्याङ्कन | विद्यालय | २८ | ० | २८ | २८ | २८ | २८ | २८ | निरन्तर |
| ४ | विद्यालय व्यवस्थापन समिति र शि अ स को क्षमता विकास (कार्यसम्पादनका लागि) | पटक | ५ | १ | १ | १ | १ | १ | ५ | निरन्तर |
| ५ | लेखा परीक्षण तथा सामाजिक परीक्षण तथा विद्यालय सुधार योजना अधावधिक, निर्माण र अभिमुखीकरण | विद्यालय | २३ | २३ | २३ | २३ | २३ | २३ | २३ | |
| ६ | गुनासो सुनुवाइ सयन्त्रको विकास र व्यवस्थापन | विद्यालय | २३ | ० | ६ | ११ | १५ | २३ | २३ | निरन्तर |
| ७ | विद्यालय बडापत्रको व्यवस्थापन | विद्यालय | २८ | ० | २८ | २८ | २८ | २८ | २८ | |
| ८ | बालिका तथा समावेशी सञ्जालको गठन तथा क्षमता विकास | पटक | ३ | १ | ० | १ | ० | १ | ३ | निरन्तर |

## ६.२ स्थानीय शिक्षा योजना कार्यान्वयनको प्रबन्ध

### ६.२.१ परिचय

सिद्ध कुमाख गाउँपालिकाको शिक्षा योजना कार्यान्वयनको प्रबन्ध अन्तर्गत वार्षिक योजना तथा बजेट तर्जुमा, क्रियाकलाप निर्धारण तथा कार्यान्वयन,वित्तीय व्यवस्थापन तथा अनुगमन र मूल्याङ्कन तथा योजना कार्यान्वयनका लागि आवश्यक संरचना,जनशक्ति,प्रक्रिया र जिम्मेवारी तथा उत्तरदायित्वहरू पर्दछन् । स्थानीय सरकार सञ्चालन ऐन, २०७४ ले स्थानीय सरकारलाई शिक्षाका २३ अधिकारहरू को व्यवस्थाको प्रभावकारी कार्यान्वनयका साथै, नेपाल सरकारले तय गरेका शिक्षा क्षेत्रको १० वर्षे विद्यालय शिक्षा क्षेत्र योजनाले तय गरेका लक्ष्यहरू पूरा गर्नका लागि र त्यसको कार्यान्वनयमा पनि स्थानीय सरकारले मुख्य भूमिका निर्वाह गरी स्थानीयकरण गर्नु आवश्यक रहेको छ ।यसर्थ सिद्ध कुमाख गाउँपालिकाले समग्र गाउँपालिकाको शैक्षिक विकास र परिवर्तनका लागि दीर्घकालिन सोच, लक्ष्य, उद्देश्य सहित शिक्षा योजनाको प्रभावकारी कार्यान्वयका लागि विभिन्न शैक्षिक नीतिको प्रभावकारी कार्यान्वयन तथा निमार्माण र परिमार्जमा ध्यान दिने गरी यो शिक्षा योजना निर्माण गरेको छ ।

सिद्ध कुमाख गाउँपालिकाले शिक्षा योजना कार्यान्वयनका लागि शिक्षा युवा तथा खेलकुद शाखाको अगुवाइ तथा शिक्षा समितको नेतृत्वदायी भूमिकामा शैक्षिक गतिबिधिहरू कार्यान्वयनमा रहेका छन् गाउँपालिकाले तयार गरेको नीति तथा कार्यक्रम र बजेटको प्रभावकारी कार्यान्वयनका लागि गाउँपालिका तहबाट शिक्षा युवा तथा खेलकुद शाखा तथा वडा तहमा वडा शिक्षा समिति र विद्यालय, वि.व्य.स, शि.अ.स लयातका संस्थाहरूमार्फत कार्यान्वयन भैरहेको छ । यसका अलावा प्रदेश तथा सङ्घको निर्देशन तथा सल्लाह सुझाव र समुन्वय भएर शैक्षिक गतिविधिहरू अगाडि बढेका छन् ।

### ६.२.२ उद्देश्यहरू

सिद्ध कुमाख गाउँपालिकाको शिक्षा योजना कार्यान्वयनका लागि निम्नानुसारका उद्देश्यहरू अवलम्बन गरिएको छ ।

क) शिक्षा योजनाको प्रभावकारी कार्यान्वयनको सुनिश्चितता गर्नु ,
ख) योजना कार्यान्वयनका लागि विभिन्न निकायसँगको समन्वय, सहकार्य तथा साझेदारी कायम गर्नु ,

### ६.२.३ रणनीतिहरू

शिक्षा योजनाको प्रभावकारी कार्यान्वयनका लागि लक्षित गरिएका उद्देश्यहरू परिपुर्ति गर्नका लागि निम्नानुसारका रणनीतिहरू अवलम्बन गरिएको छ ।

क) सङ्घीय तथा प्रदेश तहबाट वित्तीय हस्तान्तरणमार्फत प्राप्त सशर्त अनुदान तथा अन्य अनुदान र आफ्नै स्रोतको बजेट समेत सङ्लग्न गरी वार्षिक शिक्षा बजेट तथा कार्यक्रम तयार गर्ने,
ख) विद्यालयमा विद्यालय व्यवस्थापन समिति र शिक्षक अभिभावक सघ लगातयका संरचनाको गठन,पुनर्गठन गर्ने र विद्यालयलाई विद्यालय सुधार योजना निर्माण र कार्यान्वयनमा सहजीकरण गर्ने,
ग) कार्यक्रम कार्यान्वयनका लागि आवश्यकतानुसार कानुन,कार्यविधि तथा निर्देशिका विकास गर्ने,

घ) अभिभावक तथा सरोकारवालाहरूसँग अन्तरक्रिया तथा सहकार्य गर्न अभिभावक भेला तथा बैठकहरू आयोजना गर्ने सहकार्य तथा सहभागित बनाउने।

ङ) कार्यक्रम कार्यान्वयनको नियमित अनुगमन तथा सहजीकरण गरी विद्यालयमा कार्यक्रमहरू प्रभावकारी रूपमा कार्यान्वयन हुने सुनिश्चितताका साथै समस्या समाधानका लागि आवश्यक नीति निर्देशन तथा समन्वय गर्ने,

### ६.२.४ उपलब्धि, तथा नतिजा

उपलब्धिहरू तथा नतिजा

- शिक्षा योजनाको प्रभावकारी कार्यान्वयनको सुनिश्चितता भएको हुनेछ ।
- शिक्षा योजना कार्यान्वयनमा सरोकारवाला सबैको सहभागिता तथा सहकार्य बढेको हुनेछ ।
- शिक्षा योजनाले लिएका अपेक्षित उपलब्धिहरू हासिल भएको हुनेछन् ।

### ६.२.५ प्रमुख क्रियाकलापहरू तथा लक्ष्य

| क्र.सं. | प्रमुख क्रियाकलाप | एकाइ | लक्ष्य | परिमाणात्मक लक्ष्य ५ वर्ष | | | | | जम्मा | भौतिक लक्ष्य १० वर्ष |
|---|---|---|---|---|---|---|---|---|---|---|
| | | | | २०८१ | २०८२ | २०८३ | २०८४ | २०८५ | | |
| १ | वार्षिक बजेट तथा कार्यक्रम निर्माण | पटक | ५ | १ | १ | १ | १ | १ | ५ | |
| २ | शैक्षिक योजना कार्यान्वयनका लागि सहभागिता बढाउन शैक्षिक वहस तथा पैरवी र समन्वय | पटक | ५ | ० | १ | १ | १ | १ | ४ | १ |
| ३ | योजना कार्यान्वयनको लागि मार्गदर्शन तथा मापदण्ड तथा कार्यविधिहरु निर्माण तथा अध्यावधिक | पटक | १ | ० | १ | ० | ० | ० | १ | निरन्तर |
| ४ | विभिन्न निकायसँगको समन्वय र सञ्चार | पटक | ५ | १ | १ | १ | १ | १ | ५ | निरन्तर |
| ५ | योजना कार्यान्वयनको प्रभावकारीताका लागि विद्यालयमा अध्यक्ष र उपाध्यक्षसँग विद्यालय कार्यक्रम (कार्यविधी सहित) | पटक | ५ | ० | १ | १ | १ | १ | ४ | १ |
| ६ | शैक्षिक अन्तरक्रिया | पटक | ५ | १ | १ | १ | १ | १ | ५ | निरन्तर |

## परिच्छेद- ७ : लगानी स्रोत व्यवस्थापन

### ७.१ वर्तमान अवस्था

लगानी स्रोत र व्यवस्थापनले नै शैक्षिक योजनाको कार्यान्वयनका लागि महत्वपूर्ण भूमिका निर्वाह गर्ने भएकाले लगानीको सुनिश्चितता, विगतका लगानीका अभ्यासहरू, आगामी दिनका लगानीका सम्भावना र प्रक्षेपण लगायतका विषयमा गहन रूपमा अध्ययन तथा विश्लेषण गर्न जरूरी छ । शैक्षिक व्यवस्थापनका लागि हाल सङ्घीय अनुदान, प्रदेश सरकारको अनुदान तथा विभिन्न दातृ निकायको सहायता एव गाउँपालिकाको बिबिध स्रोतको परिचालनमार्फत लगानी स्रोत व्यवस्थापन भएको छ ।नेपाल सरकारको राष्ट्रिय आकाङ्क्षालाई मध्यनजर गर्दै नेपाल सरकारले पनि शिक्षा क्षेत्रमा लगानी अभिवृद्धि गरिरहेको छ साथै गाउँपालिकाले पनि शिक्षा क्षेत्रलाई प्राथमिकमा राखेर स्रोत विनियोजन गर्ने प्रयास गरेको छ ।सरकारले शिक्षामा कूल बजेटको २० प्रतिशत पुर्याउनु पर्ने गरी नीतिगत व्यवस्था पनि गरेको छ र यस अर्थमा सिद्ध कुमाख गाउँपालिकाको शिक्षा नीतिले पनि यस विषयलाई गहन रूपमा लिएको छ। शिक्षामा गरिने लगानीले समाजको आकाङ्क्षा, आवश्यकता, मान्यता र दिगो विकासको लक्ष्यको लागि कार्य गर्नु पर्दछ । संवैधानिक व्यवस्थाबमोजिम विद्यालय शिक्षा सञ्चालनको मूल जिम्मेवारी स्थानीय तहको भए तापनि शिक्षा साझा सूचीको विषय रहेकोले शिक्षाको वित्तीय व्यवस्थापनमा सङ्घ, प्रदेश र स्थानीय तहका साथै समुदाय र निजी क्षेत्रको समेत साझेदारी आवश्यकता पर्दछ ।शिक्षामा आवश्यक पर्ने स्रोत पहिचान गरी उपलब्ध स्रोतलाई एकीकृत गर्नु र उपयुक्त तरिकाले वितरण तथा उपयोग गर्नु शिक्षामा लगानीको प्रबन्धका लागि ध्यान दिनुपर्ने महत्वपूर्ण पक्ष हो । शिक्षामा आवश्यक पर्ने वित्तीय स्रोत जुटाउने, स्रोतको विनियोजन गर्ने, विनियोजित स्रोतको प्रवाह गर्ने र उपलब्ध स्रोतको उपयोग गर्ने भन्ने विषयमा ध्यान पुग्दछ ।

सिद्ध कुमाख गाउँपालिकाले पालिकाको शैक्षिक गतिविधिहरू सञ्चालनका लागि वार्षिक रूपमा नीति तथा कार्यक्रमहरूमा सामाजिक विकास र शिक्षालाई पनि जोड दिएर अगाडि बढेको छ ।सिद्ध कुमाख गाउँपालिकाले शिक्षा क्षेत्रलाई प्राथमिकतामा राखेर कार्य गर्ने प्रयास गरिरहेको छ । शिक्षा क्षेत्रको सुरधाका लागि गाउँपालिकाले विभिन्न शैक्षिक कार्यक्रम र नीतिहरू निर्माण गरेर कार्यान्वयन गरेको छ । प्रार्मभिक बालविकासका तथा शिक्षाका शिक्षकको तलब थप गर्ने तथा पालिका अनुदानमार्फत शिक्षक थप गरी शैक्षिक गतिविधी सहज बनाउन पनि पालिकाले बजेट विनियोजन गरेर अगाडि बढेको छ । पालिकाको कूल बजेटमा शिक्षा क्षेत्रको बजेट बढी देखिएको भए तापनि कूल बजेटको दुई तिहाई भाग शिक्षकको तलव तथा प्शासनिक खचर्मा लागनी हुने बाकी रहेको न्यून बजेटमा भौतिक पूर्वाधार र क्षमता विकास लगायतका क्षेत्रमा हुने भएकाले समग्रमा यो न्यून देखिन्छ । सिद्ध कुमाख गाउँपालिकाले क्षमता विकास तथा सुशासन लगायतका क्षेत्रमा बजेट विनियोजन गरी कार्यान्वयन गर्ने र स्रोत सुनिश्चित गर्ने कार्य प्रभावकारी रूपमा अगाडि बढाउन आवश्यक देखिन्छ । सिद्ध कुमाख गाउँपालिकामा सङ्घीय सरकार, प्रदेश सरकार र स्थानीय तहबाट शिक्षा क्षेत्रमा विनियोजन भएको आव २०८१।८२ को शैक्षिक कार्यक्रम तथा बजेट निम्नानुसार रहेको छ ।

सिद्ध कुमाख गाउँपालिका

गाउँ कार्यपालिकाको कार्यालय, सल्यान

कार्यालयको कोड : ८०६६०५०५३००

Budget appropriation in accordance with program / project

| आ.व. : २०८१/८२ अवधी : २०८१/०४/०१-२०८१/०८/०२ क्षेत्र :सामाजिक विकास उप क्षेत्र : शिक्षा | | | |
|---|---|---|---|
| क्र.सं. | कार्यक्रम/आयोजना/क्रियाकलापको नाम | स्रोत | विनियोजन |
| ८०६६०५०५१०१ सिद्ध कुमाख गाउँपालिका | | | |
| १ | आन्तरिक मुल्याङकन पुस्तिका तथा सामग्री छपाइ | राजस्व बाँडफाँड - सङ्घीय सरकार | २५०००० |
| २ | स्थानीय पाठ्यपुस्तक छपाइ | आन्तरिक स्रोत | ४००००० |
| ३ | गा।पा अनुदान शिक्षक पारिश्रमिकता | नेपाल सरकार - समानिकरण अनुदान | २०००००० |
| ४ | निःशुल्क शिक्षा अन्तर्गत विद्यालय सञ्चालन तथा व्यवस्थापन खर्च (परीक्षा सञ्चालन समेत) | आन्तरिक स्रोत | ७००००० |
| ५ | लोकसेवा आयोग परीक्षा तयारी कक्षा सञ्चालन | आन्तरिक स्रोत | ५००००० |
| ६ | विद्यालय प्र.अहरूका लागि नमुना विद्यालय भ्रमण कार्यक्रम | कर्णाली प्रदेश - समानिकरण अनुदान | २००००० |
| ७ | सामुदायिक विद्यालयका विद्यार्थीहरूका लागि अक्षर सुधार कार्यक्रम | आन्तरिक स्रोत | ३००००० |
| ८ | माध्यमिक तह (११-१२) सञ्चालन अनुदान (सम्बन्धित विद्यालयहरू) | आन्तरिक स्रोत | ५००००० |
| ९ | वडा शिक्षा समिति अनुगमन तथा बैठक भत्ता | राजस्व बाँडफाँड - सङ्घीय सरकार | ५०००० |
| १० | महेन्द्र आदर्श मा. वि खेलकुद तथा स्टेशनरी समान व्यवस्थापन | राजस्व बाँडफाँड - सङ्घीय सरकार | ५०००० |
| ११ | आधारभूत तह अन्तर विद्यालय प्रतियोगिता सञ्चालन | राजस्व बाँडफाँड - सङ्घीय सरकार | १००००० |
| १२ | हिमालय आ.वि डाँडाकटेरी फर्निचर व्यवस्थापन | नेपाल सरकार - समानिकरण अनुदान | १००००० |

| | | | |
|---|---|---|---|
| १३ | बालबालिकाका लागि विद्यालय स्तरिय अतिरिक्त क्रियाकलाप सञ्चालन | आन्तरिक स्रोत | ७८००० |
| १४ | विद्यालयहरूका लागि खेलकुद सामग्री खरिद | नेपाल सरकार - समानिकरण अनुदान | ३०००० |
| १५ | शिक्षा समिति र प्र.अ. बैठकको लागि भत्ता | कर्णाली प्रदेश - समानिकरण अनुदान | ३५०००० |
| १६ | शैक्षिक क्यालेण्डर २०८२ तयारी र छपाई | कर्णाली प्रदेश - समानिकरण अनुदान | ७५००० |
| १७ | शिक्षा योजना अध्यावधिक | कर्णाली प्रदेश - समानिकरण अनुदान | ५०००० |
| १८ | पालिका स्तरीय राष्ट्रपति रनिङ शिल्ड प्रतियोगिता | नेपाल सरकार - समानिकरण अनुदान | ७००००० |
| १९ | पालिका स्तरीय तहगत हाजिरी जवाफ प्रतियोगिता | राजस्व बाँडफाँड - सङ्घीय सरकार | १३५००० |
| २० | नमुना बालविकास केन्द्र स्थापना तथा व्यवस्थापन | नेपाल सरकार - समानिकरण अनुदान | ५५०००० |
| २१ | आधारभूत तह कक्षा ५ र ८ को परीक्षा सञ्चालन तथा व्यवस्थपन खर्च | नेपाल सरकार - समानिकरण अनुदान | ४००००० |
| २२ | एसइइ परीक्षामा सहभागी विद्यार्थिका लागी सीपमूलक तालिम | नेपाल सरकार - समानिकरण अनुदान | ११०००० |
| २३ | अध्यक्षकप खेलकुद प्रतियोगिता सञ्चालन | कर्णाली प्रदेश - समानिकरण अनुदान | ६००००० |
| २४ | पालिका स्तरिय कक्षा १-३ विद्यार्थि पठन सीप क्षमाता पहिचान प्रतियोगिता | नेपाल सरकार - समानिकरण अनुदान | १००००० |
| २५ | कक्षा ८ र १० मा उत्कृष्ठ नतिजा प्राप्त गर्ने १/१ जनालाई प्रोत्साहन कार्यक्रम | कर्णाली प्रदेश - समानिकरण अनुदान | ६५००० |
| २६ | जिल्ला स्तरीय राष्ट्रपति रनिङ शिल्ड प्रतियोगिता सहभागी खर्च | नेपाल सरकार - समानिकरण अनुदान | ४००००० |
| २७ | विद्यालय नर्सिङ कार्यक्रम | कर्णाली प्रदेश - समानिकरण अनुदान | २००००० |
| २८ | आधारभूत तहका स्वीकृत दरवन्दीका शिक्षक, राहत अनुदान शिक्षकका लागि तलब भत्ता अनुदान (विशेष | नेपाल सरकार - शसर्त अनुदान चालु | ४६५४६००० |

| | | | |
|---|---|---|---|
| | शिक्षा परिषद अन्तरगतका शिक्षक/कर्मचारीहरू समेत) | | |
| २९ | माध्यमिक तहका स्वीकृत दरवन्दीका शिक्षक, राहत अनुदान शिक्षक लागि तलब भत्ता अनुदान (विशेष शिक्षा परिषद अन्तरगतका शिक्षक/कर्मचारी,प्राविधिक धारका प्रशिक्षक समेत) | नेपाल सरकार - शसर्त अनुदान चालु | ८६७३००० |
| ३० | प्रारम्भिक बालविकास सहजकर्ताहरूको पारिश्रमिक तथा विद्यालय कर्मचारी व्यवस्थापन अनुदान | नेपाल सरकार - शसर्त अनुदान चालु | ७३८५००० |
| ३१ | आधारभूत तह (कक्षा ६-८) मा अंग्रेजी, गणित र विज्ञान विषयमा शिक्षण सहयोग अनुदान | नेपाल सरकार - शसर्त अनुदान चालु | १८४६००० |
| ३२ | माध्यमिक तह (कक्षा ९-१०) मा अंग्रेजी,गणित र विज्ञान विषयमा शिक्षण सहयोग अनुदान | नेपाल सरकार - शसर्त अनुदान चालु [ एस.इ.एस.पी. - सोधभर्ना हुने ऋण (बैदेशिक)] | ६३५८००० |
| ३३ | सार्वजनिक विद्यालयका विद्यार्थीहरूका लागि निःशुल्क पाठ्यपुस्तक अनुदान (स्थानीय विषय/मातृभाषाको समेत) | नेपाल सरकार - शसर्त अनुदान चालु [ एस.इ.एस.पी. - सोधभर्ना हुने ऋण (बैदेशिक)] | २४६०००० |
| ३४ | शैक्षिक सुशासनका लागि संस्थागत क्षमता विकास, विद्यार्थी परीक्षण मूल्याङ्कन, शिक्षक मेन्टरिङ तथा विद्यालय सुपरिवेक्षण | नेपाल सरकार - शसर्त अनुदान चालु | १०४६००० |
| ३५ | विपत् का समयमा सिकाइ निरन्तरताका लागि सिकाइ आपुरण तथा द्रुत सिकाइ योजना (ReAL) कार्यान्वयन | नेपाल सरकार - शसर्त अनुदान चालु [ एस.इ.एस.पी. - सोधभर्ना हुने ऋण (बैदेशिक)] | ४००००० |
| ३६ | प्रति विद्यार्थी लागतका आधारमा सिकाइ सामग्री तथा डिजिटल सिकाइ समाग्री व्यवस्थाका लागि विद्यालयलाइ अनुदान | नेपाल सरकार - शसर्त अनुदान चालु | २५०६००० |
| ३७ | तोकिएका विद्यार्थीको दिवा खाजाका लागि विद्यालयलाई अनुदान | नेपाल सरकार - शसर्त अनुदान चालु | ४१९६००० |
| ३८ | सामुदायिक विद्यालयका छात्राहरूलाई निःशुल्क स्यानिटरी प्याड व्यवस्थापन | नेपाल सरकार - शसर्त अनुदान चालु | ९९७००० |

| | | | |
|---|---|---|---|
| ३९ | शैक्षिक पहुँच सुनिश्चितता, अनौपचारिक तथा वैकल्पिक शिक्षा कार्यक्रम (परम्परागत विद्यालय, वैकल्पिक विद्यालय, साक्षरता र निरन्तर शिक्षाका कार्यक्रम समेत) | नेपाल सरकार - शसर्त अनुदान चालु | ५००००० |
| ४० | विद्यालय सञ्चालन तथा व्यवस्थापन अनुदान | नेपाल सरकार - शसर्त अनुदान चालु | २१३०००० |
| ४१ | विद्यालयमा शैक्षिक गुणस्तर सुदृढीकरण एवम् कार्यसम्पादनमा आधारित प्रोत्साहन अनुदान | नेपाल सरकार - शसर्त अनुदान चालु [ एस.इ.एस.पी. - सोधभर्ना हुने ऋण (बैदेशिक)] | १४०२००० |
| ४२ | सार्वजनिक विद्यालयमा अध्ययनरत विद्यार्थीहरूका लागि छात्रबृत्ति (आवासीय तथा गैरआवासीय) | नेपाल सरकार - शसर्त अनुदान चालु [ एस.इ.एस.पी. - सोधभर्ना अनुदान (बैदेशिक)] | ६२४००० |
| ४३ | विपन्न लक्षित छात्रवृत्तिकालागि छनौट भएका (कक्षा ६-१२ मा अध्ययनरत) विद्यार्थीका लागि छात्रवृत्ति | नेपाल सरकार - शसर्त अनुदान चालु | ६२८००० |
| कूल जम्मा | | | ११४६९०००० |

यस अन्तर्गत गाउँपलिकाबाट रू २५४२५०००।-, प्रदेश सरकारबाट रू १५४००००।— र सङ्घीय सरकारबाट रू ८७७२५०००।— विनियोजन भै कार्यान्वयनमा रहेको छ ।

## ७.२ उद्देश्य

क) योजना अवधिका लागि विद्यालय शिक्षामा आवश्यक स्रोतको प्रक्षेपण गर्नु ,

ख) लगानीको उपयोगको अवस्था जानकारी लिने विधि र प्रक्रिया उपयुक्त (प्रतिवेदन पद्धति) प्रस्तुत गर्नु र जवाफदेहीता स्पष्टा गर्नु ,

ग) योजना अवधिका लागि विद्यालय शिक्षामा आवश्यक स्रोतको प्रक्षेपण गर्नु ,

घ) विद्यालय शिक्षा सम्बन्धी पहिचान गरीएका कार्यक्रम कार्यान्वयनका लागि आवश्यक वित्तीय स्रोत पहिचान गर्नु ,

ङ) उपलब्ध सम्भावित स्रोतका आधारमा पहिचान गरीएका कार्यक्रमको प्राथमिकता निर्धारण गरी कार्यक्रमगत वजेट निर्धारण गर्नु ,

च) खर्चको प्रक्रिया, तिनै तहका सरकारको भूमिका र दायित्व स्पष्ट गर्नु ,

## ७.३ रणनीतिहरू

- विद्यालय शिक्षाको लागि कानुनमा तोकिए अनुसारको आर्थिक दायित्व तिनै तहका सरकारहरू बिचको लागत साझेदारीमा हुनेछ । यसका लागि कम्तीमा सङ्घीय सरकारको शिक्षा क्षेत्रको लगानीको अनुपातमा प्रदेश तथा स्थानीय सरकारले आ आफ्नो स्रोतबाट थप लगानी हुने अपेक्षा गरिने,
- शिक्षामा सरकारी अनुदान खर्चको जिम्मेवारी स्थानीय तहको भएकोले आफ्नो तह भित्रको लक्षित शैक्षिक पहुँच र सहभागिता एवम् गुणस्तर सुनिश्चित गर्न स्थानीय तहलाई जवाफदेही हुने पद्धति विकास गर्ने,
- सरकारबाट प्रदान गरिने स्रोतको उपयोग गर्ने प्रमुख एकाइ विद्यालय भएकाले लक्षित गुणस्तर सुनिश्चित गर्ने जवाफदेहीता विद्यालयको हुनेछ ।
- शिक्षामा तिनै तहका सरकारबाट कूल वजेटको वार्षिक रूपमा २० प्रतिशत पुर्याउने।
- सार्वजनिक सेवा, सामाजिक दायित्व वा सेवामूलक व्यवसायका रूपमा विकास गरिनेछ ।
- मापदण्डका आधारमा शिक्षामा नीजि तथा गैर सरकारी क्षेत्रको लगानीलाई प्रोत्साहन तथा प्रबर्द्धन गरिनेछ । भने निजी क्षेत्रले सार्वजनिक सेवा, सामाजिक दायित्व वा सेवामूलक व्यवसायका रूपमा रहने गरी विद्यालय शिक्षा सञ्चालन गर्न व्यवस्था गरिनेछ ।
- अवस्था र आवश्यकताका आधारमा समानीकरण, समपूरक, शसर्त र विशेष अनुदानको अवलम्बन र उपयोग गरिनेछ ।
- वित्तीय व्यवस्थापनमा क्षमतामा सुधार गरी ल वित्तीय कार्यकुशलता, पारदर्शिता, जिम्मेवारी र उत्तरदायित्वलाई थप सबल बनाइने छ ।

## ७.४ प्रमुख क्रियाकलापहरू र एकाइत्मक लक्ष्य

क्षेत्रगत रू

| **क्र स** | **प्रमुख क्रियाकलाप** | **लागत** | | | | |
|---|---|---|---|---|---|---|
| | | **२०८१** | **२०८२** | **२०८३** | **२०८४** | **२०८५** |
| १ | प्रारम्भिक बालविकासका र शिक्षा | ६१० | १९९५ | १९९५ | १९९५ | २०४५ |
| २ | आधारभूत तह | ६२० | १५२० | १५८० | १५९० | १७५० |
| ३ | माध्यमिक तह | ४९२.५ | १९४२.५ | १९७२.५ | १९९२.५ | १९९२.५ |

| | | | | | | |
|---|---|---|---|---|---|---|
| ४ | प्राविधिक तथा व्यवसायिक शिक्षा | ३३१० | ३३६० | ३५१० | ४७१० | ३९१० |
| ५ | अनौपचारिक शिक्षा र आजीवन सिकाइ | ५५० | १७५० | २११० | २२८० | २४५० |
| ६ | पाठ्यक्रम पाठ्यपुस्तक शिक्षण सिकाइ कार्यक्रम | ६५८५ | ६७०४ | ६६१९ | ६९३४ | ६९४९ |
| ७ | शिक्षक व्यवस्थापन | ९११०८ | ९१८४० | ९१६५० | ९१८६० | ९१६७० |
| ८ | शैक्षिक समता र समावेशीकरण | १२७२ | १५९० | १५२० | १५५५ | १६८५ |
| ९ | विद्यालय पोषण र स्वास्थ्य कार्यक्रम | ५२१८ | ५९९१ | ६५३१ | ७०५१ | ७५५१ |
| १० | विद्यालय विपत् व्यवस्थापन र उत्थानशिलता | ४०० | ८१० | ७८० | ८४० | ७०० |
| ११ | विद्यालय भौतिक पूर्वाधार | २४७२ | ४५५० | ४६०० | ४८५० | ५४०० |
| १२ | विद्यालय सूचना तथा सञ्चार प्रविधि | २० | १०३० | ११६० | १३६० | १४३० |
| १३ | सामुदायिक पुस्तकालय | ० | ५५० | ५० | ५५० | ५० |
| ९ | युवा तथा खेलकुद | १९२० | २६९० | २५६० | २६३० | २७४० |
| ११ | विद्यालय व्यवस्थापन र सुशासन | २१६० | २५४० | २३६० | २६०० | २३१० |
| ११ | योजना कार्यान्वयन | ४७५ | १८२५ | १७७५ | १८३० | १८३० |

| | | | | | | |
|---|---|---|---|---|---|---|
| १२ | अनुगमन तथा मूल्याङ्कन | २०० | ४५० | ४०० | ४०० | ७०० |
| ५ वर्षको जम्मा लागत अनुमान | | ११७४१३ | १३११३८ | १३११७३ | १३५०२८ | १३५१६३ |

लगानी स्रोत (रू हजारमा)

| क्र स | स्रोत | २०८१/८२ | २०८२/८३ | २०८३/८४ | २०८४/८५ | २०८५/८६ | कैफियत |
|---|---|---|---|---|---|---|---|
| १ | सङ्घीय सरकाबाट | ८७७२५ | ९८३५३.५ | ९७०६८.०२ | ९९९२०.७२ | ९८६६८.९९ | |
| २ | प्रदेश सरकारबाट | १५४० | २००० | २२०० | २५०० | ३००० | |
| ३ | गाउँपालिकाबाट | २५४२५ | २७७८५ | २८७०५ | २९२०७ | २९८९४ | |
| ४ | अन्य निकायबाट | २७२३ | ३००० | ३२०० | ३४०० | ३६०० | |
| | जम्मा | ११७४१३ | १३११३८ | १३११७३ | १३५०२८ | १३५१६३ | |

### ७.५ योजनाको वार्षिक बजेट तर्जमा प्रक्रिया

सिद्ध कुमाख वार्षिक रूपमा योजना तर्जुमा गर्ने प्रकृया बमोजिमनै शिक्षा क्षेत्रको वार्षिक कार्यक्रम तथा बजेट तयार गर्ने प्रकृया अवलम्बन गर्नेछ । यसका लागि सङ्घ तथा प्रदेश र स्थानीय तहको बजेट अनुमान र सिलिङका आधारमा कार्यक्रमहरू तय गरी अन्य सरोकारवालाहरूसँग पनि स्रोत खोजी गरी कार्यक्रम तय गर्ने र सेही बजोमिम वार्षिक योजनामा रहेका क्रियाकलापहरूलाई समावेश गर्दै कार्यान्वयन गिरनेछ ।

### ७.६ योजना कार्यान्वयनको लागि वार्षिक रणनीति कार्यान्वयन योजना निर्माण तथा कार्यान्वयन

सिद्ध कुमाख गाउँपालिकाले शिक्षा क्षेत्रको बजेट तथा कार्यक्रम कार्यान्वयनको लागि वार्षिक रणनीति कार्यान्वयन योजना निर्माण गरिनेछ । यसका लागि वार्षिक रूपमा प्राप्त बजेट तथा कार्यक्रमलाई प्राथमिकता अनुसार स्रोत

सुनिश्चित भए सोही वर्ष र नभए प्राथमिकताका आधारमा बजेट कार्यान्वयन रणनीति तय गरी कार्यानव्यन गर्ने र बजेटको प्रभावकारी कार्यानव्यन गरिनेछ ।

सिद्ध कुमाख गाउँपालिकाको १० वर्षे शिक्षा योजना

# परिच्छेद- ८ : अनुगमन तथा मूल्याङ्कन

## ८.१ वर्तमान अवस्था

विभिन्न योजना, नीति, कार्यक्रम तथा आयोजनाहरूमा भौतिक, आर्थिक, मानवीय, प्राविधिक र सूचना स्रोत र साधनको लगायतको परिचालन र व्यवस्थापन समुचित ढङ्गले कार्य योजना एवंम् कार्य तालिका अनुसार कार्यान्वयन भए नभएको र लक्षित प्रतिफल र अपेक्षित प्रभाव वा असर प्राप्त भएको भए नभएको निरन्तर वा आवधिक रूपमा निगरानी राख्ने, अभिलेखाङ्कन गर्ने र सञ्चार गर्ने कार्य अनुगमन हो । कार्यान्वयन गरिएका योजना, नीति, कार्यक्रम तथा आयोजनाहरू हालको समयमा के—कति सान्दर्भिक, लाभदायी प्रभावकारी छन्, तथा के—कस्ता उपलब्धि एवंम् प्रभावहरू हासिल भएका छन् भन्ने कुराको आन्तरिक र बाह्य मूल्याङ्कनकर्ताबाट उद्देश्यपूर्ण र व्यवस्थित तरिकाले लेखाजोखा गर्ने कार्य मूल्याङ्कन हो ।शैक्षिक कार्यक्रमहरूको कार्यान्वयन के कति भए र त्यसको लक्षित प्रतिफल योजना अनुरूप ठीक सँग भइरहेका छन् वा छैनन भनी निरन्तर र अद्यावधिक गरी निगरानी राख्ने कार्य शैक्षिक अनुगमन हो भने शैक्षिक कार्यक्रमको निर्धारित उद्देश्यको सन्दर्भमा त्यसका कार्यहरू कति सान्दर्भिक, सक्षम, लाभदायक र प्रभावकारी देखिएका छन् भन्नेबारे व्यवस्थित रूपबाट मापन गरी लेखाजेखा गर्ने कार्य शैक्षिक मूल्याङ्कन हो ।

मूल्याङ्कन प्रतिफल र प्रभावसँग बढी केन्द्रित हुन्छ । अनुगमन सामान्यतः कार्यक्रम कार्यान्वयनको चरणमा मात्र गरिन्छ भने मूल्याङ्कन कार्यक्रम सञ्चालनका चरणका साथै कार्यक्रम सञ्चालन पश्चात पनि गरिन्छ । मूल्याङ्कनबाट कार्यान्वयन गरिएका नीति, योजना, कार्यक्रम तथा आयोजनाहरू हालको समयमा के कति सान्दर्भिक, लाभदायी र प्रभावकारी तथा के कस्ता उपलब्धि एवम् प्रभावहरू हासिल भएका छन् र तिनको दिगोपनाका सम्बन्धमा आन्तरिक र वाह्य मूल्याङ्कनकर्ताबाट लेखाजोखा गराउन सहयोग पुग्दछ । शैक्षिक अनुगमन तथा मूल्याङ्कन पद्धति अनुसार शैक्षिक अनुगमन र मूल्याङ्कनको कार्य सङ्घमा शिक्षा, विज्ञान तथा प्रविधि मन्त्रालय र शिक्षा तथा मानव स्रोत विकास केन्द्र लगायतका निकायहरूबाट प्रदेश तहमा शिक्षा निर्देशनालय र स्थानीय तहमा शिक्षा युवा तथा खेलकुद शाखाबाट हुँदै आएको छ ।

शिक्षण प्रक्रियामा शिक्षकलाई स्थलगत प्राविधिक सहयोगका लागि प्रयासहरू भए तापनि स्पष्ट रूपमा शिक्षक पेसागत सहयोग प्रणालीको विकास भने भएको छैन । वार्षिक रूपमा शिक्षक क्षमता विकासका लागि विभिन्न किसिमका तालिमहरूको व्यवस्था भए तापनि उनीहरूलाई प्रभावकारी रूपमा सहायता पुग्ने किसिमले अनुगमन तथा सुपरिवेक्षणका सयन्त्रहरू विकास भएको छैन । गाउँपालिकाको शिक्षा युवा तथा खेलकुद शाखा तथा शिक्षा समितिबाट अनुगमन पटक पटक भएको छ भने यसलाई थप व्यवस्थित र संस्थागत गराउन अति आवश्यक देखिन्छ । वडा तहबाट वडा शिक्षा समिति र वडा कार्यपालिका तथा विभिन्न तहका शिक्षा समितिहरूबाट पनि नियमित रूपमा अनुगमन तथा मूल्याङ्कनका कार्यहरू हुन आवश्यक देखिन्छ । यसका साथै ऐन, नियम अनुसार कार्य भए नभएको लेखाजोख गर्ने, लक्ष्य तथा उद्देश्यका आधारमा प्रगति मापन गर्नेर क्षेत्रगत उद्देश्य तथा लक्ष्यमा भएको रणनीति तथा नीतिगत प्रवाहको मुल्याङकन गर्ने कार्यहरू नियमित रूपमा भैरहेका छन् ।

सिद्ध कुमाख गाउँपालिकाले आफ्नो सेवा क्षेत्र भित्रको शैक्षिक गतिविधिहरूको अनुगमन र मूल्याङ्कन गर्न समग्र गाउँपालिकाको अनुगमनका लागि गाउँपालिका उपाध्यक्षको नेतृत्वमा गठन भएको अनुगमन समितिले नै शैक्षिक गतिविधिहरूको अनुगमन र सुपरिवेक्षण गर्ने कार्य गरेको छ । शिक्षा समिति तथा विशेषज्ञ अनुगमन समितिमार्फत अनुगमन तथा मूल्याङ्कनका कार्य भने प्रभावकारी हुन सकेका छैनन् । गाउँ शिक्षा समितिले पनि यस स्थानीय तहमा रहेका शैक्षिक समस्याहरूको समाधान गर्ने र नियमित अनुगमन र मूल्याङ्कनलाई प्रभावकारी ढङ्गले अगाडि बढाउन विभिन्न कार्यक्रमहरू कार्यान्वयनमा ल्याएको छ । सिद्ध कुमाख गाउँपालिका क्षेत्रको समग्र शैक्षिक गतिविधिहरूको अनुगमन र मूल्याङ्कन गर्न एकिकृत प्रतिवेदन प्रणालीको विकास, सहभागीतात्मक तथा सामुहिक अनुगमन तथा मूल्याङ्कन प्रणालीको सुनिश्चितता र अनुगमन तथा मूल्याङ्कनमा सूचना तथा प्रविधिको उपयोग र व्यवस्थापन तथा विभिन्न तहबाट संयुक्त अनुगमन र अन्तरिक तथा बाह्य क्षेत्रबाट मूल्याङ्कन गर्ने कार्य प्रभावकारी रूपमा कार्यान्वयन गर्नु पर्ने देखिन्छ ।

कक्षा ४ देखि ९ सम्मको परीक्षाका लागि गाउँपालकाबाट नै प्रश्नपत्र तयार गरी परीक्षा सञ्चालन गरिएको छ भने कक्षा ८ को परीक्षा स्तरीकृत भएको छ । कक्षा ५ तथा अन्य तहमा पनि परीक्षा र मूल्याङ्कन पद्धतिमा सुधार ल्याउन आवश्यक देखिन्छ । आधारभूत तह उतीर्ण परीक्षाको जिम्मेवारी स्थानीय तहलाई भएकोले सो तहको नतिजामा आधारित मूल्याङ्कन हुने गरेको छ । अर्कोतर्फ शिक्षक सुपरीवेक्षण र पेसागत सहयोग तथा विद्यार्थी उपलब्धि परीक्षण लगायतका विषयहरूमा ठोस कार्यक्रम बनाइ अगाडि बढेको अवस्था छैन । यसै गरी गाउँपालिका बाट हुने विभिन्न शैक्षिक गतिविधिहरूको वार्षिक समीक्षा र मूल्याङ्कनका कार्य प्रभावकारी रूपमा गर्न अति आवश्यक देखिन्छ । सिद्ध कुमाख गाउँपालिकाले अनुगमन तथा मूल्याङ्कनको पक्षलाई चुस्त दुरूस्त बनाउनका लागि अनुगमन तथा मूल्याङ्कनको स्पष्ट रणनीति तय गरी अगाडि बढ्न पर्ने आवश्यकता देखिन्छ । गाउँपालिकाले निम्न अनुसारको अनुगमन प्रक्रिया अवलम्बन गर्ने गरी अनुगमन योजना तय गरेको छ ।

<table>
<tr><th>क्र.स.</th><th>अनुगमन गर्ने निकाय</th><th>अनुगमन प्रकृया</th><th>जिम्मेवारी</th><th>अनुगमन समय</th><th>अनुगमन सूचक</th></tr>
<tr><td>१</td><td>वडा शिक्षा समिति</td><td rowspan="5">अलवोकन निरीक्षण सुपरिवेक्षण,</td><td>संयोजक तथा सदस्य</td><td>द्विमासिक</td><td rowspan="5">आगन्तुक पुस्तिका , अनुगमन फारम</td></tr>
<tr><td>२</td><td>पालिका शिक्षा समिति</td><td>संयोजक तथा सदस्य</td><td>अर्धवार्षिक</td></tr>
<tr><td>३</td><td>वडा कार्यालय</td><td>वडा अध्यक्ष तथा पदाधिकारीहरू</td><td>समयानुकूल</td></tr>
<tr><td>४</td><td>गाउँपालिका</td><td>उपाध्यक्ष</td><td>अर्धवार्षिक</td></tr>
<tr><td>५</td><td>शिक्षा अधिकृत वा तोकिएको अधिकारी</td><td>शिक्षा शाखा प्रमुख वा प्रतिनिधी</td><td>आवश्यकतानुसार</td></tr>
</table>

| क्र.स. | अनुगमन गर्ने निकाय | अनुगमन प्रकृया | जिम्मेवारी | अनुगमन समय | अनुगमन सूचक |
|---|---|---|---|---|---|
| ६ | गाउँपालिका शिक्षा शाखा | | शिक्षा शाखा प्रमुख वा प्रतिनिधी | मासिक | |
| ७ | गाउँपालिकास्तरका विज्ञ समूह वा रोष्टर समूह | | संयोजक | त्रैमासिक | |
| ८ | वि.व्य. स. र शिक्षक अभिभावक सङ्घ | | पदाधिकारी | मासिक | |
| ९ | नागरिक समाज तथा गैर सरकारी सङ्घसंस्था | | जिम्मेवार व्यक्ति | समयानुकूल | |

सिद्ध कुमाख गाउँपालिकाको शैक्षिक गतिविधिहरूको प्रभावकारी कार्यान्वयनका लागि नियमित र व्यवस्थित अनुगमन तथा मूल्याङ्कन पद्धतिको विकासका साथै यो योजनाको प्रभावकारी कार्यान्वयनका निमित्त वार्षिक, मध्यावधी मूल्याङ्कन तथा अन्तिम मूल्याङ्कनको सुनिश्चितता हुनुपर्ने देखिन्छ ।

## ८.२ उद्देश्य

सिद्ध कुमाख गाउँपालिकाको शैक्षिक गतिविधिहरूको प्रभावकारी रूपमा कार्यान्वयन गर्न र अपेक्षित उपलब्धि हासिलका लागि ट्र्याकिङ गर्न निम्न लिखित उद्देश्यहरू अवलम्बन गरिएको छ ।

- अनुगमन तथा मूल्याङ्कन योजना अनुसारको अनुगमन तथा मुल्याङकन मापदण्ड र निर्देशिका तथा रणनीति तयार गरी कार्यान्वयन गर्नु ,
- प्रभावकारी तथा कुशल अनुगमन प्रणाली विकास र नतिजामा आधारित अनुगमन तथा मूल्याङ्कन प्रणाली बनाउनु
- शिक्षा योजना कार्यान्वयनका चरणमा आएका समस्या तथा चुनौतीहरूलाई समयमै सम्बोधन गरी अपेक्षित उपलब्धि हासिल गर्नु ,
- शिक्षा योजनाको लगानीदेखि प्रभाव तहसम्मको मूल्याङ्कन गरी शैक्षिक कार्यक्रमहरूको प्रभावकारी कार्यान्वयनमा पृष्टपोषण तथा सहयोग प्रदान गर्नु ,
- वार्षिक, मध्यावधी तथा अन्तिम मूल्याङ्कन गर्नु र अनुगमन तथा मूल्याङ्कन समिति तथा प्राविधिक समिति गठन गरी परिचालन गर्नु ,

## ८.३ रणनीतिहरू

- अनुगमन तथा मूल्याङकनका लागि विभिन्न अनुगमन तथा मूल्याङ्कन समितिहरू तथा प्राविधक समितिको निर्माण गरिनेछ र यसका लागि अनुगमन तथा मूल्याङ्कन रणनीति तथा कार्यविधी निर्माण र कार्यान्वयन गर्ने,
- कार्यक्रमको अनुगमन तथा मूल्याङ्कन र प्रतिवेदनका लागि एकिकृत शैक्षिक सूचना व्यवस्थापन प्रणाली प्रभावकारी रूपमा सञ्चालनमा ल्याउने,

- अनुगमन तथा मूल्याङ्कन प्रतिवेदन छिटो छरितो र व्यवस्थित बनाइनेछ र अनुगमन तथा मूल्याङ्कन प्रणाली नतिजामुखि बनाइने,
- कक्षाकोठामा सिकाइको अनुगमन, कार्यस्थलमा आधारित अनुगमन, मूल्याङ्कन तथा सुपरिवेक्षण र प्रतिवेदन प्रणालीको विकास गर्ने,
- विद्यालयको शिक्षक पेसागत सहयोग र सुपरिवेक्षण संयन्त्रको विकास र सुदृढीकरण गर्ने, यसक लागि अनुगमन तथा मूल्याङ्कनमा प्रभावकारी समन्वय र सञ्चार प्रणालीको विकास गरिनेछ ।
- जनप्रतिनिधिहरूलाई योजनाको अनुगमन तथा मूल्याङकनको कार्यमा प्रभावकारी रूपमा सहभागी गराइनेछ,
- शिक्षण सिकाइको अनुगमन सुपरीवेक्षण, मूल्याङ्कन, सहजीकरण प्रणालीलाई व्यवस्थित गरिने र सुद्धृढ बनाइनेछ ।
- शैक्षिक योजना तथा कार्यक्रमको नियमित, वार्षिक, अद्यावधिक, मद्यावधिक र अन्तिम मूल्याड्कन प्रणाली स्थापित गरिनेछ यसका लागि पालिका अध्यक्षको संरक्षकत्वमा र पालिका उपाध्यक्षको संयोजकत्वमा वार्षिक, मध्यावधी र अन्तिम मूल्याङ्कन गर्ने,

### ८.४ उपलब्धि तथा नतिजा

माथिका रणनीतिहरूको कार्यान्वयन पश्चात निम्नबमोजिमका उपलब्धिहरू हासिल भएको हुने,

- अनुगमन, मूल्याड्कन, समन्वय र सहजीकरणका माध्यमले योजनाका चुनौतिहरू समाधान भई अपेक्षित उपलब्धि हासिल हुने,
- अनुगमन र मूल्याड्कनमा संस्थागत संरचना निर्माण र क्षमता विकास भएको हुने,
- अनुगमन, मूल्याड्कन, समन्वय र सहजीकरणका माध्यमले नतिजामा सुधार हुने,
- शैक्षिक योजनाको प्रभावकारी रूपमा कार्यान्वयन भई समग्रमा विद्यार्थीहरूको शैक्षिक उपलब्धि सुधार भएको हुने,
- समन्वय र सहजीकरणले कार्य क्षमतामा कुशलता ल्याउने,

## ८.५ प्रमुख क्रियाकलाप र लक्ष्यः

| क्र.सं. | प्रमुख क्रियाकलाप | एकाइ | लक्ष्य | परिमाणात्मक लक्ष्य ५ वर्ष | | | | | जम्मा | भौतिक लक्ष्य १० वर्ष |
|---|---|---|---|---|---|---|---|---|---|---|
| | | | | २०८१ | २०८२ | २०८३ | २०८४ | २०८५ | | |
| १ | अनुगमन मूल्याङ्कन रणनीति, साधन तथा सूचक निर्माण | पटक | २ | | १ | | | | १ | |
| २ | नियमित अनुगमन | पटक | २० | ४ | ४ | ४ | ४ | ४ | २० | निरन्तर |
| ३ | संयुक्त अनुगमन अर्धवार्षिक | पटक | १० | १ | २ | २ | २ | २ | ९ | १ |
| ४ | बार्षक प्रतिवेदन तयारी तथा समीक्षा | पटक | ५ | १ | १ | १ | १ | १ | ५ | निरन्तर |
| ५ | मध्यावधि मूल्याङ्कन | पटक | ५ | १ | १ | १ | १ | १ | ५ | |
| ६ | अन्तिम मूल्याङ्कन | पटक | | | | | | | १ | |
| ७ | विज्ञ समूहबाट मुल्याङंकन ( विज्ञ समुह र शिक्षा शाखा) | पटक | ५ | १ | १ | १ | १ | १ | 5 | |
| ८ | शिक्षा समितिको अनुगमन (वडा तथा पालिका) | पटक | २० | २ | ४ | ४ | ४ | ४ | १८ | २ |